सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ भदौ २०८०, आइतबार (10 Sep 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अमेरिका र रुसलाई मनाएर जी-२० घोषणापत्र

■ घोषणापत्र मुख्यत: बलियो, दिगो, सन्तुलित र समावेशी वृद्धि, दिगो विकास लक्ष्यमा प्रगतिको गति, दिगो भविष्यका लागि हरित विकास सम्झौता, २१औँ शताब्दीका लागि बहुपक्षीय संस्थाहरू र बहुपक्षवादलाई पुनर्जीवित गर्नेमा केन्द्रित छ। जी-२० राष्ट्रहरूले २०३० सम्ममा नवीकरणीय ऊर्जाका स्रोतलाई तीन गुणा बढाउने प्रतिबद्धता जनाएका छन्।

■ युरोपेली मुलुक र अमेरिकाले जी-२० लाई रुसको निन्दा गर्न दबाब दिए पनि घोषणापत्रमा प्रत्यक्ष आलोचना छैन। घोषणापत्रमा भनिएको छ, 'संयुक्त राष्ट्रसंघको घोषणापत्रअनुसार कुनै पनि राज्यलाई कसैको क्षेत्रीय अखण्डता र सम्प्रभुता वा उसको राजनीतिक स्वतन्त्रताको विरुद्ध क्षेत्रीय आक्रमणको धम्की वा बल प्रयोग गर्नबाट बच्नुपर्दछ। परमाणु हतियारको प्रयोग वा यसको चेतावनी अस्वीकार्य छ।'



जी-२० शिखर सम्मेलनमा सदस्य राष्ट्रहरू भारत, अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, चीन, फ्रान्स, जर्मनी, इन्डोनेसिया, इटली, जापान, दक्षिण कोरिया, मेक्सिको, रुस, साउदी अरेबिया, दक्षिण अफ्रिका, टर्की, बेलायत, अमेरिका र युरोपियन युनियनका प्रतिनिधि। यो सम्मेलनले अफ्रिकन युनियनलाई पनि जी-२० को स्थायी सदस्यका रूपमा सामेल गराएको छ। तस्बिर : एएफपी/रासस

नयाँदिल्लीबाट **पर्शुराम काफ्ले**

नयाँदिल्लीमा शनिबार सुरु भएको जी-२० शिखर सम्मेलनले 'जी-२० लिडर्स घोषणापत्र' जारी गरेको छ। युक्रेनमा जारी युद्ध र जलवायु परिवर्तनसँग जुध्ने विषयका मतभिन्नता थप नखोतल्ने र सकेसम्म आर्थिक र जलवायु परिवर्तनका विषयमा सहमति जुटाउन जी-२० देशका शीर्ष नेता सहमत भएका हुन्।

युरोपेली मुलुक र अमेरिकाले जी-२० घोषणापत्रमा रुसको निन्दा गर्नुपर्ने लबिङ गरेका थिए। तर, त्यसो भएमा रुससमेत सहभागी भएको विश्वको ठूलो बहुपक्षीय मञ्चमा घोषणापत्र जारी नहुने अवस्था आउने थियो। विशेषत: भारतीय विदेशमन्त्री डा. एस जयशंकरको प्रयासमा सहमति जुटेको घोषणापत्रमा रुसको प्रत्यक्ष आलोचना गरिएको छैन। चिनियाँ र रुसी राष्ट्रपतिको अनुपस्थितका कारण साझा घोषणापत्र हुनेमा आंशका भए पनि अन्ततः नयाँदिल्ली घोषणापत्र जारी भएको छ।

लामो समयदेखि रुसको सहयोगी भारत जी-२० को नेतृत्वमा रहेका वेला युक्रेनका सहयोगीहरू रुसको निन्दा गर्ने प्रयासमा असफल भएका छन्। युद्धका कारण विश्वभर खाद्यान्न र इन्धनको मूल्य

» पृष्ठ ११ मा क्रमशः

■ भारत-मध्यपूर्व-युरोप इकोनोमिक करिडोर घोषणा

नयाँदिल्लीमा जी-२० सम्मेलनकै बीच शनिबार भारत-मध्यपूर्व-युरोप इकोनोमिक करिडोर घोषणा भएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनको उपस्थितिमा भएको घोषणालाई दिल्लीमा ऐतिहासिक र चिनियाँ बिआरआईमाथिको झड्का भनिएको छ। बाइडेनले यो भविष्यमुखी सहकार्य भएको भन्दै खुसी व्यक्त गरेका छन्। करिडोरअन्तर्गतका परियोजना निर्माण भएमा भविष्यमा भारत, अरेबियन गल्फ र युरोपको सहकार्य ऐतिहासिक हुने बताइएको छ। विज्ञका अनुसार करिडोरअन्तर्गत निर्माण हुने रेल लिंकबाट भारत र युरोपको व्यापार ४० प्रतिशत छिटो हुने सम्भावना छ। एसिया, मध्यपूर्व र युरोपमा स्वच्छ इनर्जी केबल बन्ने जसले भविष्यमा छिटो, छोटो र स्वच्छ ऊर्जा व्यापार हुनेछ। यसलाई ग्लोबल ग्रिन ट्रेड रोड भनिएको छ। भूराजनीतिक मामिलाविज्ञ सी राजामोहनले करिडोर घोषणापछि भनेका छन्, 'यो क्षेत्रमा चिनियाँ बिआरआईको प्रभावलाई चुनौती दिँदै घोषणा भएको ऊर्जा र कनेक्टिभिटी करिडोरले रणनीतिक र आर्थिक तालमेल निर्माण गर्नेछ। यसले १९४७ मा देश विभाजनपछि भारतको उत्तर-पश्चिम विश्वसँग कनेक्टिभिटीको खोजीमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।'

■ भारतमा जी-२० सम्मेलन : दक्षिण एसियालाई के छ सन्देश ?

● डा. महेन्द्र पी लामा
प्राध्यापक, जेएनयू



भारतमा आयोजित जी-२० शिखर सम्मेलनले सम्पूर्ण दक्षिण एसिया गौरवान्वित भएको छ। घोषणापत्र आफ्ना छिमेकीबीच सर्वप्रथम कार्यान्वयन गर्नुपर्छ।

● रणजित राय
पूर्वराजदूत, नेपाल



ग्लोबल साउथको आवाजका रूपमा भारतले थप समावेशी र समतामूलक विश्व व्यवस्थाका लागि विकासशील देशहरूको चासो व्यक्त गरिरहेको छ।

● नविता श्रीकान्त
विश्लेषक, वित्तीय र सुरक्षा



जी-२० को अध्यक्षतामार्फत ग्लोबल नर्थबाट विद्यमान अन्तर्राष्ट्रिय वित्तीय संरचनालाई ग्लोबल साउथमा ल्याउने प्रक्रियाको खोजी गर्न भारत सफल भएको छ।

● विनोज बस्न्यात
भूराजनीतिका विज्ञ



नेपालले राजनीतिक अस्थिरता, विश्वासको अभाव, भद्रगोल कूटनीति तथा अर्थतन्त्रले रणनीतिक सान्दर्भिकता गुमाउँदा जी-२० मा निमन्त्रणा नपाउने अवस्था सिर्जना भयो।

मोरक्कोमा ६.८ म्याग्निच्युडको भूकम्प

हजारभन्दा धेरैको मृत्यु

माराकेस सहरबाट ७१ किमि दक्षिण-पश्चिमस्थित हाई एट्लस माउन्टेन्सलाई केन्द्रबिन्दु बनाएर शुक्रबार राति ११:११ मा गएको थियो भूकम्प



भूकम्पले क्षतिग्रस्त पुरानो सहर माराकेसको भग्नावशेषबाट एक महिला आफ्नो सामान बाहिर निकाल्दै। तस्बिर : एएफपी

एजेन्सी/ अफ्रिकी राष्ट्र मोरक्कोमा गएको शक्तिशाली भूकम्पमा परी कम्तीमा एक हजार ३७ जनाको मृत्यु भएको छ। शनिबार रातिसम्मको रिपोर्टअनुसार ६ सय ७२ जना घाइते भएका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर छ।

स्थानीय समयअनुसार शुक्रबार राति ११:११ बजे ६.८ म्याग्निच्युडको भूकम्प गएको थियो। त्यसको १९ मिनेटपछि ४.९ म्याग्निच्युडको परकम्प गएको थियो। माराकेस सहरबाट ७१ किलोमिटर दक्षिण-पश्चिमस्थित हाई एट्लस माउन्टेन्सलाई केन्द्रबिन्दु बनाएर भूकम्प गएको हो। भूकम्पको गहिराइ १८.५ किलोमिटर रहेको अमेरिकी भूसर्वेक्षण केन्द्रले जनाएको छ। भूकम्पमा केही हराइरहेकाले मृतकको संख्या अझै बढ्ने अनुमान गरिएको छ।

भूकम्पबाट माराकेस सहर र त्यहाँबाट दक्षिणी क्षेत्रका मानिसले ज्यान गुमाएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। माराकेसमा रहेको राष्ट्रसंघको सम्पदा सूचीमा परेको मेडिनाका केही हिस्सामा क्षति पुगेको छ। भूकम्पमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेको त्यहाँको गृह

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक
● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दार्चुलाको तिंकरमा पनि सशस्त्रको बिओपी



काठमाडौं/ दार्चुलाको व्याँस गाउँपालिका- १ स्थित छ्याँलेक तिंकरस्थित चीनसँगको सीमानाकामा सशस्त्र प्रहरीले बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरेको छ। सीमा सुरक्षा विभाग प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) वंशीराज दाहालले शुक्रबार बिओपीको उद्घाटन गरेका छन्।

यो बिओपी दार्चुला सदरमुकामबाट करिब एक सय १२ किलोमिटर उत्तरतर्फ पर्छ। सशस्त्र प्रहरी बल, नेपाल नं. ५० गुल्म छाङरु दार्चुलाको मातहतमा स्थापना भएको बिओपी गुल्मबाट करिब ११ किलोमिटर दूरीमा छ। उत्तरी नाकामा सशस्त्र प्रहरीको यो नवौं बिओपी हो।

» पृष्ठ ११ मा क्रमशः

विराटनगरको ४३ किलोमिटर चक्रपथ योजना २६ वर्षदेखि अलपत्र

४२ करोडबाट ५ अर्ब पुग्यो लागत

■ **२५ करोड ३५ लाख सकिँदा** पनि ग्रामथानको झोराहाट र विराटनगरको दरैया क्षेत्रमा सडक ट्र्याकसम्म खुलेन

विराटनगरमा **गणेश लम्साल**

मोरङको विराटनगरमा ४३ किलोमिटर चक्रपथ सडक योजना सुरु भएको २६ वर्ष भयो। तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदारले बहुवर्षीय योजनाअन्तर्गत ०५४ मा सुरु गरेको चक्रपथको अहिलेसम्म ट्र्याकसमेत पूरै खुलेको छैन। बरु ४२ करोडको लागत बढेर पाँच अर्ब पुगेको छ।

दक्षिणतर्फ नेपाल-भारत सिमानामा पर्ने रानीदेखि उत्तरमा कटहरी गाउँपालिकाको कटहरी, ग्रामथान गाउँपालिकाको झोराहाट हुँदै पश्चिमततर्फ बुढीगंगा गाउँपालिकाको हात्तीमुढा भएर दक्षिणतर्फ विराटनगरको इकराही, बखरी, दरैया हुँदै पुनः रानीमै जोड्ने योजना छ। तर, ग्रामथानको झोराहाट र

» पृष्ठ ११ मा क्रमशः



■ **बजेट कम, त्यही पनि फ्रिज** : यो सडकको स्वामित्व ०७५/७६ मा संघ सरकारको सहरी विकास कार्यालयबाट कोशी सरकारको पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएको थियो। तर, प्रदेशमातहत आए पनि सडक निर्माण कछुवा गतिमै छ। कोशी सरकारले सुरुको वर्ष ५० लाख मात्र विनियोजन गरेकोमा ट्र्याक मर्मतको काम भयो। त्यस्तै, ०७६/७७ मा चक्रपथ निर्माण गर्न ठेक्का लगाउने प्रयास भए पनि कोभिड- १९ को महामारी सुरु भएपछि योजना अघि बढ्न सकेन। ०७९/८० मा संघ सरकारमार्फत पाँच करोड पाँच लाख विनियोजन भयो, तर आयोजनाले एक करोड ६० लाख रुपैयाँ मात्र खर्च गर्न सक्यो। चालू आवमा कोशी सरकारले एक करोड ८२ लाख विनियोजन गरे पनि अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढ्न सकेको छैन।



उपत्यकामा उकालो लाग्दै डेंगु संक्रमणदर

काठमाडौंमा ४६३, भक्तपुरमा १७२ र ललितपुरमा १८५ जना संक्रमित

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकामा डेंगु संक्रमितको संख्या आठ सय नाघेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार उपत्यकाका तीन जिल्लामध्ये सबैभन्दा बढी काठमाडौंमा चार सय ६३ जना, भक्तपुरमा एक सय ७२ र ललितपुरमा एक सय ८५ जना डेंगु संक्रमित भएका छन्।

पछिल्लो एक महिनामा उपत्यकाभित्र संक्रमणदर बढेको सरकारी तथ्यांकले देखाएको छ। अघिल्लो महिना अगस्टमा काठमाडौंमा तीन सय ३३ जना संक्रमित भएका थिए भने भक्तपुरमा एक सय १७ जना र ललितपुरमा एक सय ३६ जना संक्रमित थिए। हाल चलिरहेको महिना सेप्टेम्बरमा संक्रमितको संख्या थप बढ्न सक्ने भन्दै सतर्क र डेंगु संक्रमणबाट सावधानी अपनाउन स्वास्थ्यकर्मीले



● **अनुप बाँस्तोला**
प्रमुख, स्वास्थ्य सेवा विभाग
उपचारात्मक महाशाखा

उपत्यकालगायत देशैभर मंसिरसम्म नै डेंगु संक्रमण फैलने डर देखिएको छ। यसकारण पर्याप्त सावधानी अपनाउन आवश्यक छ। अझ गत वर्षदेखि त जाडो महिना पुसमा समेत काठमाडौंमा धेरै डेंगु संक्रमित देखिएका थिए। यसपटक बाहिरी जिल्लामा संक्रमितको संख्या बढी देखिएको छ। तर, अब काठमाडौंको पालो आउन पनि सक्ने अवस्था छ। डेंगु संक्रमण अहिले नै कम हुने होइन, यो समय संक्रमितको संख्या उकालो लाग्ने समय हो।

सुझाएका छन्। स्वास्थ्य सेवा विभाग उपचारात्मक महाशाखा प्रमुख अनुप बाँस्तोलाले मंसिरसम्म नै उपत्यकालगायत देशैभर डेंगु संक्रमण फैलने डर देखिएको बताए। उनले यसबारे पर्याप्त सावधानी अपनाउन आवश्यक रहेको बताए। उनका अनुसार अझ गत वर्षदेखि त जाडो महिना पुसमा समेत डेंगु संक्रमित देखिएको थियो। 'गत वर्ष काठमाडौंमा धेरै डेंगु देखियो, यसपटक बाहिरी जिल्लामा संक्रमितको संख्या बढी देखिएको छ, तर अब काठमाडौंको पालो आउन पनि सक्ने भएकाले यसबारे सावधानी हुनैपर्छ, डेंगु संक्रमण अहिले नै कम हुने होइन, यो समय संक्रमितको संख्या उकालो लाग्ने समय हो,' उनले भने, 'सरकारी रेकर्ड र परीक्षणको तथ्यांक हेर्दा हामीले बढेको पाउँछौं।' फोहोर र सबैतिर पानी जम्ने गरेकाले पनि काठाडौंमा संक्रमण बढ्ने देखिएको हो। समुदाय र सरकारी निकाय थप जागरुक भए संक्रमण नियन्त्रण हुन सक्ने उनको भनाइ छ। गत वर्ष सबैभन्दा बढी काठमाडौंमा फैलिएको डेंगु यसपटक सुनसरीमा धेरै देखिएको छ। तर, काठमाडौंमा पनि पछिल्लो समय तीव्र बन्ने संकेत देखिएको छ।

काठमाडौंका ठूला अस्पतालहरू शुक्रराज ट्रपिकल तथा सरुवा रोग नियन्त्रण अस्पतालमा सातजना, वीर अस्पतालमा तीनजना र त्रिवि शिक्षण अस्पतालमा ६ जना डेंगुका बिरामी उपचारका लागि भर्ना भएका छन्। अस्पतालमा आउने धेरैजसो बिरामी भर्ना नै गर्नुपर्ने खालका नहुने भएकाले घरमै पठाइने गरिन्छ। कतिपय त अस्पताल नै आउँदैनन्। वीर अस्पतालका मेडिसिन विभाग प्रमुख डा. सुरेन्द्रलाल श्रेष्ठले अहिले नै डेंगु संक्रमण उच्च बिन्दुमा नपुगे पनि बढ्न सक्ने जोखिम रहेको बताए। स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनी पनि डेंगु संक्रमण उच्च बिन्दुमा पुग्ने देखिएकाले रोकथामका लागि सरकारी निकाय र नागरिक समाज समयमै जागरुक हुनुपर्ने बताउँछन्। उनले लामखुट्टेको वासस्थान खोज्ने र लार्भा नस्ट गर्नतर्फ ध्यान दिन आग्रह गरे।

■ सुनसरीमा मात्रै १४ हजार संक्रमित

यस वर्ष देशभर संक्रमितको संख्या २४ हजार आठ सय ४२ पुगिसकेको छ। पछिल्लो महिना सबैभन्दा बढी संक्रमित सुनसरीको धरान क्षेत्रमा देखिएका छन्। सुनसरीमा संक्रमितको संख्या १४ हजार दुई सय २८ पुगेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ। महाशाखाका अनुसार मोरङमा दुई हजार दुई सय ५४, धादिङमा दुई हजार एक सय ९७, झापामा एक हजार तीन सय ६४, धनकुटामा तीन सय ७४, धनुषामा तीन सय ३१, संखुवासभामा ती सय ४२, कास्कीमा दुई सय ७९, कैलालीमा दुई सय ७६ लगायतमा संक्रमण देखिएको छ। अधिकांश जिल्लामा वर्षको सुरुवाती जनवरीदेखि अर्थात् पुसदेखि नै फाट्टफुट्ट संक्रमित देखिन थालेका थिए भने गर्मी बढेसँगै संक्रमितको संख्या पनि बढेको छ।

■ १४ जनाले गुमाइसके ज्यान

यस वर्ष डेंगु संक्रमणबाट हालसम्म १४ जनाको ज्यान गएको छ भने मृत्यु हुनेमा १२ जना उपत्यकाबाहिरका छन्। देशका ७५ वटै जिल्लामा संक्रमण फैलिएको छ। गत वर्ष सन् २०२२ मा ५४ हजार सात सय ५४ मा संक्रमण देखिँदा ३२ जनाले ज्यान गुमाएका थिए। यसपटक पनि संक्रमणदर बढ्न सक्ने आकलन गरिएको छ। तर, यसको नियन्त्रणका लागि सरकारी र निजी तवरमा भएका प्रयास कमजोर देखिन्छन्। यो वर्ष सन् २०२३ का सुरुवाती पाँच महिना स्थिर रहेको संक्रमण नियन्त्रणमा सरकार गम्भीर नबन्दा जुनयता ह्वात्तै बढेको तथ्यांकले देखाउँछ।

नबिल बैंक लिमिटेड, जनकपुर शाखा, धनुषा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०५/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण**

रामहित यादवकी छोरी, सोमित यादवकी बुहारी, राजलाल यादवकी श्रीमती, सिरहा जिल्ला, विष्णुपुर प्र रा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला, कल्याणपुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १५३१०५/ ५४७ (जारी मितिः २०६३/१२/१७, स्थान सिराहा) भएकी **श्रीमती प्रमिला देवी यादव।**

ऋणीको व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

सोमित यादवको नाति, राजलाल यादवको छोरा, सिरहा जिल्ला, विष्णुपुर प्र रा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला, कल्याणपुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १५११०५/२२८ (जारी मितिः २०६६/०८/१५, स्थान सिराहा) भएका **श्री संतोष कुमार यादव।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

सिरहा जिल्ला, विष्णुपुर प्र रा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला, कल्याणपुर न.पा. वडा नं. ४ बस्ने, **श्रीमती प्रमिला देवी यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ मा अवस्थित कि.नं. ४२०७ क्षेत्रफल ०-०-७ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७६/०३/०८ मा प्रा.फ. नं. ६४३५/२१/०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री गौसिया पशुपंक्षी फर्म।**

ठेगानाः महोत्तरी जिल्ला, बलवा न.पा. वडा नं. ९, अधियनपुर महोत्तरी।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

दुखा शेषको नाति, मोसीम शेषको छोरा, महोत्तरी जिल्ला, धमौरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बलवा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८/१/०४२/७७ (जारी मितिः २०६४/१२/१३, स्थान महोत्तरी) भएका **श्री सहिम शेष।**

ऋणीको व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

लतिफ शेषकी छोरी, मोसीम शेषकी बुहारी, सहिम शेषकी श्रीमती, महोत्तरी जिल्ला, धमौरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बलवा न.पा. वडा नं. ९ बस्ने, ना.प्र.नं. १८/०१/७०/०६८४३ (जारी मितिः २०७०/०८/१६, स्थान महोत्तरी) भएकी **श्रीमती नजिरा खातुन।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

महोत्तरी जिल्ला, धमौरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल महोत्तरी जिल्ला, बलवा न.पा. वडा नं. ९ बस्ने, **श्री सहिम शेष**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, धमौरा गा.वि.स. वडा नं. १ सिट नं. १क मा अवस्थित कि.नं. २३६९ क्षेत्रफल ०-१-१६.७५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/१४ मा दर्ता नं. २५३९४९/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री श्वेता कृषि फार्म प्रा. लि.।**

ठेगानाः महोत्तरी जिल्ला, महोत्तरी गा. पा. वडा नं. ३, महोत्तरी।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. कवि तिवारीकी छोरी, उपेन्द्र ठाकुरकी बुहारी, विलसन कुमार ठाकुरकी श्रीमती, महोत्तरी जिल्ला, महोत्तरी गा. पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १८/०१/७६/०५३९१ (जारी मितिः २०७६/०५/२०, स्थान महोत्तरी) भएकी **श्रीमती श्वेता तिवारी।**

२. राजेन्द्र ठाकुरको नाति, उपेन्द्र ठाकुरको छोरा, महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. २३१९३८७७ (जारी मितिः २०५८/६/२६, स्थान महोत्तरी) भएका **श्री विलसन कुमार ठाकुर।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

१. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी गा.पा. वडा नं. ३ बस्ने, **श्री विलसन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. ४ मा अवस्थित कि.नं. ४१७ क्षेत्रफल ०-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी न.पा. वडा नं. ३ बस्ने, **श्री विलसन ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. ४ सिट नं. ४२४ मा अवस्थित कि.नं. ६३७ क्षेत्रफल ०-४-१ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी गा.पा. वडा नं. ३ बस्ने, **श्री विलसन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. ४ सिट नं. ३१९ मा अवस्थित कि.नं. ७६३ क्षेत्रफल ०-४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी गा.पा. वडा नं. ३ बस्ने, **श्री विलसन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. ४ सिट नं. ३१६ मा अवस्थित कि.नं. ७४७ क्षेत्रफल ०-३-१०१/२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४ **ऋणीको नाम र ठेगानाको विवरण**

राजेन्द्र ठाकुरको नाति, उपेन्द्र ठाकुरको छोरा, महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी गा.पा. वडा नं. ३ बस्ने ना.प्र. नं. २३१९३८७७ (जारी मितिः २०५८/६/२६, स्थान महोत्तरी) भएका **श्री विलसन कुमार ठाकुर।**

ऋणीको व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

कवि तिवारीकी छोरी, उपेन्द्र ठाकुरकी बुहारी, विलसन कुमार ठाकुरकी श्रीमती, महोत्तरी जिल्ला, महोत्तरी न. पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १८/०१/७६/०५३९१ (जारी मितिः २०७६/०५/२०, स्थान महोत्तरी) भएकी **श्रीमती श्वेता तिवारी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, महोत्तरी गा.पा. वडा नं. ३ बस्ने, **श्री विलसन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. ४३६ क्षेत्रफल ३-१-१३.५ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

५ **ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७३/०८/२९ मा प्रा.फ. नं. ४२१४/७०/०७३/०७४ अन्तर्गत दर्ता भएको **श्री प्रत्यक्ष पोल्ट्री फर्म।**

ठेगानाः महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २, डाम्ही मडें, महोत्तरी।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरण :

राजदेव ठाकुरको नाति, उपेन्दर ठाकुरको छोरा, महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ बस्ने, ना.प्र.नं. २३१९३३५२ (जारी मितिः २०५४/६/७, स्थान महोत्तरी) भएका **श्री रौशन कुमार ठाकुर।**

ऋणीको व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

हरिशचन्द्र ठाकुरकी छोरी, उपेन्दर ठाकुरकी बुहारी, रौशन कुमार ठाकुरकी श्रीमती, महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. १ बस्ने, ना.प्र.नं. १८/०१/७१/००६१९ (जारी मितिः २०७१/०१/२९, स्थान महोत्तरी) भएकी **श्रीमती गिताञ्जली ठाकुर।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

१. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. १ बस्ने, **श्रीमती गिताञ्जली ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही महेशपुर गा.वि.स. वडा नं. ४ सिट नं. ३१९ मा अवस्थित कि. नं. ७६४ क्षेत्रफल ०-४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ बस्ने, **श्री रौशन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही महेशपुर गा.वि.स. वडा नं. ४ सिट नं. ३१६ मा अवस्थित कि.नं. ७४८ र ७५१ क्षेत्रफल ०-३-१०१/२ र ०-१-३ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ बस्ने, **श्री रौशन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही महेशपुर गा.वि.स. वडा नं. ४ सिट नं. ६२० मा अवस्थित कि.नं. ६८५ क्षेत्रफल ०-७-८ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ बस्ने, **श्री रौशन कुमार ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, डाम्ही मडै गा.वि.स. वडा नं. २ सिट नं. १६९१४२७५ मा अवस्थित कि.नं. ६८ क्षेत्रफल ००२१६.१० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

शनिबार उपत्यकामा

रानीवन : नागार्जुन नपा-१, रानीवन बस्ने ताप्लेजुङको फक्ताङलुङ गापा-९ का २५ वर्षीय अर्जुन लिम्बूसहित तीनजनालाई गाँजासहित प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले कोठा तलासी गर्दा गाँजासहित उनीहरूलाई पक्राउ गरेको हो। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

टौखेल : नागार्जुन नपा-६, टौखेल बस्ने ३६ वर्षीय अर्पण पौडेलको घरको ढोका फोडी सुनका विभिन्न गरगहना, ल्यापटप तथा आइफोनसमेत गरी करिब चार लाख ५० हजार रुपैयाँबराबरको धनमाल शुक्रबार दिउँसो चोरी भएको छ।

पाटन : ललितपुर मनपा-१०, पाटनढोकास्थित इन्फर्मेसन डेसिमिनेसन इनिसिएटिभ र फरसाइट प्रालिबाट तीन लाख ९० हजार रुपैयाँ मूल्यबराबरको धनमाल शुक्रबार साँझ चोरी भएको छ। घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

सूर्यविनायक : सूर्यविनायक नपा-८ स्थित सडकमा प्रदेश ३-०२-००२ प ६९३ नम्बरको मोटरसाइकल बागमती प्रदेश ०३-००१ ख २४११ नम्बरको टेलर गाडीसँग ठोक्किँदा काभ्रेपलाञ्चोक बनेपा नपा-२, घिमिरेगाउँका २५ वर्षीया नवीना काफ्ले घिमिरेको घटनास्थलमै मृत्यु भएको छ। प्रहरीका अनुसार उक्त मोटरसाइकल बागमती प्रदेश ०२-०२३ प २८५९ नम्बरको अर्को मोटरसाइकलसँग ठोक्किएको थियो। त्यसपछि टेलरमा गएर ठोक्किएको थियो। दुर्घटनामा घाइते भएकाहरूको मध्यपुर ठिमी अस्पतालमा उपचार भइरहेको छ। टेलर गाडीका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गोदावरी : गोदावरी नपा-१२, धापाखेलस्थित मकवानपुर थाहा नपा-२, पालुङ घर भएकी रमा कार्कीको रमा फेन्सी स्टोर पसलबाट करिब दुई लाख ४७ हजार रुपैयाँबराबरका विभिन्न कपडा गएगाति चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी भइरहेको जनाएको छ।

कोटेश्वर : काठमाडौं मनपा-३२, कोटेश्वरस्थित ओम रावतको मालिका इन्टरप्राइजेज भाँडा पसलभित्र जुवातास खेलिरहेका कोटेश्वर बस्ने कैलाली टीकापुर नपा-१ का २९ वर्षीय जीवन खड्कासहित ६ जुवाडे लाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २१ हजार सात सय पाँच रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

हाँडीगाउँ क्षेत्रमा अब ५० फिटभन्दा अग्ला घर बनाउन नपाइने



हाँडीगाउँ गुरुयोजनामाथि छलफल गर्न आयोजित कार्यक्रममा सहभागी।

काठमाडौं/ हाँडीगाउँमा ५० फिटभन्दा अग्ला भवन बनाउन नपाइने भएको छ। हाँडीगाउँको सांस्कृतिक जीवन्तता बचाउन बनाइएको गुरुयोजनाअनुसार यस्तो व्यवस्था समेटिएको हो। अब ५० फिटभन्दा कम अग्ला भवन निर्माणका लागि लाग्ने नक्सा दस्तुरमा ९० प्रतिशतसम्म छुट दिइने काठमाडौं महानगरपालिकाले जनाएको छ। यस क्षेत्रलाई व्यवस्थित गर्न सांस्कृतिक, सामाजिक, वातावरणीय, पूर्वाधारलगायतका कोणबाट छलफलसमेत भएको थियो।

आधुनिक सहरीकरणले सामाजिक अन्तर्क्रिया र सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ। सांस्कृतिक र सामाजिक क्रियाकलाप हुने सहरका मध्यभागसम्म सवारीसाधनको सहज पहुँच छ। मानिसहरू मठमन्दिर जाँदा, स्वस्थ जीवनका लागि खेलकुदमा जाँदासमेत मोटरको प्रयोग गर्छन्। यसले प्राचीन स्मारक क्षेत्रको मौलिकपनमा खतरा बढाएको छ। धार्मिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक महत्त्वका स्थान, भित्री सहरी क्षेत्रलाई मानवकेन्द्रित क्रियाकलापमा अभ्यस्त बनाउनुपर्ने भन्दै महानगरपालिकाले यस्तो नियम अघि बढाएको महानगरपालिका प्रवक्ता नवीन मानन्धरले जानकारी दिए। उनका अनुसार हाँडीगाउँ गुरुयोजनाअन्तर्गत स्मारक क्षेत्रको वातावरणीय सुधार गर्न वर्ल्ड कार फ्री डे २०२३ (५ असोज ०८०) का दिन सवारी निषेध कार्यक्रम सञ्चालन गरिँदै छ। एफएचआई ३६० स्वच्छ हावा परियोजनाका प्रमुख भूषण तुलाधरले, वायु प्रदूषण नियन्त्रणका लागि स्थानीय समुदायस्तरमै समाधानका उपाय भएको बताउँदै ती उपाय अवलम्बन गरेर जनस्वास्थ्य, वातावरण सुधार गर्न सकिने धारणा राखे। शनिबार आयोजित कार्यक्रममा रिच आर्किटेक्टका आर्किटेक्टहरू पद्मसुन्दर महर्जन र सबिना तुलाधरले, कार्यपत्र प्रस्तुत गर्दै, यसको पुनरुत्थानका लागि अझै पनि काम गर्न सकिने र प्राचीन स्वरूपलाई फर्काउन सकिने धारणा राखेका थिए। अन्तर्क्रियामा सम्पदा पुनरुत्थान तथा वातावरणीय सुधारका लागि समुदायस्तरमा यसअघि भएका छलफलबाट आएका नतिजाका विषयमा दिगो विकास इन्स्टिच्युटबाट निहारिका माथेमाले प्रस्तुतीकरण गरेका थिए।

■ लिच्छविकालीन सभ्यता झल्काउने हाँडीगाउँ

उपत्यकाभित्र लिच्छविकालीन नगर सभ्यताको केन्द्र मानिने हाँडीगाउँ स्वतन्त्र राज्य व्यवस्थाबाट सञ्चालित थियो। शिव शक्ति र भक्तिका स्थान, वास्तुकला, चित्रकला, मूर्तिकला, चैत्य, बिहारजस्ता सम्पदाको एकै ठाउँमा अवलोकन गर्न सकिने ठाउँ थियो।

प्रा.डा. सुदर्शनराज तिवारीका अनुसार हाँडीगाउँलाई पूर्व लिच्छवि, बर्मा तथा लिच्छविकालको संस्कृति र सम्पदाका लागि सर्वाधिक प्राचीन स्थानका रूपमा लिइन्छ। यहाँ भएको सत्यनारायणपरिसरमा प्राचीन बस्ती र पूर्वलिच्छविकालका मन्दिरहरू भएको प्रमाण पाइन्छ। आधुनिक विकासले हाँडीगाउँमा हराएको प्राचीनताको आभासलाई पुनरुत्थान गराउन महानगरले गुरुयोजना अघि सारेको हो।

सडक डिभिजन, पाल्पा

सिलबन्दी बोलपत्रको आशयपत्र जारी गरिएको सूचना

प्रकाशन मितिः २०८०/०५/२४

यस कार्यालयबाट प्रकाशित सूचना नं. ०१-०८०/८१ अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट निम्न विवरण अनुसारका बोलपत्रहरु न्यूनतम मूल्यांकित एंव सारभुतरुपमा प्रभावग्राही बोलपत्र भएको हुँदा स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं	ठेक्का नं.	आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम	कवोल अंक, रु. (मु.अ.क.समेत)
1	DROPLP/337310113/80/81-01	Jeevan and Brothers Construction,Tansen	38,99,778.03
2	DROPP/337310113/80/81-02	Rhidam Construction, Kailali	24,08,702.91
3	DROPLP/337310113/80/81-03	Aarav and Company Pvt. Ltd. Kathmandu	70,05,305.05
4	DROPLP/337310113/80/81-04	Silt Construction, Tilottama-9	1,46,13,308.34
5	DROPLP/33701169/80/81-06	Bale Construction Pvt. Ltd, Sunchhahari	34,67,766.60
6	DROPLP/33701169/80/81-07	Bale Construction Pvt. Ltd, Sunchhahari	35,22,684.00

**डिभिजन प्रमु

संघीय संसद्को विविधता

विदेशीसँग बिहे गरेका पाँच सांसद

एमालेबाट समानुपातिक सांसद एकनाथ ढकालले फिलिपिनी नागरिक ब्लेसी गाडन ढकालसँग बिहे गरेका छन् । ढकालदम्पतीबाट ६ छोरी छन् । उदयपुर १ बाट निर्वाचित कांग्रेस सांसद नारायण खड्काले क्यानडेली नागरिक डा. इसाबेला वासियानासँग बिहे गरेका छन् । उनीहरूको एक छोरी छिन् । नवलपरासी पूर्वबाट निर्वाचित कांग्रेस सांसद एवं पूर्वमहामन्त्री शशांक कोइरालाले थाइल्यान्डकी नागरिक डा. सुफात्रा कोइरालासँग बिहे गरेका छन् । कोइरालादम्पतीबाट एक छोरी छिन् । तनहुँ १ बाट निर्वाचित रास्वपा सांसद एवं अर्थशास्त्री डा. स्वर्णिम वाग्लेले भियतनामकी नागरिक सची वाग्लेसँग बिहे गरेका छन् । वाग्लेदम्पतीको एक छोरा छन् । काठमाडौं निवासी रास्वपाकी समानुपातिक सांसद सुमना श्रेष्ठले पोल्यान्डका नागरिक पावल लुकास स्काविन्स्कीसँग बिहे गरेकी छिन् । पोल्यान्डका नागरिक भए पनि पावल बेलायतमा बस्दै आएका छन् । श्रेष्ठदम्पतीको सन्तान छैन ।

जसले दुई बिहे गरे

संसद् सचिवालयले प्रकाशन गरेको विवरणअनुसार मुगु १ बाट निर्वाचित कांग्रेस सांसद ऐनबहादुर शाहीका दुई पत्नी छन् । सांसद शाहीले नै उपलब्ध गराएको विवरणअनुसार ऐनबहादुरले वसुना शाही र कमला शाहीसँग बिहे गरेका छन् । उनका चार छोरा र एक छोरी छन् । धादिङबाट प्रतिनिधित्व गर्ने राप्रपाका समानुपातिक सांसद बुद्धिमान तामाङका पनि दुई पत्नी छन् । राप्रपा संसदीय दलका उपनेता तामाङले गाहेत तामाङ र सरस्वती लामासँग बिहे गरेको विवरण दिएका छन् । उनका तीन छोरा र एक छोरी छन् । यसैगरी पर्सा १ बाट निर्वाचित सांसद प्रदीप यादवले पनि दुइटा बिहे गरेका छन् । उनले उपलब्ध गराएको विवरणअनुसार पिकी देवी र माधुरी गरी दुई पत्नी छन् । यादवका दुई छोरा र एक छोरी छन् ।

कमलराज भट्ट / नयाँ पत्रिका

संविधानले नै समानुपातिक समावेशी सहभागिता सुनिश्चित गरेकाले ३३ प्रतिशत महिलासहित सबै जातजाति, भाषा, संस्कृति र समुदायको प्रतिनिधित्वले संघीय संसद् निकै विविधतापूर्ण छ । र, यही संसद्मा सांसदहरूका निजी जीवनका विवरण निकै चाखलाग्दा छन् । संघीय संसद् सचिवालयले हालै प्रकाशन गरेको संघीय संसद् सदस्य विवरण- २०८० मा सांसदहरूको शिक्षादेखि पारिवारिक विवरण पनि रोचक छन् । सामान्य लेखपढदेखि पिएचडीसम्म गरेको शैक्षिक योग्यता भएकाको सदनमा उपस्थिति छ ।



● **देवराज घिमिरे**
सभामुख

पुस्तक संसद्का सदस्यबारे सूचनामूलक जानकारी लिन रुचि राख्नेका लागि उपयोगी हुनेछ



● **इन्दिरा राना**
उपसभामुख

कानुन बनाउने, सरकार निर्माण गर्ने, सरकारलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गर्ने र जनताका आवाज राज्यका निकायसम्म पुऱ्याउने जिम्मेवारीमा रहेका सदस्यको विगत, वर्तमान र परिचयात्मक विवरण आमनागरिकले थाहा पाउनुपर्छ ।

संसद् सचिवालयले पुस्तकमार्फत हालै सार्वजनिक गरेको सांसदहरूको विवरणअनुसार पाँचजना सांसदले विदेशी नागरिकसँग बिहे गरेका छन् । २४ जना अविवाहित छन् । १९ जना एकल (मृत्यु तथा सम्बन्ध-विच्छेद) छन् । तीनजना सांसदले त दुई विवाह गरेको विवरण दिएका छन् । संसद् सचिवालयले सांसदहरूबाट व्यक्तिगत विवरण फाराममार्फत सूचना संकलन गरी पुस्तक प्रकाशन गरेको र आमनागरिकलाई सांसदबारे सूचनामूलक जानकारी लिन सहज हुने अपेक्षा गरेको छ । 'पुस्तक संसद्का सदस्यबारे सूचनामूलक जानकारी लिन रुचि राख्नेका लागि उपयोगी हुनेछ,' सभामुख देवराज घिमिरेले शुभकामना मन्तव्यमा भनेका छन् । पारदर्शिता, सुशासन र जवाफदेहिताको क्षेत्रमा पुस्तकले भूमिका खेल्ने उपसभामुख इन्दिरा रानाको धारणा छ । 'कानुन बनाउने, सरकार निर्माण गर्ने, सरकारलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गर्ने र जनताका आवाज राज्यका निकायसम्म पुऱ्याउने जिम्मेवारीमा रहेका सदस्यको विगत, वर्तमान र परिचयात्मक विवरण आमनागरिकले थाहा पाउनुपर्छ,' उनले शुभकामना मन्तव्यमा भनेकी छिन् ।

अविवाहित २४ एकल १९ सांसद

संघीय संसद्मा हाल २४ जना सांसद अविवाहित छन् । जसमा युवादेखि ज्येष्ठ नागरिकसम्म छन् । सांसदहरूले नै भरेर उपलब्ध गराएको विवरणअनुसार राप्रपाकी ३० वर्षीया अनिशा नेपाली, कांग्रेसकी ७४ वर्षीया अम्बिका बस्नेत, कांग्रेसकै ५४ वर्षीय किशोरसिंह राठोर, रास्वपाकी ३४ वर्षीया तोसिमा कार्की, एमालेकी ४१ वर्षीया दीपा शर्मा, रास्वपाकी २७ वर्षीया निशा डाँगी, कांग्रेसकी ५२ वर्षीया प्रतिमा गौतम, रास्वपाकी ३२ वर्षीया विन्दबासिनी कंसाकार, रास्वपाकै २८ वर्षीया बिनिता कठायत, कांग्रेसका ३० वर्षीय योगेश गौचन थकाली, कांग्रेसकै ५४ वर्षीय रामहरि खतिवडा र ३८ वर्षीया रूपा विकले बिहे गरेका छैनन् ।

यसैगरी राप्रपाकी ७० वर्षीया रोशन कार्की, रास्वपाका ४० वर्षीय सन्तोष परियार, एमालेकी ४२ वर्षीया सरस्वती सुब्बा, कांग्रेसकी ५६ वर्षीया सरिता प्रसाईं, कांग्रेसकै ३६ वर्षीया सीता मिजार, एमालेकी ३७ वर्षीया सुनिता बराल, कांग्रेसकी ४८ वर्षीया सुशीला थिङ अविवाहित छन् ।

राष्ट्रिय सभातर्फ एकीकृत समाजवादीकी ५६ वर्षीया जयन्तीदेवी राई, माओवादीका ६३ वर्षीय नारायणकाजी श्रेष्ठ, एमालेकी ४७ वर्षीया भगवती न्यौपाने, एकीकृत समाजवादीकी ५४ वर्षीया मदनकुमारी शाह र ५६ वर्षीया राजेन्द्रलक्ष्मी गैरे अविवाहित रहेको संसद् सचिवालयले जनाएको छ ।

पुस्तकमा उल्लेख भएअनुसार १९ जना सांसद एकल छन् । जसमा केहीको पति वा पत्नीको मृत्यु भएको छ भने केहीले सम्बन्ध-विच्छेद गरेका छन् । जसमा ५५ वर्षीया अञ्जनी श्रेष्ठ, ५३ वर्षीया इन्दिरा राना, ४२ वर्षीया ज्वालाकुमारी साह, ६० वर्षीय डिगबहादुर लिम्बू, ६१ वर्षीया दुर्गा राई, ६२ वर्षीय देवीप्रकाश भट्टचन, ५७ वर्षीय धनराज गुरुङ, ५७ वर्षीय प्रकाश ज्वाला, ५४ वर्षीया मैना कार्की, ६६ वर्षीय लीलानाथ श्रेष्ठ, ५१ वर्षीया विद्या भट्टराई, ५७ वर्षीया सपनाराज भण्डारी, ६७ वर्षीया सरस्वती बजिमय, ७१ वर्षीय सुवासचन्द्र नेम्वाङ, ५४ वर्षीया हर्कामाया विश्वकर्मा छन् । राष्ट्रिय सभातर्फ ६८ वर्षीया गोमादेवी तिमिल्सिना, ४७ वर्षीय जगतबहादुर पार्की, ५६ वर्षीया तुलसाकुमारी दाहाल र ६३ वर्षीया सुमित्रा बिसी रहेका छन् ।



■ प्रतिनिधिसभामा पिएचडी होल्डर १० सांसद



डा. अमरेशकुमार सिंह



डा. आरजु राणा



डा. कालुराम राई



डा. चन्द्रकान्त भण्डारी



डा. चन्द्रकान्त राउत



डा. धवलशमशेर जबरा



डा. नारायण खड्का



डा. प्रकाशशरण महत



डा. वीरेन्द्रप्रसाद महतो



डा. स्वर्णिम वाग्ले

पिएचडी स्कलर : नागिना यादव, बद्रीप्रसाद पाण्डे । **एमफिल** : विद्या भट्टराई

५९ सदस्यीय राष्ट्रिय सभा सदस्यहरूको शैक्षिक योग्यता

विद्यावारिधि डा. खिमलाल देवकोटा, डा. बेदुराम भुसाल र डा. विमला राई पौड्याल ।

स्नातकोत्तर उर्मिला अर्याल, कमलादेवी पन्त, कृष्णप्रसाद पौडेल, गोपालकुमार बस्नेत, जयन्तीदेवी राई, जितेन्द्रनारायण देव, तुलसाकुमारी दाहाल, दिलकुमारी रावल, नारायणकाजी श्रेष्ठ, प्रकाश पन्थ, प्रमिला कुमारी, भगवती न्यौपाने, रमेशजंग रायमाझी, राधेश्याम पासवान र सुरेशकुमार आलेमगर ।

स्नातक अनिता देवकोटा, उदयबहादुर बोहरा, देवेन्द्र दाहाल, नारायणदत्त मिश्र, नारायणप्रसाद दाहाल, भुवनबहादुर सुनार, भैरवसुन्दर श्रेष्ठ, मदनकुमारी शाह, मायाप्रसाद शर्मा, मोहम्मद खालिद (इस्लामी ल) र युवराज शर्मा ।

प्लस टु गणेशप्रसाद तिमिल्सिना, गोपीबहादुर सार्की आछामी, गंगाकुमारी बेल्वासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, तुलप्रसाद विश्वकर्मा, दीपा गुरुङ, नरबहादुर विष्ट, मृगेन्द्रकुमारसिंह यादव (प्रवीणता), राजेन्द्रलक्ष्मी गैरे, रामचन्द्र राई, सोनाम गेल्जेन शेर्पा, हरिराम चौधरी

एसएलसी इन्दिरादेवी गौतम, इन्दु कडरिया, कुमार दशौदी, गोपाल भट्टराई, जगतबहादुर पार्की, नन्दा चपाई, नरपति लुहार, वामदेव गौतम, महेशकुमार महरा, विमला घिमिरे, शारदादेवी भट्ट र शेखरकुमार सिंह

साधारण लेखपढ विना पोखरेल, सिंगबहादुर विश्वकर्मा, गोमादेवी तिमिल्सिना (पूर्वमाध्यमिक तह), दुर्गाकुमारी गुरुङ (टेस्ट पास) र सुमित्रा बिसी (टेस्ट पास)

प्रतिनिधिसभामा स्नातक ९८ र स्नातकोत्तर ९६, विद्यावारिधि/एमफिल १३

पुस्तकमा उल्लेखित विवरणअनुसार शैक्षिक योग्यतामा स्नातक र स्नातकोत्तर पढेका धेरै सांसद छन् । संघीय संसद्का दुवै सदनमा स्नातक ९८ जना र स्नातकोत्तर अध्ययन गर्ने ९६ जना छन् । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभामा साधारण लेखपढ गर्ने १०, एसएसलसी उत्तीर्ण गर्ने २९, प्लस टु अध्ययन गर्ने ४९, स्नातक गर्ने ८७, स्नातकोत्तर गर्ने ८१, विद्यावारिधि/एमफिल गर्ने १३ जना छन् । ६ जनाले शैक्षिक योग्यता खुलाएका छैनन् । यसैगरी, ५९ सदस्यीय राष्ट्रिय सभामा साधारण लेखपढ पाँच, एसएसलसी १२, प्लस टु १३, स्नातक ११, स्नातकोत्तर १५ र विद्यावारिधि गर्ने तीनजना छन् । तर, किशोरसिंह राठोर, डोलप्रसाद अर्याल, मनबहादुर गुरुङ, रघुजी पन्त, सूर्यप्रसाद ढकाल, सूर्यमान दोडले शैक्षिक विवरण पेस गरेका छैनन् ।

स्नातकोत्तर अच्युतप्रसाद मैनाली, अञ्जनी श्रेष्ठ, अर्जुननरसिंह केसी, अशोककुमार राई, असिम शाह, ईश्वरी घती, उदयशमशेर राणा, उपेन्द्र यादव, कान्तिका सेजुवाल, कुसुमदेवी थापा, गगन थापा, गोकर्ण विष्ट, गंगाराम चौधरी, डा. चन्दा कार्की (एमबिबिएस एमडी), जीवन परियार, डिगबहादुर लिम्बू, तेजुलाल चौधरी, डा. तोसिमा कार्की (जनरल सर्जरी), दीपक खड्का, दीपक गिरी, दिलेन्द्रप्रसाद बडू, देवीप्रकाश भट्टचन, देवेन्द्र पौडेल, धनराज गुरुङ, ध्रुवबहादुर प्रधान, निशा डाँगी, पदम गिरी, पूर्णबहादुर खड्का, प्रकाश अधिकारी, प्रकाश ज्वाला, प्रकाशमान सिंह, प्रतिमा गौतम, प्रदीप पौडेल, प्रेम सुवाल, भगवती चौधरी, भीमप्रसाद आचार्य, मनीष झा, महन्थ ठाकुर, महेश बर्तौला, महेश बस्नेत, मेटमणि चौधरी, मेनकाकुमारी पोखरेल, मैना कार्की, मोहन बस्नेत, मंगलप्रसाद गुप्ता, योगेश भट्टराई, रञ्जुकुमारी झा, रमेश लेखक, राजेन्द्रकुमार केसी, राजेन्द्रप्रसाद पाण्डे, रामकृष्ण यादव, रामहरि खतिवडा, रूपा विक, रेखा यादव, रेखा शर्मा, रोशन कार्की, लक्ष्मी तिवारी, विना लामा, विमलेन्द्र निधि, वीरबहादुर बलायर, विना जैसवाल, शक्तिबहादुर बस्नेत, श्यामकुमार घिमिरे, डा. शशांक कोइराला (एमडी), शिशिर खनाल, डा. शेखर कोइराला (मेडिकल), शेरबहादुर कुँवर, शेरबहादुर देउवा, सन्तोष परियार, सपनाराज भण्डारी, सरिता भुसाल, सीता गुरुङ, सीता मिजार, सुनिता बराल, सुमना श्रेष्ठ, सुशीला थिङ, सुशीला श्रेष्ठ, सूर्यबहादुर थापा क्षेत्री, हृदयराम थानी, ज्ञानेन्द्रबहादुर कार्की ।

स्नातक अजयकुमार चौरसिया, अनिता देवी, अनिशा नेपाली, अब्दुल खान, अमनलाल मोदी, अम्बिका बस्नेत, अम्बरबहादुर रायमाझी, इन्दिरा राना, ईश्वरीदेवी न्यौपाने, ऋषिकेश पोखरेल, एकनाथ ढकाल, ऐनबहादुर शाही, किरणकुमार साह, गणेश पराजुली, गोकुलप्रसाद बाँस्कोटा, चित्रबहादुर केसी, छविलाल विश्वकर्मा, जनार्दन शर्मा, ज्वालाकुमारी साह, जुलीकुमारी महतो, टोपबहादुर रायमाझी (निलम्बित), ठाकुर गैरे, डिल्लीराज पन्त, तारा लामा तामाङ, दयालबहादुर शाही, दामोदर भण्डारी, दीपकबहादुर सिंह, दीपा शर्मा, दीपक बोहरा, दुर्लभ थापा, नवलकिशोर साह, एनपी साउद, नारायणी शर्मा, नैनकला थापा, पशुपतिशमशेर जबरा, पुष्पकमल दाहाल प्रचण्ड, पुष्पबहादुर शाह, पृथ्वीसुब्बा गुरुङ, प्रतीक्षा तिवारी, प्रभु साह, प्रभु हजरा, प्रेमबहादुर महर्जन, वर्षमान पुन, वसन्तकुमार नेम्वाङ, वासुदेव घिमिरे, बुद्धिमान तामाङ, भानुभक्त जोशी, माधवकुमार नेपाल, माधव सापकोटा, माया राई, मुक्ताकुमारी यादव, मोहन आचार्य, मञ्जु शर्मा अन्सारी, योगेन्द्र मण्डल, योगेश गौचन थकाली, रघुवीर महासेठ, रणेन्द्र बराली, रमेश रिजाल, राजकिशोर यादव, राजकुमार गुप्ता, राजेन्द्र लिङ्देन, रुक्मणी राना बराइली, लालप्रसाद साँवा (लिम्बू), लीलानाथ श्रेष्ठ, बिजुला रायमाझी, विनोदकुमार चौधरी, विराजभक्त श्रेष्ठ, विश्वप्रकाश शर्मा, शरत्सिंह भण्डारी, डा. सुनीलकुमार शर्मा (एमबिबिएस), शंकर भण्डारी, सन्तोष चालिसे, सम्झना थपलिया, सर्वेन्द्रनाथ शुक्ल, सरस्वती बजिमय, सराज अहमद फारुकी, सरिता प्रसाईं, सुरेन्द्रराज आचार्य, सुवास नेम्वाङ, सोविता गौतम, संगीता मण्डल धानुक, सञ्जयकुमार गौतम, हरि ढकाल, हरिप्रसाद उप्रेती, हितराज पाण्डे, हेमराज राई, ज्ञानु बस्नेत सुवेदी ।

प्लस टु अमृतलाल राजवंशी, अमृतादेवी अग्रहरी, आशा विक, कल्पना चौधरी, कल्पना मियाँ कुसारी, कृष्णकुमार श्रेष्ठ, खमबहादुर गर्बुजा, गोमा लाभ, गंगाप्रसाद यादव, चन्दा चौधरी, चन्द्रबहादुर विश्वकर्मा, छिरिङ ल्हामु लामा -तामाङ), जवेदा खातुन जागा, टेकबहादुर गुरुङ (निलम्बित), दिनेशकुमार यादव, दीपक कार्की, दुर्गा राई, देवप्रसाद तिमलसेना, देवराज घिमिरे, धनबहादुर बुढा, नारायणप्रसाद आचार्य, प्रदीप यादव, प्रेम आले, बलराम अधिकारी, विन्दबासिनी कंसाकार, बिनिता कठायत, विमला सुवेदी, मञ्जु खाण, महेन्द्रकुमार राय, रणकुमारी बलम्पाकी मगर, रञ्जिता श्रेष्ठ, रमा कोइराला पौड्याल, रवि लामिछाने, राजु थापा, राजेन्द्रकुमार राई, रामकुमार राई, रामनाथ अधिकारी, रामशंकर यादव, लेखनाथ दाहाल, विक्रम पाण्डे, विनिताकुमारी सिंह, विष्णुकुमार कार्की, शान्ति विक, शिव नेपाली, सीताकुमारी राना, सूर्यकुमारी श्रेष्ठ, सोनु मुर्मू, ज्ञानबहादुर शाही (सिए अध्ययनरत) ।

एसएलसी अरुणकुमार चौधरी, अशोककुमार चौधरी, उमरावती देवी, उर्मिला थेबे, उर्मिला माझी, गंगा कार्की, दिक्पालकुमार शाही, निर्मला कोइराला, पूर्णबहादुर घर्ती, विनाकुमारी थैनत, विना देवी, मनोरमा शेरचन, महिन्द्र राय यादव, महेन्द्रबहादुर शाही, मानवीर राई, मीना तामाङ, राजेन्द्र बजगाईं, रूपा शोशी चौधरी, लक्ष्मी महतो कोइरी (निलम्बित), लालवीर चौधरी, लीलादेवी लिम्बू, विष्णुप्रसाद पौडेल, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सरस्वती सुब्बा, सुदन किराँती, सुशीला सिर्पाली ठकुरी, हर्कमाया विश्वकर्मा, हितबहादुर तामाङ ।

साधारण लेखपढ अम्मरबहादुर थापा (टेस्ट पास), आस्माकुमारी चौधरी (८ पास), ईश्वरबहादुर रिजाल, केपी ओली (मानार्थ पिएचडी), गीता बस्नेत, छिरिङ डम्डुल लामा (८ पास), दामोदर पौडेल बैरागी, पूर्णबहादुर तामाङ, मीना यादव, शान्ति चौधरी (८ पास) ।

विभूषण वितरणमा रोकिएला विकृति ?

संविधान दिवसमा घोषणा हुने विभूषणका लागि गृहमा दुई हजारभन्दा धेरै सिफारिस

नयाँ पत्रिका

विभूषण घोषणा हुने मिति नजिकिँदै गर्दा गृह मन्त्रालयमा सिफारिसको चाङ लागेको छ । अत्यधिक सिफारिसले गर्दा यस वर्ष पनि मापदण्डविपरीत धेरै विभूषण सिफारिस हुने सम्भावना देखिएको छ ।

विभूषण पाउने व्यक्ति छनोट र सिफारिसका लागि सरकारले उपप्रधानमन्त्री पूर्णबहादुर खड्काको नेतृत्वमा समिति गठन गरेको छ । समितिले विभिन्न निकायबाट सिफारिस भएका व्यक्तिहरूको सूची तयार गरिरहेको छ । सरकारले हरेक वर्ष ३ असोजमा संविधान दिवसको अवसरमा विभूषणको घोषणा गर्ने गरेको छ ।



गृह मन्त्रालय स्रोतका अनुसार विभूषणका लागि दुई हजारभन्दा धेरै व्यक्तिको सिफारिस आएको छ । गृह मन्त्रालयले बनाएको 'विभूषण सिफारिस कार्यविधि तथा एवं प्रदानसम्बन्धी मापदण्ड २०७५' ले भने एक वर्षमा प्रदान गरिने प्रमुख विभूषण संख्या नै स्पष्ट पारेको छ । तर, त्यो मापदण्ड उल्लंघन गरी सरकारले विभूषण प्रदान गर्दै आएको छ ।

कुन वर्ष कतिलाई ?

०७५/७६	५१८
०७६/७६	६३३
०७७/७८	५९३
०७८/७९	८८७
०७९/८०	९९३

मापदण्डमा नेपालरत्न मानपदवी एकजनालाई, राष्ट्रगौरव मानपदवी बढीमा दुईजनालाई दिन सकिने उल्लेख छ । त्यस्तै, महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी) र उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी) बढीमा पाँच-पाँचजना तथा सुकीर्तिमय राष्ट्रदीप (तृतीय श्रेणी) कीर्तिमय राष्ट्रदीप (चतुर्थ श्रेण) र राष्ट्रदीप (पञ्चम श्रेणी) बढीमा १०-१० जनालाई मात्र दिन सकिने उल्लेख छ ।

जनसेवा श्री प्रथम पाँच, जनसेवा श्री द्वितीय १०, जनसेवा श्री तृतीय ५०, जनसेवा श्री चतुर्थ ७५ तथा एक सयजनालाई मात्र दिन सकिने उल्लेख छ । तर, तोकिएको संख्याभन्दा धेरै वितरण हुँदा एकातर्फ विभूषणको गरिमा घट्दै गएको छ भने अर्कोतर्फ यसमा राज्यको भारसमेत बढ्दै गएको छ । गत वर्ष सरकारले नौ सय ९३ जनालाई विभूषण दिने निर्णय गरेको थियो । विभूषण सिफारिस गर्दा विवादास्पद व्यक्तिहरूसमेत परेपछि विवाद भएको थियो ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले विभूषणमा देखिएको विकृति आफूले हटाउने बताउँदै आएका छन् । तर, विभूषणमा शक्तिकेन्द्रबाटै सिफारिस आइरहेको गृह मन्त्रालयका अधिकारी बताउँछन् । 'तयारी हेर्दा यो वर्ष पनि विकृति रोकिने सम्भावना देखिएको छैन,' गृहका एक अधिकारी भन्छन्, 'दैनिकजसो विभूषणकै सिफारिस लिएर आउनेहरूको भिड लाग्न थालेको छ ।'

गृह मन्त्रालयका सहसचिव तुलसी श्रेष्ठ विभूषणका लागि आएका सिफारिसउपर अध्ययन भइरहेको र कतिलाई दिने विषयमा कुनै छलफल नभएको बताउँछन् ।

सुरक्षा निकायको बढुवामा विभूषणको नम्बर राखिएकाले पनि यसका लागि धेरैको दबाब पर्ने गरेको छ । मापदण्डमा भने एक वर्षमा नेपाली सेनाका २५, नेपाल प्रहरीका २०, सशस्त्र प्रहरीका १२ तथा राष्ट्रिय अनुसन्धान विभागका चारजनालाई मात्र विभूषण दिइने उल्लेख छ । यो मापदण्डको पालना हुन सकेको छैन । सुरक्षा निकायबाट पनि ठूलो संख्यामा सिफारिस आएको गृह मन्त्रालय स्रोत बताउँछ ।

छुट्टाछुट्टै दुर्घटनामा दुईजनाको मृत्यु

भरतपुर / चितवन र सुनसरीमा भएको सडक दुर्घटनामा शनिबार दुईजनाले ज्यान गुमाएका छन् । चितवनमा दुईवटा ट्रक आपसमा ठोक्किँदा एक ट्रकचालकको मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत राप्ती नगरपालिका-३ झुरझुरे वासुकी पेट्रोलपम्पनजिकै शनिबार भएको दुर्घटनामा ना.३ख ५४८८ नम्बरका ट्रकचालक नवलपरासी गैँडाकोट-१ का ४३ वर्षीय प्रकाश कुँवरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ । पश्चिमतर्फ जाँदै गरेको ना.३ख ५४८८ नम्बरको ट्रक र पूर्वतर्फ जाँदै गरेको प्र२-३-००२ ख ५६० ९ नम्बरको ट्रकआपसमा ठोक्किएका थिए ।

दुर्घटनामा परेर सख्त घाइते भएका चालक कुँवरको उपचारका क्रममा भरतपुरमा रहेको पुरानो मेडिकल कलेजको शिक्षण अस्पतालमा मृत्यु भएको चितवन प्रहरी कार्यालयका प्रवक्ता डिएसपी विजयराज पण्डितले जानकारी दिए । अर्को ट्रकका सहचालक गौतहटका रविनकुमार यादवको अवस्था सामान्य रहेको र चालक बारा निजगढका निकेश राउत कुर्मीको अवस्था खतरामुक्त रहेको डिएसपी पण्डितले बताए ।

यस्तै, सुनसरीको धरान-१३ जिरोप्वाइन्टमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । दौड प्रतियोगितामा भाग लिन पुगेकी बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानकी कर्मचारी अम्बिका माखिम र उनका पति प्रभुदयाल चौधरी सवार स्कुटरलाई बसले ठक्कर अम्बिकाको मृत्यु भएको हो । उनका पति चौधरी घाइते भएका छन् ।

बिपी प्रतिष्ठानको को.१क ११५९ नम्बरको बस ब्रेक फेल भई प्रदेश १ ०-०२-०५२ प १९५२ नम्बरको स्कुटीलाई ठक्कर दिएको थियो । स्कुटरलाई ठक्कर दिएको बस विद्युत्को पोलमा ठोक्किएर रोकिएको थियो । स्कुटीमा सवार अम्बिकाको घटनास्थलमै मृत्यु भएको प्रतिष्ठानका चिकित्सक उपेन्द्र यादवले जानकारी दिए । प्रतिष्ठानको ३०औं स्थापना दिवसको अवसरमा 'रन द माइल्स फिल द स्माइल' कार्यक्रम चिकित्सक कर्मचारीले आयोजना गरेका थिए ।

'सुरक्षित समाजका लागि नागरिक-प्रहरी हातेमालो आवश्यक'

काठमाडौं / काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) दीपक थापाले नागरिक र प्रहरीको सुदृढ सम्बन्धले मात्र समाज सुरक्षित र समृद्ध हुने बताउँदै प्रहरीसँग हातेमालेका लागि आग्रह गरेका छन् । सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र, बाँसबारी काठमाडौंको आयोजनामा शनिबार आयोजित शान्ति-सुरक्षासम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रममा उनले समाज तथा राष्ट्रमा शान्ति नभई विकास सम्भव नभएकाले नागरिक र प्रहरीको सहकार्यमा जोड दिएका हुन् ।

शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि समुदायिक-प्रहरी साझेदारीको अवधारणाबमोजिम सामुदायिक प्रहरीसँग हातेमालो गर्दै आफूले पाएको सूचनालाई प्रहरीसमक्ष दिन उनले अनुरोध गरे । नागरिकका सुझाव तथा सूचना गोप्य हुने प्रतिबद्धता व्यक्त गर्दै उनले सबै प्रकारका सामान्य तथा गम्भीर प्रकृतिका घटनालाई समेत प्रहरीसामु ल्याई अपराध नियन्त्रण र अनुसन्धान कार्यमा सक्रिय हुँदै 'पीडितलाई न्याय र पीडकलाई सजाय' दिलाउने कार्यमा हातेमालो गर्न जोड दिए ।

■ ६० किलो सुन तस्करी प्रकरण

भन्सारका अधिकृतसहित तीन कर्मचारी पक्राउ

नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको ६० किलो सुन तस्करीमा संलग्न रहेको आरोपमा प्रहरीले विमानस्थलस्थित भन्सार कार्यालयका तीनजना कर्मचारीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भन्सार अधिकृत पुष्पा जोशी, नायब सुब्बाद्वय वीरेन्द्र नेपाली र कमल परियार छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले एक महिनालेखि घटनाको अनुसन्धान गरिरहेको छ । यसक्रममा पक्राउ परेका २५ आरोपी सिआइबीको हिरासतमा छन् । गत २१ साउनदेखि सिआइबीले संगठित कसुरअन्तर्गत घटनाको अनुसन्धान गरिरहेको छ । भन्सार अधिकृत जोशी, नायब सुब्बाद्वय नेपाली र परियार सोही क्रममा पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले ६० किलो सुन तस्करी प्रकरणमा भन्सार कार्यालयका थप तीनजना कर्मचारी पक्राउ परेको जानकारी दिए । '६० किलो सुन तस्करी घटना सिआइबीले महिना दिनदेखि अनुसन्धान गरिरहेको छ । यही क्रममा थप तीनजना कर्मचारी पक्राउ परेका छन् । घटनामा संलग्न रहेको प्रमाण भेटिएपछि उनीहरूलाई पक्राउ गरिएको हो । सिआइबीको अनुसन्धान जारी छ । थप तथ्य खुल्दै जालान्,' उनले भने ।

प्रहरीका अनुसार पक्राउ परेका जोशीको घटनाका मुख्य नाइके तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङसँग उठबस रहेको खुलेको छ । दुईजनाबीच 'विच्याट'मा पनि कुराकानी हुने गरेको भेटिएको छ । कुराकानी सांकेतिक भाषाले हुने गरेको प्रहरीको भनाइ छ । दुईजनाबीच हुने उठबस र कुराकानी सुन तस्करीसँग सम्बन्धित रहेको खुलेपछि सिआइबीले उनलाई पक्राउ गरेको हो । उनीसँगै पक्राउ परेका नायब सुब्बाद्वय नेपाली र परियारको पनि दावासँग दाहोरो कुराकानी हुने गरेको भेटिएको छ । उनीहरूसँग पनि दावाले 'विच्याट'मार्फत नै कुरा गर्थे । 'विच्याट'मा सुन तस्करीसँग सम्बन्धित फोटोसमेत आदानप्रदान हुने गरेको फेला परेका छन् ।

'उनीहरूबीच तस्करीमा संलग्न अभियुक्तबीच सम्बन्ध रहेको देखिन्छ । विशेष गरी, दावासँग यिनीहरूको दोहोरो कुराकानी र उठबस हुने गरेको देखिन्छ । 'विच्याट'मार्फत कुराकानी हुनेरहेछ । यस क्रममा फोटो पनि आदानप्रदान हुने गरेको देखिन्छ,' सिआइबी स्रोतले भन्यो । राजस्व अनुसन्धान विभागले गत २ साउनमा विमास्थलस्थित भन्सार कार्यालयबाट बाहिरिँदै गरेको अवस्थामा मोटरसाइकल तथा स्कुटरको 'ब्रेक सु' बरामद गरेको थियो । सोही 'ब्रेक सु'भित्र लुकाएर ६० किलो सुन तस्करी गरिएको थियो । सुन हङकङबाट विमान हुँदै काठमाडौं ल्याइएको थियो ।

अपराध अन्तर्देशीय प्रकृति देखिएपछि अनुसन्धानका लागि सिआइबीले पहिलोपटक एसएसपी दिनेश आचार्यलाई गत १२ भदौमा हङकङ पठाएको थियो । उनी अहिले पनि हङकङमै छन् । घटनाको अनुसन्धान गर्न सिआइबीले डिएसपी धर्म भण्डारीलाई भारत पठाएको छ । उनले घटनामा आवश्यक सूचना संकलन गरिरहेको बुझिएको छ ।

घटनामा संलग्न रहेको अरोपमा प्रहरीले हालसम्म दावा छिरिङ, टयान मि, वेन तोङ, डिङ सेग्फा, ली-नेङकाई, याओ पुचेङ, ली वेन सुङ, गणेश पौडेल, किशोर बस्नेत, सुमन खरेललाई पक्राउ गरेको छ । सिआइबीका अनुसार पक्राउ परेका उनीहरू घटनाका मुख्य अभियुक्त हुन् । त्यस्तै, रामकुमार भुजेल, दिलीप भुजेल, हर्कराज राई, थाप्तेन छिरिङ, राजेन्द्र राई, अशोक लामा, जिक्वाङ लिन, राजन श्रेष्ठ, पुष्करराज भट्ट, कृष्ण श्रेष्ठ, यादव पराजुली, सुदर्शन गौतम, सन्तोष चन्द, कुमार ढकाल, सरोज श्रेष्ठ र सुरेन्द्र तामाङलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

निरन्तर सदन अवरुद्ध भएपछि बागमतीमा सर्वदलीय बैठक आह्वान

निर्वाचन क्षेत्रअनुसार बजेट विनियोजन गर्नुपर्ने, प्रत्यक्षसँगै समानुपातिक सांसदलाई समेत बजेट व्यवस्था गर्नुपर्नेलगायत सहमति कार्यान्वयन नभएसम्म सदन चल्न नदिने विपक्षीको अडान

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभामा एमालेसहितका विपक्षी दलहरूको चेतावनीपछि बस्न नसकेको प्रदेश सभा बैठक सञ्चालनका लागि सभामुख भुवनकुमार पाठकले आइतबार सर्वदलीय बैठक डाकेका छन् । दुई महिनापछि १८ भदौमा बोलाइएको बैठक एमालेसहितका विपक्षी दलको चेतावनीपछि आइतबारका लागि बोलाइएको छ । तर, आइतबारको बैठक पनि सञ्चालन हुने अवस्था नदेखेपछि सभामुखले सत्तापक्ष र प्रतिपक्षबीच सहमति जुटाउन सर्वदलीय बैठक बोलाएका हुन् ।

बैठक बिहान १० बजे बस्नेछ । सभामुख पाठकले लामो समयपछि बस्न लागेको बैठक निरन्तर सञ्चालन हुन नसके गलत सन्देश जाने भएकाले सदन सञ्चालनका लागि सर्वदलीय बैठक बोलाएको जानकारी दिए । 'आर्थिक विधेयक पारित भएपछि बैठक बस्न सकेको छैन । अहिले पनि बस्न लागेको बैठक सारिरहेमा गलत सन्देश जान्छ । त्यसकारण, आइतबारको बैठक नरोकियोस् भन्ने उद्देश्यले सर्वदलीय बैठक बोलाएको हुँ,' उनले उनले भने । पाठकले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूका तर्फबाट दलका नेता, सचेतक तथा प्रतिनिधिहरूलाई उपस्थित हुन आग्रह गरेको जानकारी दिए । २२ असारपछि प्रदेश सभा बैठक बस्न सकेको छैन । १८ भदौका लागि आह्वान गरिएको प्रदेश सभा बैठक पनि सरकार र विपक्षी दलहरूबीच सहमति हुन नसकेपछि तीनपटक स्थगित भइसकेको छ ।

एमाले र राप्रपाले चालू आर्थिक वर्ष ०८०/८१ को बजेट पारित गर्दाको समयमा विपक्षी दलहरूसँग गरेको सहमति कार्यान्वयन गर्न दबाब दिइरहेका छन् । उनीहरूले सहमति



आर्थिक विधेयक पारित भएपछि बैठक बस्न सकेको छैन । अहिले पनि बस्न लागेको बैठक सारिरहेमा गलत सन्देश जान्छ । त्यसकारण आइतबारको बैठक नरोकियोस् भन्ने उद्देश्यले सर्वदलीय बैठक बोलाएको हुँ ।

● **भुवनकुमार पाठक**, सभामुख, बागमती प्रदेश सभा

कार्यान्वयन नभएसम्म बैठक चल्न नदिने चेतावनी दिएसँगै बैठक प्रभावित बन्दै आएको छ । प्रतिपक्षी दलहरूले बजेट पास गर्दा भएको सहमति पालना गर्नुपर्ने १८ भदौमा तय भएको सदनको बैठकअघि बसेको कार्यव्यवस्था तथा परामर्श समितिको बैठकमै माग गरेका थिए । उनीहरूले सहमति कार्यान्वयन नभए सदन चल्न नदिने चेतावनी दिएपछि १८ र २० भदौमा तय भएको प्रदेश सभाको बैठक बस्न नसकेको हो ।

विपक्षी दलले विशेष गरी निर्वाचन क्षेत्रअनुसार बजेट विनियोजन गर्नुपर्ने, प्रत्यक्ष र समानुपातिक सांसदलाई समेत बजेटको व्यवस्था गर्नुपर्नेलगायत माग बजेट पास गर्दा राखेका थिए । उक्त समयमा सरकारले बजेट पारित गर्न एमाले र राप्रपासँग क्रमशः ४५ र २५ करोड रुपैयाँसम्मको योजना समावेश गर्ने सहमति गरेको प्रतिपक्षी दलहरूले दाबी गरेका छन् । उनीहरूले बजेट पास भएको दुई महिनासम्म पनि विपक्षीसँग गरेको सहमति कार्यान्वयनमा चासो नदिएपछि बाध्य भएर सदन चल्न नदिने चेतावनी दिनुपरेको दाबी गरेका छन् । एमाले मुख्य सचेतक मधुसुदन पौडेलले सरकारले विपक्षी दलहरूलाई पेलेर जाने मनसाय बनाएकाले समस्या भएको दाबी गरे । 'सदन सञ्चालन गर्ने वातावरण निर्माण गर्नुपर्ने दायित्व सरकारको हो । तर, सरकार बहुमतको बलमा विपक्षी दलहरूलाई पेलेर जाने सोचमा छ । यो हामीलाई कुनै पनि हालतमा मान्य छैन । सरकार आफ्नो सहमतिबाट भाग्न पाउँदैन,' उनले भने ।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले भने सरकारले विपक्षीले दिएको योजना तथा कार्यक्रम बजेटमा समावेश गर्ने विषय गत असारमै मन्त्रिपरिषद्बाट निर्णय गरेको जानकारी दिए । उनले सरकार विपक्षी दलहरूसँग गरेको सहमति पालना गर्ने विषयमा सचेत रहेको दाबी गरे । 'सरकार एमालेलगायतका विपक्षी दलहरूसँग बजेट पारित गर्दा गरेको सहमतिमा सकारात्मक छ । उनीहरूका योजना समावेश गर्ने सहमति भइसकेको छ । असारमै मन्त्रिपरिषद् बैठकबाट समेत ती विषय सम्बोधन गर्ने निर्णय भइसकेको छ,' उनले भने ।

आजबाट तीनदिने 'बिपी साहित्य महोत्सव'

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

काँग्रेसले पहिलोपटक 'बिपी साहित्य महोत्सव' आयोजना गर्दै छ । ११०औँ बिपी जन्मजयन्तीको अवसरमा काँग्रेसले बिपीको साहित्य र राजनीतिक योगदानलाई स्मरण गर्न लागेको हो ।

महोत्सव तयारी समिति संयोजक सहमहामन्त्री बद्री पाण्डेका अनुसार महोत्सवको तयारी पूरा भएको छ । उनले बिपीको राजनीति, साहित्य र विचारका आयामलाई एकीकृत रूपमा छलफलमा ल्याउन र युवा पुस्तालाई आकर्षित गर्न महोत्सव गर्न लागिएको जानकारी दिए । राजनीतिमा देखिएका गलत संस्कृतिको अन्त्य र असल संस्कृतिमा अभिमुख गराउनु महोत्सवको उद्देश्य रहेको उनको भनाइ छ ।

'बिपीको राजनीति, साहित्य र विचारका विविध आयामलाई एकीकृत ढंगले बृहत्तर रूपमा एकैपटक छलफलमा ल्याऔँ र नयाँ पुस्तामाझ बिपीलाई नवीकरण र हस्तान्तरण पनि गराऔँ भन्ने उद्देश्यले बिपी साहित्य महोत्सव गर्न लागेका हौँ,' उनले भने, 'यो कार्यक्रम गर्ने भनी पार्टीको केन्द्रीय समितिबाटै निर्णय गरेका थियौँ । यसबाट बिपीको साहित्य र विचारप्रति युवा आकर्षण बढ्नेछ र पठन संस्कृतिको समेत विकास हुनेछ भन्ने हाम्रो बुझाइ रहेकाले एउटा बृहत् उद्देश्य र ठूलो महत्त्वाकांक्षाका साथ यो महोत्सव आयोजना गरेका हौँ,' पाण्डेले भने ।



महोत्सव काँग्रेस केन्द्रीय कार्यालय सानेपामा तीन दिनसम्म चल्नेछ । महोत्सव काँग्रेसको आयोजना, नेपाली लेखक संघको संयोजन र निरन्तर शनिबार, नेपाल सांस्कृतिक संघ र फाइनआर्टको सहयोगमा हुनेछ । महोत्सवमा दैनिक एक कि नोट स्पिच, चार प्यानल डिस्कसन, डिस्कसनमाथि लाइभ आर्ट, चित्रकला र तस्बिर प्रदर्शनी र दैनिक एक डकुमेन्ट्री प्रस्तुत हुनेछ । कार्यक्रममा साहित्य र राजनीतिमा बिपीबारेका १२ सत्र मुख्य आकर्षणको रूपमा रहेका छन् । महोत्सवमा कविता साँझ, गजल साँझ, सांगीतिक साँझ, चित्रकला प्रदर्शनी, वृत्तचित्र प्रदर्शनी र ऐतिहासिक फोटो प्रदर्शनीसमेत समावेश छन् ।

पहिलो दिन प्राध्यापक अभि सुवेदीले बिपीको साहित्य सिर्जना र जीवनदर्शन, दोस्रो दिन प्राध्यापक आनन्द कुमारले 'मार्क्स, गान्धी र बिपी : आजको लोकतान्त्रिक समाजवादको खोजी' र तेस्रो दिन प्राध्यापक केदारभक्त माथेमाको 'बिपीको समाजवादमा शिक्षा कस्तो हुन्थ्यो होला ?' भन्ने विषयमा कि नोट स्पिच रहनेछ । पहिलो दिन कविता साँझ, दोस्रो दिन गजल साँझ र तेस्रो दिन सांगीतिक साँझ आयोजना हुनेछ । कार्यक्रममा मनोविश्लेषणात्मक साहित्य र व्यक्तिसत्ता, साहित्यमा पर्यावरण, समय र सबाल्टर्न, नेपालको मातृभाषा साहित्य, बिपीका आख्यानमा नारी, बिपीका आख्यानमा मधेश, बिपीका दृष्टिमा बिपी, बिपीले नपाएका १५ वर्ष, अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी, समावेशिता, सामाजिक रूपान्तरण र बिपी, युवा स्रष्टामा बिपी पठन र परिवारले बुझेका बिपी गरी १२ सत्र रहनेछन् ।

निर्वाचन प्रणालीका कारण कोशीमा समस्या : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले निर्वाचन प्रणालीका कारण कोशी प्रदेशमा समस्या आएको दाबी गरेका छन् । मिलेर अगाडि बढ्नु वा मध्यावधिमा जानुको विकल्प नभएको उनको भनाइ छ । पार्टीनिकट एकीकृत ट्रेड युनियन महासंघ नेपाल (आईसिटियू)को कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै नेपालले भने, 'कोशीमा कतिवटा सरकार बनिसक्यो ? पहिले एउटा मुख्यमन्त्री थिए । उनले विश्वासको मत लिन सकेनन्, अर्को मुख्यमन्त्री भए । फेरि अहिले अर्को मुख्यमन्त्री भए । अब कहिलेसम्म यस्तो चल्ने हो थाहा छैन । निर्वाचन प्रणालीका कारण यस्तो अवस्था आयो । जटिल अवस्थामा दुईवटा मात्रै विकल्प छन्- मिलेर अगाडि बढ्नु वा मध्यावधिमा जानु ।'

मध्यावधिमा गए एकीकृत समाजवादीलाई फाइदा हुने नेपालको विश्लेषण छ । एकीकृत समाजवादीका कोशीमा चार सांसद छन् । मध्यावधिमा गए अहिलेको भन्दा दोब्बरदेखि तेब्बरसम्म जित्ने नेपालको दाबी छ । यद्यपि, नेपालले मुलुक आर्थिक संकटमा रहेका वेला मिलेरै अगाडि बढ्नु राम्रो हुने उनले बताए । देशमा समस्या पर्दा एकीकृत समाजवादीको खोजी हुने गरेको उनले स्मरण गरे ।

लोकतन्त्रविपरीतका गतिविधि नगर्न नेम्वाङको आग्रह

धरान/ एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले पहिचानको नाममा लोकतन्त्रविपरीतका गतिविधि नगर्न आग्रह गरेका छन् । एमालेको भ्रातृसंगठन युवा संघ नेपाल कोशी प्रदेशको प्रथम अधिवेशनलाई शनिबार सम्बोधन गर्दै उनले लोकतन्त्रमा विरोध गर्न पाइने भए पनि कसैलाई निषेध वा भौतिक आक्रमण गर्न नपाइने बताए । एमाले पहिचानविरोधी पार्टी नभएको बताउँदै उनले आफ्नो पार्टीको नेतृत्वमा पहिचानका मुद्दा स्थापित भएको दाबी गरे । नेम्वाङले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउनेदेखि लिएर सर्वस्वीकार्य संविधान घोषणा तथा महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूति घोषणा गर्ने काम एमालेको नेतृत्वमा भएको बताए ।

राष्ट्रिय युवा संघले कोशी प्रदेशको अधिवेशन धरानमा गर्ने भएपछि पहिचानवादीहरूले विरोध गरेका थिए । पहिचानवादीहरूले कोशी प्रदेश नामाकरण आफूहरूलाई स्वीकार्य नभएको भन्दै युवा संघलाई कोशी प्रदेश लेखिएको ब्यानर प्रयोग नगर्न आग्रह गरेका थिए । तर, युवा संघले ब्यानरमा कोशी प्रदेश प्रयोग गरेपछि पहिचानवादीहरूले विरोध प्रदर्शन गरेका थिए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-९७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३३६९२ अन्तर्गत मिति २०७१/०५/१२ मा प्राईभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम रजिष्ट्रर/दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं ४ स्थित **तिलगंगा अटो पार्टस** **प्रोप्राईटर तथा जमानीकर्ता : गिता पाण्डे (कोईराला)** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : केशवराज कोईराला ससुरा : झविलाल पाण्डे पति : देवलाल पाण्डे	**२) गिता पाण्डे (कोइराला)** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : केशवराज कोइराला ससुरा : झविलाल पाण्डे पति : देवलाल पाण्डे
	जमानीकर्ताहरुको विवरण	
	१) दीर्घ कुमारी पाण्डे स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.प. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : तारापति चापागाई ससुरा : मनिश्चर पाण्डे पति : झविलाल पाण्डे	**२) झविलाल पाण्डे** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.प. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : मनिश्चर पाण्डे बाजे : जय नारायण पाण्डे	**३) देवलाल पाण्डे** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं २ बाबु : झविलाल पाण्डे बाजे : मनिश्चर पाण्डे
	ऋणीको विवरण	
	३) देवलाल पाण्डे स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : झविलाल पाण्डे बाजे : मनिश्चर पाण्डे	
	जमानीकर्ताहरुको विवरण	
	१) दीर्घ कुमारी पाण्डे स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.प. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : तारापति चापागाई ससुरा : मनिश्चर पाण्डे पति : झविलाल पाण्डे	**२) झविलाल पाण्डे** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.प. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : मनिश्चर पाण्डे बाजे : जय नारायण पाण्डे	**३) गिता पाण्डे (कोईराला)** स्थायी ठेगाना : स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बाबु : केशवराज कोईराला ससुरा : झविलाल पाण्डे पति : देवलाल पाण्डे
	धितोको विवरण १) तारापति चापागाईकी छोरी, मनिश्चर पाण्डेकी बुहारी, झविलाल पाण्डेकी पत्नी, स्याङ्जा जिल्ला, पिडीखोला गा.प. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बस्ने दीर्घ कुमारी पाण्डेको नाममा मालपोत कार्यालय, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सौफर्सटिकर गा.वि.स. वडा नं ७ क (हाल शुद्धोधन गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८३ र ६४९ को क्षेत्रफल क्रमश : ०-३-१-० र ०-६-१९.५०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) केशवराज कोईरालाकी छोरी, झविलाल पाण्डेकी बुहारी, देवलाल पाण्डेकी पत्नी, स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बस्ने गिता पाण्डे (कोईराला)को नाममा मालपोत कार्यालय परासी, नवलपरासीको लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. १ क (हाल : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ५३३ को क्षेत्रफल ०-६-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) मनिश्चर पाण्डेको नाती, झविलाल पाण्डेको छोरा, स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बस्ने देवलाल पाण्डेको नाममा मालपोत कार्यालय परासी, नवलपरासीको लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ८ ज स्थित कित्ता नं. १२४ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) मनिश्चर पाण्डेको नाती, झविलाल पाण्डेको छोरा, स्याङ्जा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. २ बस्ने देवलाल पाण्डेको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ३ क (हाल तिलोतमा न.पा. वडा नं. २) स्थित कित्ता नं. ५८४२ को क्षेत्रफल ०-०-१२.७५-० र रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ८ ख (हाल तिलोतमा न.पा. वडा नं.६) स्थित कित्ता नं. १२२० र १२२१ को क्षेत्रफल क्रमश : ०-०-१०-० र ०-०-१०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ५) तिलगंगा अटो पार्टसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३२९८२/०७०/७१ स्था. व्या. अन्तर्गत मिति २०७१/०१/०२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १३ स्थित **लुनिमा ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: राजु श्रेष्ठ** स्थायी ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : रत्न प्रसाद श्रेष्ठ बाजे : राम बहादुर श्रेष्ठ	**सुनिता श्रेष्ठ** ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : मोहन बहादुर श्रेष्ठ ससुरा : रत्न प्रसाद श्रेष्ठ पति : राजु श्रेष्ठ
	धितोको विवरण १) रुद्र प्रसादकी नातिनी, मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २ घ (हाल बुटवल उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ४७७५ को क्षेत्रफल ०-०-९-०(विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रुद्र प्रसादकी नातिनी, मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५ (हाल बुटवल उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. २५८ को क्षेत्रफल १२९.९१ (व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सवारी मोडल: Mahendra Bolero SC XL FB 2WD PS | च्यासिस नं.: MA1ZN2GHKJ1G62731 | ईन्जिन नं.: GHJ1G12350 | सवारी दर्ता नं.: लु २ च ४९३४ ४) सवारी मोडल : RENAULT Capture RXT Daul | च्यासिस नं. : MEERHA00XJ5006382 | ईन्जिन नं.: E001651 | सवारी दर्ता नं. : बा २० च ६५०६ ५) लुनिभा ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नबिल बैंक लिमिटेड, हिले शाखा, धनकुटाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०५/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१	**ऋणी नाम र ठेगानाको विवरण** धनपति अधिकारीको नाति, विष्णु अधिकारीको छोरा, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०४ स्थायी घर भइ हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ०२ बस्ने, नागरिकता नं. ०४/०१/७०/२५५५०, (जारी मितिः २०७४/१२/२६, स्थान झापा) भएको **श्री प्रकाश अधिकारी ।** **जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** हरि नन्द अधिकारीको नाति, धनपति अधिकारीको छोरा, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ०४ स्थायी घर भइ हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. ०२ बस्ने, नागरिकता नं. ०४/०१/७०/१५७८१ (जारी मितिः २०७०/०३/२३, स्थान झापा) भएको **श्री विष्णु अधिकारी ।**
२	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, विभागमा, मिति २०६७/०७/११ मा प्रा.फ.र.नं. १६७/०६७/०६८ अन्तर्गत दर्ता भएको **श्री प्रियामनी श्रृंगार पसल ।** ठेगानाः धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ७, बसपार्क, धनकुटा । **ऋणी फर्मका प्रोप्राइटर :** पृथवर्त नारायण सिंह राईकी छोरी, गन्जहाङ्ग राईकी बुहारी, मानुभक्त राइकी श्रीमती, धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ८ स्थायी घर भई हाल धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ७ बस्ने, नागरिकता नं. १/५३८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: धनकुटा, मितिः वि.सं. २०४९/२/१३ भएकी **श्रीमती निरुपा राई ।** **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** १. ध्यान बहादुर राईको नाति, गन्जहाङ्ग राईको छोरा, धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ८ स्थायी घर भई हाल धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ७ बस्ने, नागरिकता नं. १७२७८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: धनकुटा, मितिः वि.सं. २०४३/३/४ भएको **श्री मानुभक्त राई

मल्टी स्टारर वेलकम-३

अक्षय कुमारले शनिबार आफ्नो ५६औँ जन्मदिनका अवसरमा नयाँ फिल्म 'वेलकम-३' को एक भिडियो सामाजिक सञ्जालमा सेयर गरेका छन् । २० डिसेम्बर २०२४ मा रिलिज हुने यस फिल्ममा सञ्जय दत्त, सुनील सेट्टी, अर्सद वारसी, परेश रावल, राजपाल यादव, दिशा पाटनी, ज्याकलिन फर्नान्डेज, रविना टन्डन, लारा दत्तलगायट स्टार कलाकारहरूको अभिनय छ ।





ब्रह्मास्त्रको सिक्वेल बन्ने

रणवीर कपुर र आलिया भट्ट स्टारर फिल्म ब्रह्मास्त्र रिलिज भएको एक वर्ष पूरा भएको छ । यस अवसरमा निर्देशक अयान मुखर्जीले फिल्मको दोस्रो र तेस्रो भाग पनि बनाउने घोषणा गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत यस्तो घोषणा गरेका हुन् । ब्रह्मास्त्रमा अमिताभ बच्चन, शाहरूख खान, नागार्जुनलगायत सुपरस्टार पनि देखिएका थिए ।

सहरमा अर्गानिक उत्पादन





• पवन बराइली

दरबारमार्गस्थित ओरियन्ट क्याफेमा हरेक शनिबार सुमिना भट्टराईले सातु र पिठो बिक्री गर्छिन् । ओखलढुंगा सिद्धिचरण गाउँपालिका चार्कुकी स्थायी बासिन्दा भट्टराई हाल ललितपुर कुपन्डोल बस्छिन् । गाउँबाट मकै, जौ, फापरलगायत खाद्यान्न मगाएर सातु बनाएर बिक्री गर्ने गरेको उनले बताइन् । 'घरमै भुटेर सातु बनाउँछु । विशेष गरी बच्चाको लिटोका लागि प्रयोग हुने जौको सातु, चना, गहुँ, मकै फापर गाउँबाट मगाएर बनाउँछु,' उनले भनिन्, 'थोरै उत्पादन गर्छु, दिनको चार-पाँच हजार बिक्री हुन्छ । रैथाने हाटबजारले बिक्री गर्ने ठाउँ उपलब्ध गरेको छ । यसले हामीजस्ता महिलालाई रोजगारी प्रदान गरेको छ ।'

नुवाकोटकी गीता ढकालले पनि यहाँ कागती, ताइचिन चामल, मकैको पिठो, सालको पात बेच्ने गर्छिन् । नुवाकोटस्थित जग्गामा उत्पादन भएका स्थानीय उत्पादन काठमाडौं ल्याएर बिक्री गर्ने गरेको उनले बताइन् ।

दरबारमार्गस्थित ओरियन्ट क्याफेमा रैथाने एग्री प्रोडक्ट्स नेपालले हरेक शनिबार बिहान ६ देखि १२ बजेसम्म हाटबजार आयोजना गर्छ । यहाँ कृषकले स्थानीयस्तरमा उत्पादित सामग्री बोकेर ल्याउँछन् र बिक्री गर्छन् । रैथाने एग्री प्रोडक्ट्सका अध्यक्ष तिलक ढकाल नेपाली रैथाने कृषि उपजको प्रवर्द्धन गर्ने लक्ष्य राखेको बताउँछन् । 'हाटबजारमा रैथाने कृषि उत्पादन किन्न उपभोक्ताको घुइँचो लाग्छ । हाटमा हुम्लाको मह, डोल्पाको सातु र यार्सागुम्बा पाइन्छन् । रैथाने जातका विभिन्न तरकारी जस्तै- निउरो, मस्यौरा, स्थानीय केरा, कोदोसम्म पाइन्छन्,' उनले भने ।

साउन १ गतदेखि सुरु भएको रैथाने कृषि हाटबजारमा नेपालका ३० भन्दा बढी जिल्लाका ३७ स्टल रहेको उनको भनाइ छ । उनी भन्छन्, 'हामीले विशेष गरेर युवा साना व्यवसायी तथा एकल महिलालक्षित गरेका छौं । दूरदराजका किसानलाई प्राथमिकतामा राखेका छौं । साना तथा नयाँ उद्यमी, सिर्जनशील उद्यमी, उत्पादक र किसान उपभोक्ताबीच छलफल होस् भन्ने हेतुले गरेका हौं ।'

काठमाडौंको शंखमूलस्थित जिरी लेकाली हाटघरमा ४० भन्दा बढी स्थानीय उत्पादन पाइन्छन् । व्यवसायी लीलाराम खड्काले दोलखामा उत्पादित सामग्रीलाई काठमाडौंमा प्रवर्द्धन गर्ने उद्देश्यले यो हाटबजार सुरु गरिएको बताए । 'स्थानीयस्तरमा उत्पादन भएका अन्न र तरकारीको प्रवर्द्धनका लागि यो अवरधाणा ल्याएका हौं । काठमाडौं र अन्य जिल्लामा पनि विस्तार गरेर दोलखाका उत्पादन पुऱ्याउने हाम्रो योजना छ,' उनले भने ।

यस हाटबजारमा जिरीमा उत्पादित पहँलो च्याउ, घ्यू, चिज, छुर्पी, कोदो, जौ, फापर, अकबरे खुसानीलगायत विभिन्न खाद्यान्न पाइन्छन् । कृषिलाई पर्यटनसँग जोड्नका लागि हिमाली भेगका कृषि उत्पादनको प्रचार-प्रसार आवश्यक रहेको उनले बताए । 'कुनै पनि ठाउँको खाद्यान्नको प्रवर्द्धन हुनु भनेको त्यस ठाउँको पनि प्रवर्द्धन हुनु हो । यसले पर्यटकलाई उक्त ठाउँ घुम्नका लागि प्रेरित गर्छ,' पर्यटन अभियन्तासमेत रहेका खड्काले भने ।

होटेल, रेस्टुरेन्ट तथा तारे होटलमा पनि रैथाने परिकारप्रति आकर्षण बढ्दो रहेको द सोल्टीका सिनियर सु-सेफ आरबी बुढाथोकीले बताए । 'रैथाने खानेकुरालाई विदेशीले पनि निकै रुचाउँछन् । सहरवासीमा पनि यसप्रति आकर्षण बढ्दो छ । बर्गर र पिज्जा खाएर वाक्क भइसकेका मानिस रैथाने खानेकुराको स्वाद चाख्न चाहन्छन्,' उनले भने ।

यसकारण चाँडो सुत्ने, चाँडै उठ्ने





डा. डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ

बिहान सबैरै उठ्नाले स्वच्छ वातावरणमा सकारात्मक जीवनशैलीको ऊर्जा मिल्छ । शारीरिक तथा मानसिक रूपमा पनि आराम भइसकेको हुनाले बिहान उठ्दा शरीरमा पुनर्ताजगी आउँछ ।

भनिन्छ, बेलुका छिटै सुत्ने र बिहान चाँडो उठ्ने मानिस जीवनमा सफल हुन्छन् । यस्तो दैनिकीले सफलतासँगै स्वास्थ्यमा समेत सकारात्मक भूमिका खेलिरहेको हुन्छ ।

• यद्यपि, बेलुका खाना खानेबित्तिकै सुत्नु भने हुँदैन । खाना खाएपछि पनि त्यो नपचुन्जेल सक्रिय हुन आवश्यक छ । यदि, लगत्तै सुतेमा मोटोपनासँगै विभिन्न समस्या देखिन सक्छन् ।

• त्यसैले खाना खाएको डेढ घन्टापछि सुत्नु उपयुक्त हुन्छ ।

• बेलुका ९ देखि १० बजेभित्र सुतिसक्नु राम्रो हो । स्वस्थ जीवनका लागि दैनिक ६ देखि ८ घन्टा आनन्दले सुत्नु आवश्यक हुन्छ ।

• बेलुका चाँडै सुते बिहान सबैरै उठ्न सकिन्छ । बेलुका शारीरिक तथा मानसिक रूपमा थकित महसुस हुने भएकाले ऊर्जाशील कामका लागि बिहानको जस्तो जाँगर चल्दैन ।

• सामान्यतया बिहानको हावापानी तथा वातावरण स्वच्छ र स्वस्थ हुन्छ । बिहान सबैरै उठ्नाले स्वच्छ वातावरणमा सकारात्मक जीवनशैलीको ऊर्जा मिल्छ । शारीरिक तथा मानसिक रूपमा पनि आराम भइसकेको हुनाले बिहान उठ्दा शरीरमा पुनर्ताजगी आउँछ । त्यसैले नयाँ कामका लागि बिहानीको समय उपयुक्त हो ।

बैठक कोठामा लाइटिङको चयन



बैठक कोठालाई आकर्षक बनाउन लाइटिङमा विशेष ध्यान दिनुपर्छ । आकर्षक डेकोरेटेड लाइटिङ सामग्रीको प्रयोगले सुन्दरता बढाउनुका साथै कोठालाई उज्यालो पनि बनाउँछ । झ्यालबाट प्राकृतिक प्रकाश कम आउने कोठा भएमा लाइटिङको जडानमा विशेष सजगता अपनाउनुपर्छ । यस्तो कोठामा सबैभन्दा फोकस लाइटिङमा गर्नुपर्छ । कोठाको आकार तथा उचाइअनुसार उपयुक्त हुने झुमर, ल्याम्प वा अन्य डेकोरेटेड लाइट प्रयोग गर्न सकिन्छ । कोठामा राखिएका तस्बिरमा ट्रेस लाइट तथा डेकोरेटेड लाइट प्रयोग गर्न सकिन्छ । फरक-फरक डिजाइनको बत्तीको प्रयोगले नयाँ अनुभूति पनि दिन्छ ।

बैठक कोठामा रङको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । हलुका रङ लगाउँदा कोठा उज्यालो तथा ठूलो देखिन्छ । ब्राउन, क्रिमजस्ता डिसेन्ट कलरमा फोकस गर्दा ड्राइङ रुमको महत्त्व झल्कन्छ । यस्तो कलर लगाउँदा परिवारका सदस्य तथा आएका पाहुनालाई समेत आनन्दको अनुभव दिन्छ । जसले गर्दा मानसिक वा शारीरिक थकान भएकाहरू सो कोठामा आराम गरेर बस्दा उत्साह प्राप्त हुन्छ ।

कपाल आकर्षक बनाउन...



शर्मिला बञ्जारा
ब्युटिसियन
निर्भाना मेकअप स्टुडियो



सुरुमा कपाल नुहाएपछि हिट प्रोटेक्टरको प्रयोग गर्नुपर्छ । अनि आइरन प्रयोग गर्नुपर्छ । आइरनको प्रयोग गर्दा कपाल डढ्ने, जल्ने समस्या पनि हुन सक्छ । यसतर्फ ध्यान दिनुपर्छ । आइरन गरेको छ वा हेयर कलर गरेको छ भने हेयर सेटिङ स्प्रे प्रयोग गर्न सकिन्छ । हेयरलाई ट्रिट गर्दा ट्रिटमेन क्रिम लगाएर एकछिन राखेर धुँदा राम्रो हुन्छ । यस्तो गरे कपाल ड्यामेज हुने, कपालमा समस्या आउने कम हुन्छ ।

विवाहित महिला हुनुहुन्छ, साडी लगाउँदै हुनुहुन्छ भने आफ्नो कपाललाई सर्लक्क कोरेर, पछाडि लगेर लो फन्स बन बनाउनुभयो भने राम्रो देखिन्छ ।

कुर्ता लगाउँदै हुनुहुन्छ, अविवाहित हुनुहुन्छ भने कपाललाई स्ट्रेट बनाएर आइरन गरेर छोड्न पनि सकिन्छ । सिउँदो कताबाट फर्काउने भन्ने पनि ध्यान दिनुपर्छ । अगाडि कपाललाई बफ गर्दा पनि राम्रो देखिन्छ । मेकअप कस्तो गरिएको छ, कस्तो कपडा लगाउँदै हुनुहुन्छ, त्यसले पनि फरक पार्छ ।

आँखा पाक्ने रोग फैलन नदिने उपाय



डा. सञ्जीव भट्टराई
एम अप्टम, ओडी
उपप्राध्यापक
महाराजगन्ज मेडिकल क्याम्पस

आँखा पाक्ने रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सहजै सर्न सक्छ । मानिसले आँखा चिलाएपछि त्यसमा हातले चलाउन सक्छन् । त्यसक्रममा हातमा चिप्रा पर्छ । त्यही हातले अर्को आँखामा छुँदा अर्को आँखा पनि संक्रमित हुन सक्छ । बिरामीले प्रयोग गर्ने रुमाल, कपडा, सिरानीको खोल, तन्ना अर्को व्यक्तिले प्रयोग गर्दा रोग सर्न सक्छ । त्यसैले यस रोगबाट बच्न सतर्कताका केही उपाय अवलम्बन गर्नुपर्छ ।

• आँखा चिलायो भन्दैमा रगड्नु हुँदैन । चिसो पानीमा सफा कपडा भिजाएर वा बरफलाई कपडाले बेरेर सेक्न सकिन्छ । दुईवटै आँखा संक्रमित छ भने फरक-फरक कपडा वा बरफ प्रयोग गर्नुपर्छ । आँखा सफा गर्दा डिस्पोजेबल टिस्यु पेपर प्रयोग गर्न सकिन्छ । सफा रुमालले पनि सफा गर्न सकिन्छ ।

• आँखामा रहेको चिप्रा सफा गर्नुअघि र गरिसकेपछि साबुनपानीले हात धुन बिर्सनुहुँदैन ।

• आँखा पाकेपछि सकभर बाहिर निस्कनुहुँदैन । बच्चालाई स्कुल पठाउनुभएन । कामकाजी व्यक्ति कार्यालय जानुभएन । आइसोलेसनमा बस्नु राम्रो हुन्छ । भिडभाडमा जानुहुँदैन । बाहिर निस्कने परे कालो चस्मा लगाएर जानु राम्रो हुन्छ । यसो गर्दा अन्य व्यक्तिमा संक्रमण सर्ने जोखिम कम हुन्छ । आँखामा धुलो-धुवाँ पनि पर्न पाउँदैन । हेर्न पनि सजिलो हुन्छ ।

• शृंगारको सामग्री चलाउनुभएन । मेकअपमा केमिकल हुने भएकाले त्यसले आँखामा असर गर्न सक्छ ।

• आफूखुसी औषधि प्रयोग गर्नुभएन । चिकित्सकलाई देखाएर मात्रै औषधि प्रयोग गर्नुपर्छ ।

• यस समय बिरामीले खानपानमा पनि ध्यान दिनुपर्छ । भिटामिनयुक्त खानेकुरा, जस्तै- हरियो सागसब्जी, दूध, फलफूलको प्रयोग यस समय अलि बढी गर्नु राम्रो हुन्छ । पानी पर्याप्त पिउनुपर्छ ।

• कुनै समस्या देखिएमा विशेषज्ञ चिकित्सकसँग परामर्श गर्नुपर्छ ।



सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०७९/०९/०७ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दाबी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	
उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको **जि.के. जेनरल स्टोर्स** । **प्रोप्राइटर : गोकर्ण दनुवार**	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **गोकर्ण दनुवार** (ना.प्र.नं.१९७, जारी मिति २०६२/०१/१२, जि.प्र.का. उदयपुर) ।	२. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **विर बहादुर दनुवार** (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर) ।
३. विर बहादुर दनुवारको बुहारी, सुमन दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **धन माया दनुवार** (ना.प्र.नं. १४-०२-७४/०११८७, जारी मिति २०७४/०४/३२, इ.प्र.का.कटारी, उदयपुर) ।	४. विर बहादुर दनुवारको बुहारी, यम बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **पर्मिला दनुवार** (ना.प्र.नं. १४२०३६/४१८०, जारी मिति २०७२/०३/२१, इ.प्र.का. कटारी, उदयपुर) ।
५. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **सुमन दनुवार** (ना.प्र.नं. १४१०३६/१०१३१४, जारी मिति २०६६/११/०४, जि.प्र.का. उदयपुर) ।	६. विर बहादुर दनुवारको बुहारी, दल मान दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **दिल कुमारी दनुवार** (ना.प्र.नं. १४-०७-०३६/२६९, जारी मिति २०६३/११/०७, जि.प्र.का. उदयपुर) ।
७. मैत बहादुर दनुवारको बुहारी, विर बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **लाली दनुवार** (ना.प्र.नं. २१५४, जारी मिति २०४३/०९/२८, जि.प्र.का. उदयपुर) ।	८. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **यम बहादुर दनुवार** (ना.प्र.नं. ५१६९२/३४८०, जारी मिति २०५८/०७/१६, जि.प्र.का. उदयपुर)
९. विर बहादुर दनुवारको बुहारी, गोकर्ण दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **रिता दनुवार** (ना.प्र.नं. १४२०३६/४४०१, जारी मिति २०७२/०४/२८, इ.प्र.का. कटारी, उदयपुर) ।	
धितोको विवरण	
१. उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको जि.के. जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण। २. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने विर बहादुर दनुवार (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको उदयपुर जिल्ला साविक कटारी गा.वि.स./न.पा. वडा नं. ८ हाल उदयपुर जिल्ला, कटारी गा.पा. वडा नं. ०४ स्थित कि.नं. १५६९, ३४२८ र २२९ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-३-१५.५-० र ०-३-६-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

Siddhartha Bank
शाखा कार्यालय : कटारी, उदयपुर,
फोन : ०३५-४५०४३४
Website : www.siddharthabank.com

कांग्रेसको जीवनमा राजनेता बिपी

कांग्रेसले बिपीको राजनीतिक व्यक्तित्व, योगदान, विचार र चिन्तनमाथि बहस र छलफल कार्यक्रम आयोजना गर्ने नैतिक हैसियत गुमाइसकेको छ



● लोकेश ढकाल

अग्रलेख

आज २४ भदौ, राजनेता बिपी कोइरालाको ११०औँ जन्म जयन्ती ! यसपटक नेपाली कांग्रेस केन्द्रीय कार्यालयले पार्टीका संस्थापक, पूर्वसभापति, प्रथम जननिर्वाचित प्रधानमन्त्री एवम् महान् राजनीतिक विचारक बिपी कोइरालाको जन्म जयन्ती मनाएन । केवल साहित्यकार बिपी कोइरालाको जन्म जयन्ती मनाइरहेको छ ।

कांग्रेसको फाउन्डिङ प्रिन्सिपल, नेपाली राजनीति र स्वयं कांग्रेस पार्टीका लागि बिपीले सेट गरिदिएको विचार र चिन्तनविपरीत गएको कांग्रेसले आफ्ना संस्थापक नेता, महान् विचारक कोइरालाको जन्म जयन्ती, स्मृति दिवस, राष्ट्रिय एकता र मेलमिलाप दिवस आदि प्रसंगमा बिपीलाई सम्झने, बिपीको राजनीतिक व्यक्तित्व, योगदान, विचार र चिन्तनमाथि बहस र छलफल कार्यक्रम आदि आयोजना गर्ने नैतिक हैसियत गुमाइसकेको छ । सायद त्यो हैसियत गुमाएकै कारण यसपटक कांग्रेसले चलाखीपूर्वक राजनेता बिपी कोइरालाको जन्मजयन्ती नमनाई बिपी साहित्य महोत्सवका नाममा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जन्म जयन्ती मनाएर आफ्नो कर्मकाण्ड पूरा गर्दै छ ।

यसपटक विगतमा भन्दा अनौठो घटना देखिँदै छ । बरु राप्रपाले पहिलोपटक आज बिपी जयन्तीको अवसरमा 'आजको सन्दर्भमा राष्ट्रिय एकता र मेलमिलाप नीतिको अन्तर्य र औचित्य' विषयक विचार गोष्ठीको आयोजना गरी बिपी जन्म जयन्ती मनाउँदै छ । विरोधका लागि विरोध गर्नेहरूले के हैसियतमा राप्रपाले बिपी जन्म जयन्ती मनाएको भनेर विरोध गरेको पनि सुनिन्छ, तर यस प्रसंगमा राप्रपाको विरोध गर्नुको औचित्य देखिन्न, बरु 'क्याबात' भनेर राप्रपाको नयाँ कदमको स्वागत गर्नु उचित हुन्छ, राप्रपाको यो हार्दिकतापूर्ण राजनीतिक सुरुवातलाई सबैले स्वागत गर्नुपर्छ । निश्चय नै बिपी कोइरालाको व्यक्तित्व, उहाँको नेपाली राजनीति र साहित्यमा भएको अतुलनीय योगदान अनि विचार र चिन्तन कांग्रेसको मात्र निजी सम्पदा होइन । यो सिंगो राष्ट्रकै सम्पत्ति हो । कांग्रेस र नेपाली राष्ट्रिय राजनीतिका लागि बिपी कोइरालाले राष्ट्रियता, प्रजातन्त्र र समाजमाथि दिएको विचार र नेपालको राष्ट्रियतामाथि मडारिएको खतरालाई ध्यान राखेर राष्ट्र जोड्न, राष्ट्रियतालाई बलियो बनाउन ०३३ सालमा राष्ट्रसामु राखेको राष्ट्रिय एकता र मेलमिलापको नीति आमनेपालीको सम्पत्ति हो । अब कसैले त्यसको स्वामित्व दाबी गरेर स्वार्थको राजनीति गर्नुभन्दा त्यस विचार र चिन्तनलाई देशको राष्ट्रियताको प्रवर्द्धन गर्ने र देश निर्माण गर्ने मन्त्रका रूपमा साझा सहमतिको विषय बनाउनु उचित हुन्छ ।

आज कांग्रेसको जीवनमा बिपी खोज्नुपर्ने अवस्था आएको छ । पार्टी कार्यालय र नेता कार्यकर्ताका घरका बैठकमा बिपीका सुन्दर तस्बिर राखेर मात्र हुँदैन । कांग्रेसको राजनीतिक दस्ताबेज र विधानमा बिपीको तस्बिर धूमिल भएको छ । उहाँको विचार र चिन्तन पाउन गाह्रो भएको छ । वास्तवमा अहिले बिपी मात्र होइन, पार्टीको गलत नीति र खराब नेतृत्वका कारण कांग्रेसको जीवनमा कांग्रेस खोज्नुपर्ने दुःखद अवस्था सिर्जना भएको छ ।

बिपीको मेलमिलापको प्रस्तावलाई सबै राजनीतिक दल र शक्तिले स्वीकार गरेको भए विदेशी शक्तिले नेपालका राजनीतिक दलहरूको साथ लिएर षड्यन्त्रको तहमा राजसंस्थाको पतन गर्न सक्ने थिएनन् । बिपी विचार चिन्तनलाई छोडेर, पार्टीका मौलिक सिद्धान्तलाई पर्वाह नराखी केवल सत्ताको लक्ष्य बनाएकै कारण बिपीले सुवर्ण शमशेर, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, कृष्णप्रसाद भट्टराई आदिसँग मिलेर गठन गरेको इतिहासको त्यो गौरवशाली नेपाली कांग्रेस, आज आफ्नो विगतको ओज गुमाएर कमजोर भएको छ, जीवनकै सबैभन्दा संकटको डिलमा उभिएको छ ।

नेपाली कांग्रेस कमजोर बन्नु, संकटमा पर्नु कुनै पनि राष्ट्रप्रेमी नेपाली जनताका लागि सुखद हुन सक्दैन । कांग्रेस देशको प्रमुख प्रजातान्त्रिक शक्ति मात्र होइन, प्रमुख राष्ट्रवादी शक्ति पनि थियो । परम्परागत रूपमा नेपाल राष्ट्र निर्माण गर्न नेतृत्व गर्ने राजसंस्था संस्थागत रूपमा पहिलो राष्ट्रवादी शक्ति थियो भने आधुनिक राजनीतिक शक्ति कांग्रेस दोस्रो राष्ट्रवादी शक्ति थियो । सत्ताको स्वार्थमा लागेर वामपन्थी भासमा फसेका कारण कांग्रेसको क्रान्ति र लामो प्रजातान्त्रिक आन्दोलनबाट आर्जन गरेको राष्ट्रवादी एवम् प्रजातन्त्रवादी छवि दुवै धूमिल हुन पुगेको छ ।

राष्ट्रियता, प्रजातन्त्र र समाजवाद कांग्रेसको सिद्धान्त हो, आस्था हो र विचारधारा हो । तर, अहिले कांग्रेसका लागि सहमति, सहकार्य र एकता सिद्धान्त भएको छ, विचारधारा भएको छ । शान्ति-प्रक्रियालाई टुंग्याउनसम्मलाई सहमति, सहकार्य र एकता एक हदसम्म जायज नै थियो, तर शान्ति स्थापना भएर सामान्य प्रतिस्पर्धाको राजनीतिमा सत्ता स्वार्थका लागि सहमति, सहकार्य र एकताको राग अलापिरहनु कांग्रेसको सैद्धान्तिक दिवालियापन हो ।

राष्ट्रपति बन्न र निरन्तर वामपन्थीसँग मिलेर सत्ताको रजाइँ गर्ने सिद्धान्त बन्यो- सहमति, सहकार्य र एकता । राष्ट्रपति बन्ने चाहनाले धोका खाए पनि निरन्तर सत्तामा टिकेर बस्नका लागि कांग्रेसले अँगालेको सहमति, सहकार्य र एकताको सिद्धान्त पार्टी र देशका लागि अभिशाप सिद्ध भए पनि नेताहरूका लागि भने वरदान साबित भएको छ ।



कांग्रेसलाई राष्ट्रियता, प्रजातन्त्र र समाजवादको सिद्धान्त, मूल्य, मान्यता अनि राष्ट्रिय एकता र मेलमिलापको नीतिको मर्मबमोजिम कम्युनिस्टहरूसँग सहकार्य र एकता गर्न दिँदैन । माओवादीसँग तत्कालीन सात दल र सशस्त्र विद्रोही माओवादीसँग दिल्लीमा भएको १२ बुँदे साझा समझदारीयता शान्ति प्रक्रिया र संविधान निर्माणको चरणमा कम्युनिस्ट पार्टीसहित आफ्नै पार्टीका नेता कार्यकर्ताको टाउको काट्ने माओवादीसँग सहकार्य गरेर सत्ताको भागबन्डामा सहमति गर्न सकस हुने भएर नै कांग्रेसले बिपी विचार र चिन्तनको औचित्य सकियो भन्न पनि सकेन र विचारलाई स्वीकार गर्न पनि सकेन । अघोषित रूपमा पार्टीका स्थापनाकालीन सिद्धान्त र बिपी विचारलाई खारेज गऱ्यो र अहिले सहमति, सहकार्य, एकताको सूत्रमा धर्म-निरपेक्षता, संघीयता, गणतन्त्र, समानुपातिक निर्वाचन प्रणालीलाई आदर्श मानेर हिँडेको छ । तर, यसलाई आमजनताले कसरी नियालिरहेका छन् ? यसप्रति कांग्रेस नेतृत्वपंक्ति बेपर्वाह हुँदै आएको छ, यो बेपर्वाहपन नै वर्तमान कांग्रेसको अभिशाप हो ।

> जनभावना र बिपी कोइरालाको विचार र चिन्तन अनि राष्ट्रिय एकता र मेलमिलाप नीतिको मर्मबमोजिम कांग्रेस समय छँदै आफूलाई करेक्सन गर्न तयार नहुने हो भने नेपाली राजनीति र प्रजातान्त्रिक आन्दोलनमा कांग्रेसको औचित्य बिस्तारै समाप्त हुने निश्चित छ

एकातर्फ सहमति सहकार्य र एकताको सिद्धान्तमा टेकेर शान्ति प्रक्रिया र संविधान निर्माणका क्रममा कांग्रेसले अँगालेका संघीयता, धर्म निरपेक्षता, गणतन्त्र, समानुपातिक प्रणाली (मिश्रित निर्वाचन प्रणाली) समावेशिता आदि कथित परिवर्तनका मुद्दालाई आमजनताले स्वामित्व लिइरहेका छैनन् भन्ने यथार्थलाई ०६२/६३ पछि कांग्रेस पार्टी र पार्टीबाट सत्तामा रजगज गर्दै आएका नेतृत्वले बुझेर पनि राजनीतिक स्वार्थमा त्यसलाई पचाएर बसेका छन् ।

कांग्रेसले लोकतान्त्रिक आन्दोलनको नेतृत्वसँगै शान्ति प्रक्रियाको नेतृत्व गरेर हिंसात्मक राजनीतिक बाटोमा हिँडेका माओवादीलाई शान्तिको मार्गमा ल्याएँ भनेर गर्व गर्दै कथित परिवर्तनका मुद्दालाई आफ्नो स्वामित्वमा लिएर पहिलो संविधानसभा निर्वाचनमा जनताबीच पुग्दा कांग्रेसलाई जनताले किन पत्याएनन् ? २४० सिटमध्ये कांग्रेसलाई केवल ३७ सिटमा सीमित राखेर किन दण्डित गरे ? कांग्रेसले यसतर्फ कहिल्यै आत्मसमीक्षा गर्न आवश्यक ठानेन ।

दोस्रो संविधानसभा निर्वाचनबाट पार्टी पहिलो शक्तिको रूपमा आएपछि कांग्रेस सभापति प्रधानमन्त्री बने र उनकै पालामा देशले संविधानसभाबाट एक थान संविधान पायो । कांग्रेसले उल्लिखित कथित परिवर्तनका मुद्दामा स्वामित्व लिँदै यसअघिका कम्युनिस्ट पार्टीले नेतृत्व गरेको सरकारले संविधान दिन सकेनन्, कांग्रेस नेतृत्वको सरकारले संविधानसभाबाट संविधान जारी गर्न सक्यो भन्ने गौरव गर्दै संविधान निर्माणको एकलौटी जस लिएर, कांग्रेसलाई बहुमत दिनुहोस्, स्थिर सरकार, विकास र समृद्धि दिनेछौँ भन्दै संविधान जारी भएपछिको पहिलो निर्वाचनमा जाँदा प्रत्यक्ष तर्फको १६५ मध्ये जम्मा २३ सिटमा मात्र जनताले कांग्रेसलाई थन्क्याए । त्यो निर्वाचनमा जनताले कांग्रेसलाई यति निर्मम ढंगले किन दण्डित गरे ? कांग्रेसले यसतर्फ अलिकति घोत्लिने, चिन्तन र समीक्षा गर्न आवश्यक ठानेन । बिपी साहित्य महोत्सवले समीक्षा त गर्नेछैन । अनि बाटो बिराएको कांग्रेसले सही मार्ग समात्छ भनेर विश्वास गर्ने कसरी ?

पछिल्लो कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पार्टी सभापतिले १ पुस ०१७ को निरंकुश कदमपछि पार्टीबाट परित्यक्तजस्तै भएका पार्टीका संस्थापक नेता सूर्यप्रसाद उपाध्यायलाई पार्टीमा बिपी, सुवर्ण शमशेर र गणेशमान सिंहसँगै आफ्नो पार्टीका चार महान् नेताको रूपमा सम्मान गर्ने घोषणा गर्नुभयो । त्यसैगरी सभापतिले अर्को प्रसंगमा समानुपातिक निर्वाचन प्रणालीले देशको राजनीति बिग्रियो, प्रत्यक्ष निर्वाचन प्रणालीलाई नै समावेशी बनाएर समानुपातिक निर्वाचन प्रणाली खोरज गर्न संविधान संशोधन गर्न आवश्यक भयो भनेर बढो सुन्दर कुरा राख्नुभयो । यो दुई घटना प्रसंगबाट मात्र कांग्रेस स्वयं आफ्नो इतिहासमाथि न्याय गर्न र शान्ति प्रक्रिया र संविधान निर्माणका क्रममा लत्तो छोड्दै अँगालेका कथित परिवर्तनका मुद्दामाथि जनभावनाअनुसार पुनर्विचार गर्न र राजनीतिक 'रोडम्याप करेक्सन' गर्न तत्पर हुन्छ भन्ने विश्वास गर्न सकिन्न ।

बिपी जन्म जयन्तीको अवसरमा यति लेख्नैपर्छ- जनभावना र बिपी कोइरालाको विचार र चिन्तन अनि राष्ट्रिय एकता र मेलमिलाप नीतिको मर्मबमोजिम कांग्रेसले समय छँदै आफूलाई करेक्सन गर्न तयार नहुने हो भने नेपाली राजनीति र प्रजातान्त्रिक आन्दोलनमा कांग्रेसको औचित्य बिस्तारै समाप्त हुने निश्चित छ ।

बिपी कोइरालाले 'जुन दिन कांग्रेसले राष्ट्रियतामाथिको आफ्नो अडान छाड्नेछ, यो निरर्थक भएर जानेछ । जुन दिन यसले प्रजातन्त्रको आदर्श छोडेर केवल सत्ताको राजनीति गर्नेछ, यो निरर्थक भएर जानेछ' भन्नुभएको थियो । अहिले कांग्रेसको जीवनमा बिपीका यी महान् वाणी यथार्थमा चरितार्थ भएका छन् । वर्तमान कांग्रेसले राष्ट्रियतामाथिको आफ्नो अडानमा पटक-पटक चुक्दै आएको छ भने प्रजातन्त्रको आदर्शलाई छोडेर केवल सत्ताको राजनीति गरिरहेकाले राष्ट्रिय राजनीतिबाट आफ्नो औचित्य गुमाइरहेको छ ।

यस्तो चुनौतीको डिलमा उभिएको निरीह र बाटो बिराएको कांग्रेसलाई सही मार्गमा ल्याएर बचाउन, बिपी विचार र चिन्तनप्रति समर्पित मुलुकभरका निष्ठावान् र आदर्शवान् कार्यकर्ता एकपटक गुटगत र आफ्नै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर, संगठित भएर जुरुक्क उठ्न सके भने कांग्रेसको भविष्यप्रति अलिकति आशावादी बन्न सकिएला अन्यथा कांग्रेसको यो तहको पतनमा रामराम भन्न मात्र सकिन्छ । बिपी जयन्तीको पावन अवसरमा आमकांग्रेसीजनमा राष्ट्रप्रेमको राजनीति गर्न पार्टीलाई बिपी विचार र चिन्तनको मार्गमा हिडाउन प्रेरणा जागृत होस् ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्र किशोर**लाई



कोशीको राजनीतिक खिचातानीलाई कसरी हेरिरहनुभएको छ ?

कोशीमा मुख्यमन्त्री पदमाथि दलहरूको हानथापले संघीयतालाई नै गिज्याइरहेको छ । यो सार्थक संघीयता चाहने र संघीयता अन्त्य गर्न चाहने पक्षबीचको खेल या द्वन्द्व हो । यस प्रदेशको नामकरणदेखि नै समस्या देखिएको हो । पहिचान पक्षधर नाम राख्ने कि अन्य नाम राख्ने भन्ने विषयको विवादको परिणाम पनि हो अहिलेको समस्या । आफूहरूले संविधान निर्माण गरेको भनेर दाबी गर्ने कांग्रेस, एमाले र माओवादी नै अहिले संविधानलाई कमजोर बनाउने खेलमा लागेका छन् । यसको प्रयोग उनीहरूले कोशीमा गरिरहेका छन् ।

यसले त संघीयताप्रति नै वितृष्णा बढाउने काम गरिरहेको छैन र ?

दलहरूका यस्ता गैरसंवैधानिक क्रियाकलापले पक्कै पनि संघीयताविरोधीलाई बल दिन्छ । यसले संघीयताविरोधी आगोमा घिउ थप्ने काम गरेको छ । यसले राजनीतिक अस्थिरता बढाएको छ । राजनीतिक रूपमा अनैतिक र असंवैधानिक क्रियाकलापलाई मलजल गरेको छ । प्रदेशको पहिलो कार्यकालमा प्रदेश प्रमुखसमेत आफूखुसी परिवर्तन गरेर अस्थिरताको सुरुआत गरियो । अहिले मुख्यमन्त्रीको खेलमा दलहरूले त्यसैलाई निरन्तरता दिइरहेका छन् । यसमा सभामुखले पनि सहयोगी भूमिका खेल्नुभयो । यसले अन्ततः बढाउने भनेको संघीयताप्रतिको वितृष्णा नै हो ।

कोसी अन्ततः मध्यावधिको बाटामै जान लागेको त होइन नि ?


यसले तत्कालका लागि अस्थिरता बढाएको छ । सडक र सदन दुवैतिर द्वन्द्व चर्काएको छ । ठूला दलहरूको यस्तै रवैया रहिरहेमा यसले प्रदेशको मात्र नभई सिंगो मुलुककै राजनीतिलाई अकल्पनीय दुर्घटनातिर लान सक्छ ।

प्रेरक प्रसंग

मौका आउँछ, तर कहिले ?

एकपटक महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन एउटा विश्वविद्यालयका विद्यार्थीमाझ आफ्नो मन्तव्य दिन निम्त्याइएका थिए । निर्धारित समयमै आइन्स्टाइन विश्वविद्यालयको सभाकक्षमा उपस्थित भए । सभाकक्षका कुर्सीहरू खचाखच भरिएका थिए । विश्वविद्यालयका प्राध्यापकदेखि विद्यार्थीसम्म सबै बडो उत्सुकतासाथ उनको प्रतीक्षा गरिरहेका थिए ।

आइन्स्टाइन सभाकक्षको मञ्चमा पुगेपछि उपस्थित सबैले आआफ्नो सिटबाट उठेर कर्तल ध्वनिसाथ ताली बजाएर उनको भव्य स्वागत गरे । कार्यक्रम सञ्चालकले अत्यन्त छोटो औपचारिकतापछि आइन्स्टाइनलाई माइक्रोफोन हस्तान्तरण गरे । आइन्स्टाइनले आफ्नो मन्तव्य सुरु गरे । उनले विश्वविद्यालयका विद्यार्थीलाई उत्प्रेरणा दिने खालका केही विचार राखे । यस क्रममा उनले भने- हेर्नुहोस् भाइबहिनीहरू ! हाम्रो जीवनमा मौका पटक-पटक आइरहँदैन । जब आउँछ, त्यसलाई खेर जान नदिई समाइहाल्नुपर्छ । त्यसरी अचानक आएको मौकाको सही सदुपयोग गर्न सकिएन या जानिएन भने जीवनभर पछुताउनुपर्ने पनि हुन सक्छ । त्यसैले, हाम्रो शिरमाथि आउने मौकालाई फुत्त उफ्रिएर समाइहाल्नुपर्छ ।



आइन्स्टाइनको मन्तव्य ध्यानपूर्वक सुनिरहेका एक विद्यार्थीबीचमै आफ्नो सिटबाट अचानक उठेर हात उठाए । आइन्स्टाइनले उनलाई देखेर बोल्ने मौका दिए । विद्यार्थीले प्रश्न गरे- हजुरले भनेजस्तो मौका हाम्रो जिन्दगीमा कहिले आउँछ, त्यो पनि भनिदिनुभएमा हामी बुरुक्क उफ्रिएर त्यसलाई समाउने थियौँ । के हामीलाई यत्ति बताइदिन सक्नुहुन्छ ?

प्रश्न सुनेर मन्द मुस्कुराउँदै आइन्स्टाइनले भने-जिन्दगीमा मौका कहिले आउँछ, त्यो भन्न सकिन्न । त्यही पूर्वजानकारी नहुने भएकाले नै मौका आएर खेर नजाओस् भन्नका लागि हामी जहिल्यै उफ्रिरहनुपर्छ । अनि मात्र जहिले त्यो मौका आउँछ, त्यतिखेर त्यसलाई समात्न तपाईंहरू सक्षम हुनुहुनेछ । त्यसैले, जीवनमा उफ्रिन कहिल्यै नछाड्नुहोस् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डा. संग्रौलाको सही छ जमर्को

२२ भदौको नयाँ पत्रिकामा डा. डिला संग्रौलाको अग्रलेख 'नयाँ पुस्तालाई बिपी चिनाउने जमर्को' पढें । यो निर्विवाद सत्य हो कि बिपी पृथ्वीनारायणपछिका युगपुरुष हुन् । तर, यो पनि निर्विवाद सत्य हो कि अहिले नेपालमा बिपीको होइन, रामराजाप्रसाद सिंहको व्यवस्था छ । विनाझिझक यो पनि भन्न सकिन्छ कि इतिहासमा भएको रामराजाप्रसाद सिंहको स्थानलाई कसैले रोक्न सक्दैन । साहित्यकार त्यही मात्र हुन्छ, जसमा भाषा र शिल्पको पकड हुन्छ । बिपीमा यी दुवै भएकाले उनी एक सफल साहित्यकार ठहरिएका हुन् । तर, उनको भाषा र शिल्प परिष्कृत र सहरिया हो ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

कांग्रेसले ठीक गऱ्यो

कांग्रेसले बिपी जयन्तीको अवसर पारेर तीनदिने बिपी साहित्य महोत्सव आयोजना गर्न लागेको रहेछ । यही २४ भदौदेखि कांग्रेस केन्द्रीय कार्यालय परिसरमा आयोजना हुने कार्यक्रमबाट आमसर्वसाधारणले बिपी कोइरालाको व्यक्तित्वका विविध पाटाबारे जानकारी पाउने निश्चित छ । यसले बिपीलाई भुल्दै गरेको कांग्रेसभित्र पनि बिपी विचारको नवीकरण हुने र नयाँ पुस्ताले पनि बिपीको विचार र उनको साहित्यबारे थप जानकारी पाउने अपेक्षा गर्न सकिन्छ । यो महोत्सव आयोजना गरेर कांग्रेसले ठिक गऱ्यो ।

● **बलदेव चौधरी**
नगलखेल, काठमाडौं

सीप सिकाउने प्रयास सराहनीय

काठमाडौं महानगरको पहलमा महानगरभित्रका विद्यालयमा अध्ययनरत छात्रछात्रालाई विभिन्न परम्परागत सीप सिकाउने क्रम सुरु भएको छ । यसले एकातिर विद्यार्थीमा आफ्नो परम्परागत सीपबारे जानकारी प्राप्त हुने र अर्कातिर विद्यार्थीले त्यस्ता सीप सिकेर व्यवहारमा लागू गर्न पनि सक्ने अवस्था बन्दै छ । यसलाई अझ व्यवस्थित, अझ प्रभावकारी र व्यापक बनाउन सकियो भने यसबाट परम्परागत सीपको जगेर्ना हुनुका साथै विद्यार्थीका लागि सामान्य आय आर्जनसमेत हुन सक्छ । महानगरको यो प्रयास सराहनीय छ ।

● **मुना कायस्थ**
गैरीधारा, काठमाडौं

देउवा र शेखरको छायामा युवापुस्ता

सतहमा हेर्दा गगन थापा र विश्वप्रकाश शर्माको भविष्य उज्ज्वल छ । तर, यथार्थमा उनीहरूको भविष्य कस्तो छ ? के उनीहरूको भविष्य उनीहरूकै पार्टीभित्र सुरक्षित छ ? देशलाई दिशा दिन उनीहरू सक्षम र योग्य छन् भन्ने तथ्य अधिकांश नेपालीलाई थाहा छ । तर, के उनीहरूप्रति आफ्नै पार्टी र पार्टीका नेता शेरबहादुर देउवा र शेखर कोइरालालाई विश्वास छ त ? के देउवा र शेखर गगन र विश्वलाई विश्वास गरी पार्टी र देश हाँक्न दिने पक्षमा छन् त ?

कुरा जति नै मिठो गरे पनि व्यवहार हेर्दा त्यस्तो देखिँदैन । केवल देउवा मात्र होइन, शेखरसमेत गगन-विश्वलाई पार्टी र देशको नेतृत्व दिने पक्षमा देखिँदैनन् । शेखरले त गएको महाधिवेशनमा सभापति पदमा उठ्दा 'एकपटक, यसैपटक' भनेर भोट मागेका थिए । तर, अहिले आएर फेरि अर्कोपटक भनेर ०८२ को कांग्रेस महाधिवेशनमा सभापतिको उम्मेदवार बन्ने आसक्ति देखाएका छन् । शेखरले अहिलेसम्म पनि आफूले सभापति पदमा जिते पनि प्रधानमन्त्री हुन्नँ, प्रधानमन्त्री गगन थापालाई नै बनाउँछु भनेर कुनै उद्घोष गरेका छैनन् ।

उनले ०८२ सालमा पार्टी महाधिवेशनको चुनावमा गगन-विश्वको सहयोग लिएर पार्टी सभापति बन्ने, सांसदहरूको टिकट आफैँ बाँड्ने र आफूले टिकट दिएर जितेका सांसदको सहयोगबाट प्रधानमन्त्री बन्ने सपना बुनेका छन् । त्यसैले, कांग्रेसमा नयाँ पुस्ताको नेतृत्वमा पुग्ने सपनाको तगारो कोही छ भने देउवा, शेखरलगायतको वृद्ध पुस्ता नै छ ।

● **गोपालराज देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

चीनमा लैंगिक विभेदले निम्त्याएको लैंगिक असन्तुलन

चीनमा परम्परादेखि पुरुष उत्तराधिकारी पारिवारिक वंश र थरको निरन्तरताका लागि महत्त्वपूर्ण मानिँदै आएका छन्



देश / विदेश

● सी लिङ ल्यु

चीनमा अहिले लैंगिक संकट देखिएको छ । मुलुकमा पुरुषको संख्या महिलाको तुलनामा अधिक छ । सन् ०२२ मा महिलाको जनसंख्या ६९ करोड थियो भने पुरुषको संख्या ७२ करोड २० लाख थियो । यो असमानताका पछाडि सन् २०१५ सम्म चलेको एक सन्तान नीति जिम्मेवार थियो, जसको सम्बन्ध लिंग छनोटका आधारमा हुने गर्भपतनसँग थियो ।

उसो त एक सन्तान नीति निकै कडाइसाथ लागू भएको थियो भन्ने बुझाइ व्यापक छ । तथापि कैयौँ चिनियाँ जोडीले जरिवाना तिरेर वा दोस्रो सन्तानमाथि हुने लाभको वञ्चितीकरण स्विकारेर वा आफूलाई अल्पसंख्यक समुदायको दाबी गरेर दोस्रो सन्तान जन्माएका थिए । यसरी दोस्रो सन्तान जन्माउने अधिकांश जोडीको पहिलो सन्तान बालिका हुने गर्थे । एक सन्तान नीति लिएको ३५ वर्षपछि मात्रै सन् २०१६ मा दुई सन्तान नीति लागू गरियो । सन् २०२१ मा तीन सन्तान नीति लागू गरियो । अहिले पनि बालिकाभन्दा बालकलाई नै प्रश्रय दिने गरिन्छ । परम्परादेखि पुरुष उत्तराधिकारी पारिवारिक वंश र थरको निरन्तरताका लागि महत्त्वपूर्ण मानिँदै आएका छन् । महिलाले पुरुषसँग विवाह गरेर परिवारको हेरचाह गरून् र छोरा जन्माऊन् भन्ने अपेक्षा गरिन्छ । यसबाहेक कतिपय अवस्थामा छोराले भैँ छोरीले पनि आफ्नो जन्म परिवारलाई आर्थिक रूपमा सहयोग गरून् भन्ने पनि अपेक्षा गरिन्छ । यो सांस्कृतिक मान्यताले आम चिनियाँ युवतीको अमनचैन खोसेको छ । अधिकांश युवतीले परिवारको छोराको अपेक्षाका कारण आर्थिक, श्रम र भावनात्मक उत्पीडन व्यहोर्ने गर्छन् ।

ओड टू जोय (२०१६), अल इज वेल (२०१९) र आई विल फाइन्ड यू ए बेटर होम (२०२०) जस्ता लोकप्रिय चिनियाँ टिभी शृंखलाले समकालीन चिनियाँ समाजमा महिला तथा बालबालिकामाथि भइरहेको पारिवारिक भेदभाव र दुर्व्यवहारमाथि प्रकाश पारेको छ । विभेद र दुर्व्यवहार व्यहोरिरहेका कैयौँ महिला सामाजिक सञ्जालमा बहस गरिरहेका छन् वा पीडा पोखिरहेका छन् । मेरो हालैको अनुसन्धानमा मैले झिहू र बिलिबिलीजस्ता चिनियाँ सामाजिक सञ्जालमा छोरालाई प्राथमिकता दिने थुप्रै पोस्ट र भिडियोको विश्लेषण गरेकी थिएँ । मेरो अनुसन्धानले महिलाहरू जतिसुकै परिपक्व भए पनि शोषणयुक्त सम्बन्धबाट मुक्त हुन निरन्तर चुनौती व्यहोरिरहेका छन् । छोरालाई अधिक प्राथमिकता दिने परिवारमा छोरीहरूले जन्मजात आफूलाई परिवारको स्रोतमा पहुँच पाउन अयोग्य पात्रका रूपमा लिन्छन् । यसले महिलामाझ असुरक्षा, न्यून आत्म-सम्मान र परिवारप्रतिको आजीवन बोझ बोकाइदिन्छ ।



तस्बिर : एस्लिसन/सटरस्टक

माध्यमिक विद्यालयकी एक विद्यार्थीले परिवारलाई आर्थिक रूपमा सहयोग गर्नुपर्ने अपेक्षाका कारण आफ्नो भाग्य निर्माण भइरहेको जनाएकी छिन् । उनले मूल्यहीनताबाट गुज्रिरहेको, प्रेमबाट वञ्चित भएको र आत्महत्या गर्ने विचारसमेत आउने गरेको भन्दै सामाजिक सञ्जालमा टिप्पणी गरेकी छिन् । मेरी आमा निकै फरासिली भएर पनि होला, उनी मलाई सीधै 'तिमीलाई बुढेसकालका लागि पालेकी हुँ । तिमीले परिवार र भाइको पढाइको खर्च व्यहोर्नुपर्छ भन्नुहुन्छ । आमाले यसो भन्दा आफूलाई प्रेमबाट वञ्चित भएको महसुस गर्छु । म निकै असुरक्षित महसुस गर्छु र हीनताबोधबाट ग्रसित भएको ठान्छु । घरको छतबाट हामफालेर मरेपछि मात्रै खुसी पाउँछु होला भन्छिन् उनी ।

एक किशोरीको अर्को पोस्टले बालिकामाझ पनि छोराको प्राथमिकता कसरी स्त्रीद्वेष र अपमानजनक टिप्पणीमार्फत स्थापित हुन्छ भनेर प्रकाश पारेको छ । सो पोस्टमा एक किशोरीले 'म निकै सानी हुँदा जब मेरी काकी गर्भवती हुनुहुन्थ्यो, तब मेरो काकाले मलाई भाइ होस् भनेर प्रार्थना गर्दा मात्रै तिमीहरूले चिकेन ड्रमस्टिक खान पाउनेछौ र यदि बहिनी जन्मिन्छे भने तिमीहरूले कुखुराको शूली मात्र खान पाउँछौ भनेका थिए' लेखेकी छिन् ।

सामाजिक सञ्जालका धेरै टिप्पणीकर्ताले विद्यमान परम्पराविरुद्ध आफ्नो निराशा र आक्रोश व्यक्त गरेका छन् । तर, कसैले थोरै पनि सहानुभूति देखाएनन् र कसैले यी महिला आफूमाथि उत्पीडन हुँदा पनि सहन्छन् भनेर जवाफ खोज्ने कोसिस गरेनन् ।

यी महिलाले सामना गरेका चुनौती कन्फ्युसियसवादबाट प्रभावित सांस्कृतिक मान्यता निःसृत हुन्, जहाँ अभिभावकीय अख्तियारी पुरुषलाई दिइन्छ र पुरुषलाई वंश एवं उत्तराधिकारमा पनि प्राथमिकता दिइन्छ ।

परिवारभित्र यी मानकलाई सानै उमेरदेखि सामाजिकीकृत गरिन्छ, जसलाई भत्काउन गाह्रो हुने गर्छ । छोराप्रति बलियो प्राथमिकता राख्ने परिवारका महिलालाई परिवारभन्दा बाहिरको सम्बन्ध पूरा गर्न गाह्रो हुन्छ किनभने यस्ता महिला सामाजिक रूपमा एक्लो हुन्छन् र परिवारको अपेक्षामा बढी संलग्न हुन पुग्छन् । सिद्धान्ततः यी महिलासँग आर्थिक स्वतन्त्रता र आफ्नै सम्बन्ध सम्हाल्ने क्षमता हुन सक्छ, तर यी महिलाले समय बिर्दै जाँदा सामाजिक सञ्जाल र अन्य महत्त्वपूर्ण सम्बन्ध गुमाउँदै गइरहेका छन् । धेरै मानिस विशेषतः पुरुषमाझ अझै पनि पुत्पुल्याइएकी छोरीले आफ्नो परिवार चलाउन माइतीको पैसा रित्याउँछन् भन्ने धारणा व्याप्त छ । पश्चिमा राष्ट्रले भैँ चीनले पनि लैंगिक असन्तुलन र न्यून जन्मदरलाई सम्बोधन गर्ने उपायका रूपमा लैंगिक समानता र महिला सशक्तीकरणमा जोड दिन थालेको छ । यद्यपि छोराको उत्कट इच्छाले अझै पनि चीनको ग्रामीण र सहरी क्षेत्रमा बालिकामाझ ठूलो भावनात्मक र सामाजिक चुनौती निम्त्याएको छ । यो परम्परालाई सम्बोधन गर्न चीनलाई तत्काल नीति र हस्तक्षेप आवश्यक छ, अन्यथा, यसले महिलाका अवसर र क्षमता वृद्धिमा अवरोध ल्याइरहनेछ ।

(सी लिङ ल्यान्केस्टर विश्वविद्यालयका वरिष्ठ अध्यापक हुन्)
द कन्भर्सेसनबाट

भारतको शान्त उदय

भारत प्रमुख विश्वशक्तिका रूपमा उदाउनु पछाडिको प्रेरक शक्ति यसको तीव्र आर्थिक वृद्धिदर हो



● ब्रह्मा चेलानी

(बर्लिनस्थित रोबर्ट बोस्च एकेडेमीका रिसर्च फेलो ब्रह्मा चेलानी नयाँदिल्लीस्थित सेन्टर फर पोलिसी रिसर्चका रणनीतिक अध्ययनका प्राध्यापक हुन्। उनका 'वाटर : एसियाज न्यु ब्याटल ग्राउन्ड'लगायत पुस्तकका लेखक हुन्।)

चीनको तीव्र आर्थिक मन्दीले विश्वभर नै खतराको घन्टी बजाएको छ। तर, छिमेकको अर्को जनसांख्यिकीय शक्तिको उदयलाई भने राहत दिएको छ। भारतले सन् २०२३ को दोस्रो त्रैमासिकमा ७.८ प्रतिशतको प्रभावशाली दरमा वृद्धि साक्षात्कार गरेको छ भने अहिलेसम्म अन्य देशले अवतरण गर्न नसकेको चन्द्रमाको दक्षिणी ध्रुवमा अन्तरिक्ष यान अवतरण गर्ने पहिलो देश बनेर पनि अर्को महत्त्वपूर्ण माइलस्टोन हासिल गरेको छ। र, चीनको जस्तो भारतको आरोहणमा बढ्दो आक्रामक विदेश नीति वा अन्य देशको भूभागप्रतिको भोक देखिएको छैन।

भारतको भूराजनीतिक, आर्थिक तथा सांस्कृतिक प्रभाव बढ्दै जाँदा यसको विश्वव्यापी पदचिह्न पनि बढ्दै गएको छ। चीनको 'सुस्ती'लाई कतिपयले उसको चार दशक लामो आर्थिक वृद्धिको गतिमा विरामका रूपमा निष्कर्ष निकाल्न थालेका छन्। उनीहरूका अनुसार यसले भारतीय अर्थव्यवस्था र अन्य विकासशील एवं उदीयमान मुलुकका लागि नयाँ अवसर खुला गर्नेछ।

यस वर्षको सुरुमै भारतले एउटा कोसेढुंगा पार गरेको थियो। जनसंख्यामा भारतले आधिकारिक रूपमा चीनलाई उछिन्यो। चीन गत तीन सय वर्षभन्दा धेरै समयदेखि विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश थियो। चीनको खुम्चिँदै र तीव्र गतिमा बुढ्यौलीमा जाँदै गरेको जनसंख्याले उसको आर्थिक वृद्धि र भूराजनीतिक महत्त्वाकांक्षामा अवरोध पुऱ्याउन सक्ने सम्भावना छ, जब कि २८.२ वर्षको औसत उमेरसहित युवा जनसंख्याको अनुपात उच्च भएका देशमध्येको भारतले ठूलो जनसांख्यिकीय लाभ लिन सक्ने देखिन्छ।

भारत प्रमुख विश्वशक्तिको रूपमा उदाउनु पछाडिको प्रेरक शक्ति यसको तीव्र आर्थिक वृद्धिदर हो। भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) चीनको भन्दा सानो भए पनि भारत अहिले विश्वमा सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्र हो। यसले विश्वव्यापी जिडिपीको वृद्धिमा आगामी पाँच वर्षमा अमेरिकाको ११.३३ प्रतिशतको हिस्सेदारीलाई पछि पार्दै १२.९ प्रतिशत हिस्सा ओगट्ने अनुमान गरिएको छ।

भारतको युवा जनसंख्याले उपभोगमा वृद्धि गरेको छ। साथै, नवप्रवर्तनलाई पनि बल दिइरहेको छ। यो कुरा भारतको विश्वस्तरीय अर्थव्यवस्था र हालैको चन्द्रयान अवतरणबाट पनि प्रमाणित हुन्छ। अमेरिकाको अन्तरिक्ष मिसनको बजेटको करिब ६ प्रतिशत मात्रै अन्तरिक्ष अन्वेषणमा खर्च गर्ने भारतले नवप्रवर्तनकै बलमा यो सफलता हासिल गर्न सकेको हो। पूर्वऔपनिवेशिक शासक बेलायतलाई उछिनेको भारतको जिडिपीले सन् ०३० सम्ममा जापान र जर्मनीलाई उछिन्दै अमेरिका र चीनपछि विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्दै छ।

छिमेकमा बढ्दो अस्थिरतालाई ध्यानमा राख्दा, भारतको रक्षा बजेट विश्वको तेस्रो ठूलो रक्षा बजेट हुनु आश्चर्य होइन। विस्तारवादी महत्त्वाकांक्षा बोकेका दुई आणविक शक्ति सम्पन्न संशोधनवादी मुलुक चीन र पाकिस्तानबीचको गहिरिँदो रणनीतिक गठबन्धनले ती मुलुकसँग सीमा जोडिएको भारतको अवस्थितिलाई खतरापूर्ण बनाएको छ। यसबाहेक, विगत तीन वर्षदेखि भारत र चीनबीच हिमालय क्षेत्रमा तनावपूर्ण सैन्य गतिरोध चलिरहेको छ। विवादित तिब्बत-लद्दाख सीमा क्षेत्रमा वेलावेलामा हुने झडपका कारण द्विपक्षीय सम्बन्ध दशकौंयताको खराब बिन्दुमा पुगेको छ। पूर्ण युद्धको जोखिमका बाबजुद चीनसँग भिडेर भारतले चिनियाँ शक्तिलाई चुनौती दिएको छ। यसरी चीनलाई चुनौती अन्य कुनै पनि देशले दिएका छैनन्। पश्चिमा मुलुकसँग घनिष्ठ सम्बन्ध गाँस्दागाँस्दै पनि भारत पश्चिमासँग औपचारिक सैन्य गठबन्धनमा प्रवेश गर्न भने हिचकिचाइरहेको छ। यसका लागि आंशिक रूपमा पश्चिमा शक्तिहरू पनि जिम्मेवार छन्। अमेरिकी राष्ट्रपति जो बाइडनले चीन-भारत सैन्य गतिरोधबारे टिप्पणी गर्न आनाकानी गर्नु, भारतलाई खुलेर समर्थन गर्नु त परै जाओस्, आफ्नो प्रतिरक्षाका लागि भारत आफैं जिम्मेवार छ भन्ने स्पष्ट संकेत दिएको नै हो। देशको आर्थिक वृद्धिको भविष्य बाह्य खतराबाट आफूलाई जोगाउने क्षमतामा निर्भर रहने भएकाले भारतले आफ्नो परम्परागत सशस्त्र बलको आधुनिकीकरण र आणविक निरोध बढाउने प्रयासलाई तीव्र पार्नेछ।

चीन र भारतबीच बढ्दो भूराजनीतिक प्रतिद्वन्द्विताले ग्लोबल साउथलाई एकताबद्ध गर्ने र ब्रिक्स समूहलाई जी-२० र जी-७ को भरपर्दो विकल्पमा रूपान्तरण गर्ने प्रयासमा बाधा पुऱ्याउन सक्छ। ब्रिक्स राष्ट्रहरू (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका)ले हालै साउदी अरब, संयुक्त अरब इमिरेट्स, इजिप्ट, इथियोपिया, अर्जेन्टिना र इरानसहित ६ वटा नयाँ सदस्य थपेर समूह विस्तार गर्न सहमत भएका छन्। ११ सदस्य राष्ट्रको फरक-फरक स्वार्थलाई ध्यानमा राख्दा ब्रिक्स प्लसलाई कुनै पनि प्रमुख विषयमा सहमतिमा पुग्न अझ कठिन हुने देखिन्छ। यसैबीच, चीनको आर्थिक मन्दीले राष्ट्रपति सी चिनफिङलाई आफ्नो विस्तारवादी एजेन्डालाई दोब्बर बनाउन अभिप्रेरित गर्न सक्छ। बाइडेनले हालैमा चीनको अर्थतन्त्रलाई 'टिकिङ टाइम बम'को संज्ञा दिँदै भनेका छन्, 'जब खराब मानिसलाई समस्या हुन्छ, उनीहरूले नराम्रो काम गर्छन्।' भारत, मलेसिया, फिलिपिन्स, भियतनाम, ताइवान एवं भुटान (र रुसको केही भागसमेत)को विशाल भूभागलाई चिनियाँ भूभागका रूपमा चित्रण गरिएको चीनको विवादास्पद नयाँ राष्ट्रिय नक्साले पनि चीनको बढ्दो आक्रामक व्यवहारले निम्त्याएको खतरालाई उजागर गरेको छ।

यी बाह्य खतराका साथै घरेलु आर्थिक चुनौतीको सामना गर्न भारतले अपनाउने प्रतिक्रियाले उसको भाविष्यलाई आकार दिनेछ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पुरानो भारतीय कर्मचारीतन्त्रलाई आधुनिकीकरण गर्न र भन्झटिला प्रक्रिया हटाउँदै प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न इ-सरकारलाई बढावा दिने मामलामा ठूलो फड्को मारेका छन्। उनको सरकारले देशको पूर्वाधारको उन्नयन र विस्तारमा ठूलो लगानी गरेको छ। नियामक सुधार लागू गरेको छ। मोदीको 'मेक इन इन्डिया' पहलमार्फत म्यानुफ्याक्चरिङको स्वदेशीकरणलाई बढावा दिन खोजिएको छ। तर, भारतले आफूलाई विश्वव्यापी म्यानुफ्याक्चरिङ केन्द्रको रूपमा रूपान्तरण गर्न मानव पुँजीमा, विशेषगरी शिक्षा र प्रशिक्षणमा लगानी गर्नुपर्नेछ। यसबाहेक, भारतको आकार र विविधताले पनि ठूलो चुनौती खडा गरेको छ। सम्भवतः भारत सुरुदेखि नै लोकतान्त्रिक प्रणालीमार्फत आधुनिकीकरण र समृद्धिलाई अघि बढाउने पहिलो विकासशील अर्थतन्त्र हो। तर, विश्वको व्यापक सांस्कृतिक विविधतायुक्त देशमध्ये एक भारतको कहिल्यै नटुंगिने चुनावी चक्रले अक्सर विभाजन र ध्रुवीकरणलाई नै बढावा दिएको छ। अमेरिकी शैलीको ध्रुवीकृत राजनीतिका बाबजुद भारतको लोकतान्त्रिक ढाँचाले स्थिरताको आधारस्तम्भको रूपमा काम गरेको छ। खुला अभिव्यक्ति र संवादलाई बढावा दिएर, भारतीय राजनीतिक प्रणालीले जमिनीस्तरका समुदाय र व्यक्तिहरूको सशक्तीकरण गरेको छ। यसले ऐतिहासिक रूपमा सीमान्तकृत वर्ग र जातिका सदस्यलाई नीति-निर्माणको उच्चतम तहमा पुग्न सक्षम बनाएको छ।

भारतले आफ्नो वर्तमान प्रगतिलाई कायम राख्न सक्छ कि सक्दैन भन्ने कुरा यसको राजनीतिक स्थिरता, तीव्र आर्थिक वृद्धि, आन्तरिक तथा बाह्य सुरक्षा र अग्रगामी विदेश नीति कायम राख्ने क्षमतामा निर्भर रहनेछ। सफलताले विश्वको नयाँ भूराजनीतिक आधारभूमि र तीव्र गतिमा वृद्धि भइरहेको अर्थव्यवस्था 'भारत'को विश्वव्यापी हैसियत बढाउनेछ र इन्डो-प्यासिफिकमा अमेरिकी हितलाई अगाडि बढाउन मद्दत गर्नेछ।

- प्रोजेक्ट सिन्डिकेट



चीनको चार दशक लामो आर्थिक वृद्धिमा तीव्र मन्दी हुँदा अन्त्य हुँदा जनसांख्यिकीय हिसाबमा एसियाको अर्को विशाल मुलुकको भूराजनीतिक एवं आर्थिक शक्तिका रूपमा उदयलाई राहत प्रदान गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतमा स्थिरता र पुनरुत्थान देखिएको छ, तर उसको भविष्य यो राजनीतिक स्थिरता र तीव्र आर्थिक वृद्धिलाई कायम राख्ने उसको क्षमतामा निर्भर रहनेछ।

इतिहासमा आज



सन् १९६० : इराकको राजधानी सहरमा बग्दाद सम्मेलन सुरु। पाँचदिने सम्मेलन तेल उत्पादक देशहरूको अन्तरसरकारी संगठन अर्गनाइजेसन अफ दि पेट्रोलियम एक्सपोर्टिङ कन्ट्रिज (ओपेक) गठनसँगै सम्पन्न भएको थियो। इरान, इराक, कुवेत, साउदी अरेबिया र भेनेजुएला समूहका मूल सदस्य थिए। आज संस्थामा १३ जना सदस्य छन्। ओपेक सदस्य राष्ट्रहरूमा तेल र ग्यास नीतिहरू समन्वय र एकीकरण गर्न र पेट्रोलियम उद्योगमा उत्पादन, बिक्री र लगानीको कुशल र निष्पक्ष प्रणाली सिर्जना गर्न जिम्मेवार छ।

सन् १८१३ : ओलिभर हाजार्ड पेरीको नेतृत्वमा अमेरिकी नौसेनाले सन् १८१२ को युद्धमा एरी तालको युद्धमा ब्रिटिसहरूलाई पराजित गऱ्यो।

सन् १९१९: अस्ट्रिया र सहयोगी शक्तिहरूले सेन्ट-जर्मेनको सन्धिमा हस्ताक्षर गरे। योसँगै पहिलो विश्वयुद्ध समाप्त भएको थियो।

सन् १९७४ : लामो समय उपनिवेश रहेको पश्चिम अफ्रिकी मुलुक गिनी बिसाउले सन् १९७४ मा पोर्तुगलबाट स्वतन्त्र भएको थियो।

सन् १९७७ : फ्रान्समा अन्तिम मृत्युदण्ड। हमिदा जान्दौबी गिलोटिनद्वारा मृत्युदण्ड दिइने अन्तिम व्यक्ति थिए। २१ वर्षीया एलिजाबेथ बुस्केटको हत्यामा जान्दौबीलाई दोषी ठहर गरी मृत्युदण्डको सजाय सुनाइएको थियो।

विश्व संक्षेप

चामलको मूल्य १५ वर्षयताकै उच्च

नयाँदिल्ली / प्रमुख निर्यातक भारतले केही चामलको विदेशी बिक्रीमा प्रतिबन्ध लगाएपछि अगस्ट महिनामा विश्वव्यापी चामलको मूल्य १५ वर्षयताकै उच्च बिन्दुमा पुगेको खाद्य तथा कृषि संगठन (एफएओ) ले जनाएको छ। 'अगस्टमा विश्वव्यापी खाद्य पदार्थको मूल्यमा कमी आए पनि चामलको मूल्य अघिल्लो महिनाको तुलनामा ९.८ प्रतिशतले बढेको छ,' एफएओले एक मासिक प्रतिवेदनमा भनेको छ।

कोभिड महामारी, युक्रेनमा जारी युद्ध र एल निनो मौसमी घटनाले उत्पादनको स्तरमा पारेको प्रभावका कारण अन्तर्राष्ट्रिय बजारमा चामलको मूल्य बढेको हो। भारतले जुलाईमा गैरबासमती सेतो चामलको निर्यातमा प्रतिबन्ध लगाउने घोषणा गरेको थियो। भारतले गैरबासमती सेतो चामलको कुल उत्पादनमध्ये लगभग एकचौथाइ उत्पादन गर्छ। उपभोक्ता मामिला तथा खाद्य मन्त्रालयले उक्त कदमले 'पर्याप्त उपलब्धता सुनिश्चित गर्ने' र 'घरेलु बजारमा मूल्यवृद्धिलाई कम गर्ने' बताएको थियो। विश्वको कुल चामल ढुवानीमा ४० प्रतिशतभन्दा बढी हिस्सा भारतले ओगटेको छ।

६ महिनामा तीन अर्ब ८० करोड डलर रेमिट्यान्स

कोलम्बो / श्रीलंकाले यो वर्षको पहिलो ६ महिनामा तीन अर्ब ८० करोड विप्रेषण (रेमिट्यान्स) भित्रिएको जनाएको छ। जनवरीदेखि अगस्टसम्मको अवधिमा यहाँका आप्रवासी कामदारले तीन अर्ब ८० करोड अमेरिकी डलरभन्दा बढी रकम पठाएको श्रम तथा वैदेशिक रोजगार मन्त्रालयले जानकारी गराएको छ। 'यो वर्षको पहिलो ६ महिनामा तीन अर्ब ८० करोड अमेरिकी डलरभन्दा बढी रकम पठाएका छन्, जुन अघिल्लो वर्षको तुलनामा ७४.४ प्रतिशतले बढी हो,' श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायककाराले भने। अगस्टमा मात्रै करिब ५० करोड डलर रेमिट्यान्स भित्रिएको उनले बताए।

जी-२० शिखर सम्मेलन

दिल्लीका दर्जनौं झुपड बस्ती हटाइए, लाखौं घरबारविहीन

जी-२० समूहको शिखर सम्मेलनका लागि प्रायः निकै अस्तव्यस्त र फोहोर रहने भारतीय राजधानी अहिले कुनै स्विस गाउँजस्तै सफा छ, तर त्यसको घानमा सहरका झुपडी बस्तीमा बस्ने विपन्न श्रमिक परेका छन्



केही सातादेखि भारतको राजधानी सहर दिल्ली हरेक दिन अधिल्लो दिनभन्दा केही फरक देखिन थालेको थियो। व्यापक सरसफाइ र सौन्दर्यीकरण अभियानले अहिले दिल्लीको रुपरंग नै बदलिएको छ। सडकको दुवै किनारामा लाखौं बिरुवा पलाएका छन्। पर्खाल रंगिबिरंगी रंग र भित्तेचित्रले सजिएका छन्। यस्तै चित्र सडकमार्गका सुरुङमा पनि देखिन्छन्। सडकका चोक र घेरामा नयाँ फोहरा र सिंह तथा हात्तीका मूर्तिहरू राखिएका छन्। पहिला ठुल्ठूला झारले छोपिएका क्षेत्र पनि सफा गरेर घाँसलाई मसिनो गरी काटेर हटाइएपछि चिटिक्क भएका छन्। सडक छेउमा देखिने फोहोरका थुप्रा पनि देखिँदैनन्। कुनै समय सवारीसाधनसँगसँगै बचेर सडकमै हिँड्नुपर्ने पैदलयात्रीका लागि फुटपाथ बनेका छन्। साइकलका लागि छुट्टै लेन छुट्याइएको छ। रातको समयमा अन्धकार रहने सडक अब बत्तीहरूले झलमल्ल हुन थालेको छ। अधिकारीहरूले हावामा धुलोको मात्रा घटाउन सकडमा नियमित अन्तरालमा पानी छर्किरहेका छन्।

यी सम्पूर्ण परिवर्तन सेप्टेम्बर ९ र १० गते विश्वका सबैभन्दा ठूला २० अर्थतन्त्रका नेता शिखर सम्मेलनका लागि नयाँदिल्लीमा भेला हुने भएपछि आएका हुन्। जी २० समूहको शिखर सम्मेलनका लागि प्रायः निकै अस्तव्यस्त र फोहोर रहने भारतीय राजधानी अहिले कुनै स्विस गाउँजस्तै सफा बनेको छ। तथापि, यो सरसफाइ तथा सौन्दर्यीकरण अभियानले २.५ करोड नगरवासी बस्ने यस महानगरको सबै भागलाई छोएको भने छैन। अहिले झन्डै ५० किमिसम्म फैलिएको यस महानगरको केवल दक्षिणी भागलाई मात्र सफा बनाइएको छ। यो भाग दिल्लीको प्रशासकीय तथा राज्यशक्तिको केन्द्रका अतिरिक्त दूतावास र प्रमुख होटलहरू रहेको क्षेत्र हो।

सय वर्षभन्दाअघि ब्रिटिस वास्तुकार एडविन लुटियनले डिनाइन गरेको नयाँदिल्लीको यस हिस्सा पहिलेदेखि नै सहरको सबैभन्दा मनमोहक भाग मानिन्छ। यस भेग यहाँका आकर्षक सेता भवन, रुखले घेरिएका मार्ग र लोधी बर्गैचाजस्ता सुन्दर पार्क, नरिवलका बोट र मुगल भग्नावशेषले झन् मनमोहक देखिन्छ। यही भेगमा राष्ट्रपति भवनलाई प्रथम विश्वयुद्धका सैनिकहरूको सम्झनामा निर्माण गरिएको स्मारक 'इन्डिया गेट'सम्म जोड्ने राजपथ(हाल कर्तव्य पथ) पनि पर्छ।

पच्चीसवटा झोपडी बस्ती भत्काइए : भारतलाई विश्वको तेस्रो ठूलो आर्थिक शक्ति बनाउने वाचा गर्दै आएका भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जी-२० मा आउने विदेशी पाहुनाको नजरमा सहरको गरिबी पर्न नदिन कुनै कसर छाडेका छैनन्। समूहको सम्मेलनको तयारीका लागि सडकछेउ सामान बेच्ने ठेलागाडा व्यापारीदेखि माग्नेसम्म, भुसिया कुकुरदेखि बजार क्षेत्रमा रम्दै घुमिरहेका बाँदरसम्म सरकारी नजरबाट बचेका छैनन्। प्रहरीले सम्मेलनअघि सडकछेउमा भिख माग्ने बालबालिकालाई समेत समातेर राखेको छ। सहरलाई सुन्दर देखाउन सेप्टेम्बरको सुरुमा एक हजार भुसिया कुकुरलाई 'क्रूरतापूर्वक' नियन्त्रणमा लिइएको एक पशु संरक्षण संगठनले आरोप लगाएको थियो।

जी-२० सम्मेलनकै लागि भनेर दिल्लीमा रहेका कम्तीमा २५ झोपडी बस्तीहरू पूर्ण रूपमा नष्ट बनाइएको फ्रेन्च पत्रिका 'ल मोन्ड'ले अधिकारीहरूलाई उद्धृत गर्दै लेखेको छ। बस्ती भत्काउदा त्यहाँ बसोवास गर्दै आएका लाखभन्दा बढी बासिन्दालाई कुनै वैकल्पिक आवास नदिएकाले उनीहरू घरबारविहीन हुन पुगेका छन्। मोदीले विदेशी पाहुनाबाट गरिबी लुकाउने प्रयास गरेको यो पहिलोपटक भने होइन। सन् २०२० फेब्रुअरीमा मोदीले उनको गृहराज्य गुजरातको राजधानी अहमदाबादमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि विशेष कार्यक्रम आयोजना गरेका थिए। त्यति वेला पनि ट्रम्प विमानस्थलदेखि कार्यक्रमस्थलसम्म पुग्ने सडकका दुवै छेउका विपन्न बस्ती लुकाउन अग्ला पर्खाल बनाइएका थिए।

'मेरो गृहनगर दिल्लीले जी-२० मा विश्व नेताहरूलाई स्वागत गर्नका लागि ती नेताहरूको नजरबाट श्रमजीवी विपन्नलाई मेटाउने प्रयास गरेको छ। यसका लागि ठूलो स्तरमा विपन्न श्रमिकको झुपडी बस्ती नष्ट गरिए। हटाउन नसकिएका बस्तीलाई विशाल हरियो पर्दा लगाएर छोपिएको छ। विपन्न श्रमिककै हातले सहर बन्छन्। श्रमजीवीहरू देखाउन लाज मान्ने मेरो देशको सरकारलाई देखेर म लज्जित भएको छु,' विपन्न उत्थानका लागि काम गर्ने मानवअधिकारकर्मी हर्ष मन्डरले भने।

जी-२० सम्मेलन हुने खबर आएपछि नयाँदिल्लीको जनता क्याम्प क्षेत्रको एक बस्तीका बासिन्दा खुसी थिए। समूहको शिखर सम्मेलन उनीहरू बसोवास गर्ने ठाउँबाट जम्मा ५०० मिटरको दूरीमा जो हुँदै थियो। तर, सम्मेलनले उनीहरूलाई पनि फाइदा दिने तिनको आशा थियो। तर, लाभ दिनु त कहाँ हो कहाँ, ती आफू बसिरहेको घरबाटै हटाइए। शिखर सम्मेलनकेन्द्रित सहरी सौन्दर्यीकरणका लागि बस्ती भत्काउने सूचना बाहिरिएपछि केही झुपड-बस्तीका बासिन्दा बस्ती भत्काउन रोकिदिन माग गर्दै दिल्ली उच्च अदालतको ढोका ढकढक्याउन पुगेका थिए। तर, अदालतले दिल्लीका झुपडी-बस्ती अवैध भएको फैसला गरिदियो। त्यसपछि सहरका अधिकारीले बस्तीमा बसोवास गर्नेहरूलाई मे ३१ सम्म बस्ती खाली गर्न आदेश दिएका थिए। सरकारका अधिकारी अहिले भत्काइएका बस्तीहरू सरकारी जग्गामा गैरकानुनी रूपमा रहेका बस्तीलाई नियमित कार्यका रूपमा 'हटाइएको' अभियानअन्तर्गत नै भत्काइएका बताउँछन्। सहरबाहिरबाट कामको खोजीमा आउने विपन्न श्रमिककको आश्रयस्थल रहेको जनता क्याम्पजस्तै झुपडी बस्तीले दशकौंको समयावधिमा आकार लिएका थिए। ती बस्तीमा बस्ने प्रायः बासिन्दा बस्तीनजिकैका निर्माणस्थलमा काम गर्छन्। तिनका परिवारका लागि दशकौंदेखि घर भनेकै तिनै बस्तीका जस्ताले बेरेर बनाइएका साना घर हुने गर्थ्यो। तर, अब बस्ती भत्किएसँगै ती बस्तीमा बसोवास गर्नेमध्ये कैयौंको दिल्ली बसोवास अनिश्चित बनेको छ।

सन् २०२१ मा देशका केन्द्रीय आवासमन्त्री हरदीप सिंह पुरीले दिल्ली सहरभित्रका अनधिकृत बस्तीमा करिब एक करोड ३५ लाख मानिस बसोवास गर्ने संसद्लाई जानकारी गराएका थिए। 'सरकारले सहरी सौन्दर्यीकरणको नाममा विपन्न र कमजोर मानिसको बस्ती भत्काइरहेको छ। तर, यस क्रममा बस्ती भत्काइएपछि त्यहाँका बासिन्दाको अवस्था के हुन्छ भनेर सरकारले केही सोचेको देखिँदैन,' घरबारविहीनका लागि काम गर्ने 'नयाँदिल्लीस्थित सेन्टर फर होलिस्टिक डेभलपमेन्ट'का कुमार अलेडियाले भने, 'यदि बस्ती खाली गर्नैपर्ने थियो भने बासिन्दालाई समयमै सचेत गराउनुपर्थ्यो। उनीहरूलाई पुनर्स्थापना गर्न सकिने ठाउँ भेटेपछि मात्र सार्नुपर्थ्यो।' गत महिना देशको सर्वोच्च अदालतले सुकुम्बासीलाई सार्वजनिक जग्गा कब्जा गर्ने अधिकार नभएको तर तिनलाई सो स्थानबाट हटाउनुअघि समय दिनुपर्ने र तिनले पुनः स्थापनाका लागि आवेदन दिन सक्ने निर्णय गरेको थियो।

- रोयटर्स र ल मोन्डेबाट

आर्थिक समृद्धिको ढोका खोल्न प्रदेश सरकार प्रयासरत : मुख्यमन्त्री पाण्डे

गोरखा/ गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आर्थिक समृद्धिको नयाँ सम्भावनाको ढोका खोल्न गण्डकी प्रदेश सरकार प्रयासरत रहेको बताएका छन् । नेपाल पत्रकार महासंघ गोरखा शाखाको नवनिर्मित भवनको आज उद्घाटन गर्दै उनले प्रदेश सरकार सकारात्मक सोचका साथ इमानदारितापूर्वक विकास र समृद्धिको दिशामा अघि बढिरहेको बताएका हुन् ।

'गण्डकी प्रदेशभित्रका सबै क्षेत्रमा समानुपातिक ढंगबाट विकास अगाडि बढाउन सकियोस् भन्ने प्रदेश सरकारको चाहना छ,' उनले भने, 'त्यसका लागि आर्थिक समृद्धिको नयाँ सम्भावना खोल्न सकियोस् भन्ने कुरामा सरकारले सकारात्मक र इमानदारितापूर्वक प्रत्यत्न गरिरहेको छ ।'

नेपाली समाजमा पछिल्लो समय राजनीतिक दल र सरकारप्रति केही असन्तुष्टि र आक्रोश देखिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसलाई सबै क्षेत्र मिलेर समाधान गर्नुपर्नेमा जोड दिए ।

'समाजमा देखिएका असन्तुष्टि र आक्रोशलाई सरकारले सम्बोधन गर्नुपर्ने आवश्यकता छ,' उनले भने, 'हाम्रा सीमित स्रोत र साधनलाई अधिकतम प्रयोग गरेर मुलुकमै बसेर केही गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ, त्यसतर्फ हामी सबैको सकारात्मक र जिम्मेवारीपूर्ण भूमिकाको आवश्यकता छ ।' - *रासस*

२० बिघाको धानबाली नष्ट

कञ्चनपुर/ शुक्लाफाँटा नगरपालिका-५ गर्जमुनी र खजुवाका २५ बढी परिवारको झन्डै २० बिघा क्षेत्रफलमा लगाइएको धानबाली जंगली हात्तीको बथानले नष्ट गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट छिर्ने हात्तीको बथानले करिब २० बिघामा लगाइएको धानबालीमा क्षति पुऱ्याएको हो । स्थानीय राजबहादुर तमोली वर्षभरि खानका लागि खेतमा रोपेको धान पाक्ने लागेका बेला जंगली हात्तीको बथानले खाएर सखाप पारेपछि चिन्तित छन् । एक बिघामा लगाएको धानबाली पूरै जंगली हात्तीले सखाप पारेको उनले बताए ।

'बिउ, मलखाद, सिँचाइ, जोताइ र रोपाहा गरी ३० हजार रुपैयाँभन्दा बढी खर्च गरेर धान रोपेको थिएँ,' तमोलीले भने, 'गए राति आएको हात्तीको बथानले एकैछिनमा पूरै धानबाली स्वाहा बनाएको छ । धानका बाला सबै खाएको छ, पराल मात्रै बाँकी छ ।' खानका लागि धान खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको उनले बताए ।

'धान पूरै खाएर अघाएपछि उज्यालो हुनुअघि मात्रै हात्तीको बथान फर्कने गरेका छन्,' धामीले भने, 'खाएर र खुट्टाले कुल्चेर धानबालीमा पूरै क्षति पुगेको छ ।' हात्तीको बथान होहल्ला गरेर, टिन बजाएर, आगो बालेर र पटाका पड्काएर पनि नभाग्ने गरेको स्थानीय बताउँछन् । 'वडाध्यक्ष चक्रबहादुर खड्काका अनुसार जंगली हात्तीले धानबालीमा क्षति पुऱ्याउन थालेपछि निकुञ्ज कार्यालयलाई नियन्त्रणका लागि आग्रह गरिएको बताए । 'हात्तीलगायतका जंगली जनावर नियन्त्रणका लागि धेरै पहिलादेखि नै विद्युतीय मेसवायर जडानको माग गर्दै आएका छौं,' उनले भने, 'त्यसको सुनुवाइ हुन सकेको छैन ।' नगरपालिकाबाट मेसवायर जडानका लागि बजेटको व्यवस्था हुन नसक्दा प्रदेश र संघ सरकारसँग माग गरिएको वडाध्यक्ष खड्काको भनाइ थियो । - *रासस*

■ मन्त्रीले अवलोकन गरे

शनिबार बिहान सुदूरपश्चिम प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री रमेश धामी र प्रदेशसभा सदस्य ओमविक्रम भाटले छुट्टाछुट्टै रूपमा धानबालीमा जंगली हात्तीले क्षति पुऱ्याएको स्थानको अवलोकन गरेका छन् । मन्त्री धामीसमक्ष स्थानीय बासिन्दाले हात्ती नियन्त्रणका लागि भरपर्दो व्यवस्था मिलाउन माग गरेका छन् । मन्त्री धामीले मन्त्रालयबाट बजेट विनियोजन गरी मेसवायर जडान हुन नसकेका क्षेत्रमा तत्काल कार्य अगाडि बढाइने प्रतिबद्धता व्यक्त गरे । निकुञ्जनजिकैका गर्जमुनि र खजुवा क्षेत्रमा प्रत्येक वर्ष जंगली हात्तीले धान, गहुँ, तरकारीलगायत बालीमा क्षति पुऱ्याउँदै आएको छ ।

पर्यटकीय गन्तव्य बन्दै मायाटार

मुग्लिन/ चितवनको फिस्लिङ-शक्तिखोर सडक स्तरोन्नति भएसँगै पछिल्लो समय इच्छाकामना गाउँपालिकाको माथिल्लो विकट भेगमा पनि पर्यटक बढ्न थालेका छन् । वडा नं. २ मायाटार गाउँ पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको स्थानीय बताउँछन् । शक्तिखोरबाट उपरदाङगढी हुँदै फिस्लिङ जोड्ने सडकको मध्यभागमा पर्ने मायाटार गाउँमा गुरुङ र चेपाङ जातिको बाक्लो बसोवास छ । यो गाउँ चितवनको पुरानो सदरमुकाम ऐतिहासिक उपरदाङगढीबाट आठ किलोमिटरको दूरीमा पर्दछ । गर्मी मौसममा आन्तरिक पर्यटक बढी पुग्ने गरेका घरवास (होमस्टे) सञ्चालकसमेत रहेका स्थानीय टीका गुरुङले बताए ।

'जिल्लाको तराई भेग र इच्छाकामनाको तल्लो भेगमा गर्मी हुँदा मायाटारमा भने सिरक ओढेर सुत्नुपर्ने अवस्था हुन्छ,' उनले भने, 'गर्मी छल्न अन्य मौसममा भन्दा बढी आन्तरिक पर्यटक यहाँ पुग्ने गर्छन् ।' यहाँ दैनिक आन्तरिक पर्यटक आएर वास बस्ने गरेको उनको भनाइ छ ।

गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले पर्यटकको आवागमन बढेसँगै यहाँका गाउँलाई होमस्टेका रूपमा विकास गर्ने योजना रहेको बताए । विशेष गरेर मायाटारसहित नजिक रहेका गुरुङ बस्ती, घुर्केस र डाँडागाउँमा होमस्टे सञ्चालन गर्ने तयारी भइरहेको उनले जानकारी दिए । 'यहाँ आउने पर्यटकलाई गुरुङ र चेपाङ समुदायको सांस्कृतिक झाँकीबाट मनोरञ्जन प्रदान गर्नका लागि होमस्टे सञ्चालन गर्ने योजना बनाएका छौं । मायाटारनजिकै घुर्केस, डाँडागाउँलगायत रमणीय गुरुङ बस्ती छन्,' अध्यक्ष गुरुङले भने, 'गुरुङ र चेपाङ समुदायको कला संस्कृतिबाट यहाँ आउने पर्यटकलाई थप मनोरञ्जन प्रदान गर्न सकिन्छ ।'

होमस्टे सञ्चालनका लागि स्थानीयलाई तालिमका साथै आर्थिक सहयोग गर्ने गाउँपालिकाको योजना रहेको उनले बताए । होमस्टे सञ्चालनमार्फत स्थानीयको आयस्तर वृद्धि हुने उनको भनाइ छ । - *रासस*

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था
प्रधान कार्यालय: लाजिम्पाट, काठमाण्डौं
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

धितोमा रहेको सम्पत्ती लिलाम बिक्रीको १० दिने सूचना

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र अन्य दे-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रियस्तर को दैनिक पत्रपत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउनेबारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरिने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानी बस्ने व्यक्तिहरुको अन्य चल अचल सम्पत्तिबाट समेत असुलउपर गरी लिने व्यहोरा यसै सूचनाद्वारा ऋणी, जमानीकर्ता र धितो दिने व्यक्ति सबैलाई सूचित गरिन्छ । साथै यसै सूचनालाई आधार मानि ऋणी तथा व्यक्तिगत जमानत दिनुहुने व्यक्तिहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलाम प्रक्रिया स्वतः अन्त्य हुनेछ ।

तपसिल

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना		धितोको विवरण
१) **ऋणीको नामः न्यू गोपी एण्ड सन्स ज्वेलर्स** फर्म/कम्पनी दर्ता निकायः घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, पर्वत ठेगानाः कुस्मा न.पा. ६, पर्वत दर्ता नं.: २१२७/०७४/०७५ दर्ता मितिः २०७४/०४/२६, पान नंः ६०६२९१२१४ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : सरोज खाती** बुवाको नामः गोपीलाल वि.क. बाजेको नामः नन्दलाल वि.क. ठेगानाः पिपलटारी गा.वि.स. -५, पर्वत हालः कुस्मा न.पा. ६, पर्वत ना.प्र.नं.: ५११०२७/२४१, जारी मितिः २०६६/०६/२५, जारी जिल्लाः पर्वत **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय : कुस्मा, पर्वत**	क) **नाम : गोपीलाल वि.क.** बुवाको नामः नन्दलाल वि.क. बाजेको नामः गोरे सुनार ठेगानाः पिपलटारी गा.वि.स.-५, पर्वत हालः कुस्मा न.पा. ६, पर्वत ना.प्र.नं.: ३०८, जारी मितिः २०४४/१२/०१ जारी जिल्लाः पर्वत **ख) नाम : लालमती वि.क.** पतिको नामः गोपीलाल वि.क. ससुराको नामः नन्दलाल वि.क. ठेगानाः पिपलटारी गा.वि.स.-५, पर्वत हालः कुस्मा न.पा. ६, पर्वत ना.प्र.नं.: ध प ३०९ जारी मितिः २०४४/१२/०१, जारी जिल्लाः पर्वत	ग) **नाम : किरण खाती** बुवाको नामः गोपीलाल वि.क. बाजेको नामः नन्दलाल वि.क. ठेगानाः पिपलटारी गा.वि.स.-५, पर्वत हालः कुस्मा न.पा. ६, पर्वत ना.प्र.नं.: ५११०२७/१२२ जारी मितिः २०६५/०४/२१, जारी जिल्लाः पर्वत घ) **नामः नारायण कुमार बराल वि.क.** बुवाको नामः तप्त बहादुर वि.क. बाजेको नामः नवल सिह वि.क. ठेगानाः बेनी न.पा.-७, म्याग्दी हालः बेनी न.पा. -८, म्याग्दी ना.प्र.नं.: ३०५३, जारी मितिः २०६१/०७/२४ जारी जिल्लाः म्याग्दी	यस विकास बैंकको नाममा दर्ता भई ऋणी राज बहादुर रेग्मी कायम रहेको निम्न अनुसारको सवारी साधन थान १ । **सवारी दर्ता नं: बा.१४ च. ९५२०** कम्पनीको नामः Ashok Ley Land मोडलः Dost Strong Load Body बनेको सालः २०१६ च्यासिस नंः MB1AA22E7GRE25335 ईन्जिन नंः EGHO14560P, सवारीको रङः सेतो
७) **ऋणीको नामः राज बहादुर रेग्मी** बाबुको नामः दिल बहादुर रेग्मी बाजेको नामः भक्त बहादुर रेग्मी स्थायी ठेगानाः इपापञ्चकन्या-०७, मकवानपुर हालको ठेगाना : का.म.न.पा.-७, रातोपुल नागरिकता न. र जारी मिति- ३१ इपा ८४ र २०४४-११-१० जारी गरेको जिल्ला- मकवानपुर **कर्जा शर्षिकः हायर पर्चेज कर्जा** **शाखा कार्यालय : गोंगबु, काठमाण्डौं**	क) **नामः मिठु कुमारी न्यौपान** बाबुको नाम : तिलक बहादुर न्यौपाने ससुराको नामः दिल बहादुर रेग्मी पतिको नामः राज बहादुर रेग्मी स्थायी ठेगानाः गढी -०५, मकवानपुर हालको ठेगाना : का.म.न.पा.-७, रातोपुल नागरिता नं. र जारी मिति- २५९४७ र २०५०/५/२१ जारी गरेको जिल्ला- मकवानपुर	
८) **ऋणीको नामः** **क) ऋणीको नामः दुदराज निर्माण सेवा प्रा.लि.** फर्म/कम्पनी दर्ता निकायः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ठेगानाः वडा नं ०४ चापागाँउ, ललितपुर हालः वडा नं ११ गोदावरी, ललितपुर दर्ता नं.: ५४३४८/०६४/०६५ दर्ता मितिः २०६५/०३/२०, पान नं. ३०३४३३६७७ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिः प्रदिप दुदराज** **ख) ऋणीको नामः प्रदिप दुदराज** बुवाको नामः भवनाथ दुदराज बाजेको नामः जित बहादुर दुदराज ठेगानाः गिम्दि वडा नं ०३, ललितपुर हालः गोदावरी वडा नं ११, ललितपुर ना.प्र.नं.: २८-०१-०६५-०१२६१ जारी मितिः २०६५/०३/१७, जारी जिल्लाः ललितपुर **कर्जा शीर्षक : हायरपर्चेज कर्जा/व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालयः नयाँ बानेश्वर, काठमाण्डौं**	क) **नामः प्रदिप दुदराज** बुवाको नामः भवनाथ दुदराज बाजेको नामः जित बहादुर दुदराज ठेगानाः गिम्दि वडा नं ०३, ललितपुर हालः गोदावरी वडा नं ११, ललितपुर ना.प्र.नं.: २८-०१-०६५-०१२६१ जारी मितिः २०६५/०३/१७, जारी जिल्लाः ललितपुर **ख) नाम : भवनाथ दुदराज** बुवाको नामः जित बहादुर दुदराज बाजेको नामः लाटो दुदराज ठेगानाः गिम्दि वडा नं ०३, ललितपुर हालः गोदावरी वडा नं ११, ललितपुर ना.प्र.नं.: ९/३६८, जारी मितिः २०४४/११/२४ जारी जिल्लाः ललितपुर ग) **नामः दिलमाया दुदराज** पतिको नामः भवनाथ दुदराज ससुराको नामः जित बहादुर दुदराज ठेगानाः गिम्दि वडा नं ०३, ललितपुर हालः गोदावरी वडा नं ११, ललितपुर ना.प्र.नं.: ६८०१९, जारी मितिः २०५१/०५/१३ जारी जिल्लाः ललितपुर	चितवन जिल्ला मालपोत कार्यालय खैरहनी चितवनमा प्रदिप दुदराजको नाममा दर्ता श्रेस्ता कायम रहेको चैनपुर गा.वि.स. वार्ड नं. ५ख स्थीत कित्ता नं. ५१४ को क्षे.फ १५७०.२५ ब.मि. भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । **द्रष्टव्यः** दुदराज निर्माण सेवा प्रा. लि. को कर्जामा प्रदिप दुदराज, भवनाथ दुदराज र दिलमाया दुदराज व्यक्तिगत धन जमानीकर्ता रहेको र प्रदिप दुदराजको कर्जामा भवनाथ दुदराज र दिलमाया दुदराज व्यक्तिगत धन जमानीकर्ता रहेको ।
९) **ऋणीको नामः शुकुमाया श्रेष्ठ** पतिको नामः हेम कुमार श्रेष्ठ ससुराको नामः लिलामान नेवार ठेगानाः छाङ्ग गा.वि.स. ३, तनहुँ हालः म्याग्दे गा.पा.४, रिठेपानी, तनहुँ ना.प्र.नं.: ७९५९६ जारी मितिः २०६२/०१/०८ जारी जिल्लाः तनहुँ **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : दमौली, तनहुँ**	क) **नाम : लिलामान नेवार** बुवाको नामः पुर्णमान श्रेष्ठ बाजेको नामः मेयर मान नेवार ठेगानाः छाङ्ग गा.वि.स. ३, तनहुँ हालः म्याग्दे गा.पा. ४, रिठेपानी, तनहुँ ना.प्र.नं.: ४०० जारी मितिः २०४६/०३/०८ जारी जिल्लाः तनहुँ	ख) **नाम : भगवती श्रेष्ठ** बुवा/पतिको नामः चन्द्र कुमार श्रेष्ठ/राम कुमार श्रेष्ठ बाजे/ससुराको नामः धिर्ज नारायण श्रेष्ठ ठेगानाः मानपाङ गा.वि.स. ३, तनहुँ हालः ब्यास न.पा. ५, तनहुँ ना.प्र.नं.: १२२, जारी मितिः २०४६/०२/३२ जारी जिल्लाः तनहुँ ग) **नाम थरः सुरिन श्रेष्ठ** बुवाको नामः हेम कुमार श्रेष्ठ बाजेको नामः लिलामान नेवार ठेगानाः म्याग्दे गा.पा. ४, रिठेपानी, तनहुँ हालः म्याग्दे गा.पा. ४, रिठेपानी, तनहुँ ना.प्र.नं.: ४३-०१-७७-०६८३९ जारी मितिः २०७७/११/२८, जारी जिल्लाः तनहुँ
सुरक्षण धितोको विवरणः तनहुँ जिल्ला मालपोत कार्यालय दमौली तनहुँमा शुकुमाया श्रेष्ठको नाममा दर्ता श्रेस्ता कायम रहेको मानपाङ गा.वि.स. वार्ड नं. २/छ स्थित कित्ता नं. ४८ को क्षे.फ. १२७.१८ ब.मि. भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
१) **ऋणीको नामः विश्वकर्मा हार्डवेयर** फर्म/कम्पनी दर्ता निकायः घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाही ठेगानाः कौडेना-५, सर्लाही दर्ता नं.: २५४२/०६९/०७० दर्ता मितिः २०७०/०१/२०, पान नं. ६०१२०१२०६ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिः फेकन राय यादव** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालयः मलंगवा, सर्लाही**	क) **नाम : फेकन राय यादव** बुवाको नामः शिव सरण राय यादव बाजेको नामः रिझन राय यादव ठेगानाः कौडेना-५, सर्लाही हालः कौडेना-५, सर्लाही ना.प्र.नं.: ४९७८२७५९, जारी मितिः २०४८/०९/१५ जारी जिल्लाः सर्लाही	ख) **नामः शिव सरण राय यादव** बुवाको नामः रिझन राय यादव बाजेको नामः राम भक्ति राय ठेगानाः कौडेना-५, सर्लाही हालः कौडेना-५, सर्लाही ना.प्र.नं.:४९७८१०२२ जारी मितिः २०४३/०५/२९ जारी जिल्लाः सर्लाही	ग) **नाम थरः सुन्दर देवी** पतिको नामः फेकन राय यादव ससुराको नामः रिझन राय यादव ठेगानाः कौडेना-५, सर्लाही हालः कौडेना-५, सर्लाही ना.प्र.नं.: १९३०३०/४७८ जारी मितिः २०६३/११/०९ जारी जिल्लाः सर्लाही
सुरक्षण धितोको विवरणः सर्लाही जिल्ला मालपोत कार्यालय सर्लाहीमा शिव सरण राय यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको कौडेना गा.वि.स. वडा नं. २क स्थीत कित्ता नं. ८६६ को क्षे.फ. ०-०-१४ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
१०) **ऋणीको नामः इन्द्र बहादुर श्रेष्ठ** बुवाको नामः डिल बहादुर श्रेष्ठ बाजेको नामः भक्त बहादुर श्रेष्ठ ठेगानाः दहथुम गा.बि.स ०९, स्याङ्जा हालः टोखा-९, काठमाण्डौं ना.प्र.नं.: ८४, जारी मितिः २०४६/१०/१० जारी जिल्लाः स्याङजा **कर्जा शीर्षक : हायरपर्चेज कर्जा/कोभिड प्रभावित कर्जा/थप चालुपुँजी कर्जा** **शाखा कार्यालयः गोंगबु, काठमाण्डौं**	क) **नाम : निरज थापा** बुवाको नामः समसेर थापा बाजेको नामः सुक बहादुर थापा ठेगानाः कुन्छा-०९, लमजुङ हालः का.म.न.पा.-१०, गोंगबु, काठमाण्डौं ना.प्र.नं.: ४५३०३३/१९२ जारी मितिः २०६३/११/०९ जारी जिल्लाः लमजुङ **ख) नामः जयन्ती श्रेष्ठ** पतिको नामः इन्द्र बहादुर श्रेष्ठ ससुराको नामः डिल बहादुर श्रेष्ठ ठेगानाः दार्सिङ दहथुम-०९,स्याङजा हालः टोखा न.पा.-१०, गोंगबु, काठमाण्डौं ना.प्र.नं.:६६२४०, जारी मितिः २०५८/१२/१३ जारी जिल्लाः स्याङजा	क) यस विकास बैंकको नाममा दर्ता भई ऋणी इन्द्र बहादुर श्रेष्ठ कायम रहेको निम्न अनुसारको सवारी साधनहरु । १. **सवारी दर्ता नं: ना.५ ख. ४९१६** कम्पनीको नामः टाटा मोटर्स भारत माडेलः LPO1512TC/53, बनेको सालः २०१४ च्यासिस नंः MAT412076EOG04058, ईन्जिन नंः 41F84169281 २. सवारी दर्ता नं: ना.५ ख. ४९१७ कम्पनीको नामः टाटा मोटर्स भारत माडेलः LPO1512TC/53, बनेको सालः २०१४ च्यासिस नंः MAT412076EOG04056, ईन्जिन नंः 41F84169582 ३. **सवारी दर्ता नं: बा.४ ख. ५३६३** कम्पनीको नामः टाटा मोटर्स भारत माडेलः LP1512TC/42, बनेको सालः २०१६ च्यासिस नंः MAT412049G1R18724, ईन्जिन नंः 61G63534126
३) **ऋणीको नाम : जीवन पौडेल** बाबुको नामः बालकृष्ण पौडेल बाजेको नामः डिल्ली प्रसाद पौडेल स्थायी ठेगानाः मोरङ जिल्ला, डाँगीहाट गा.वि.स वडा नं. ०४ हालको ठेगानाः मोरङ जिल्ला, ग्रामथान गा.पा वडा नं. ०७ नागरिकता नं. र जारि मितिः ५५९६६ र २०५७/११/१८ जारी जिल्लाः मोरङ **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **शाखा कार्यालय : नयाँ बानेश्वर**	क) **नाम : सीता पौडेल** बाबुको नामः नारायण बहादुर वस्नेत पतिको नामः जीवन पौडेल ससुराको नामः बालकृष्ण पौडेल स्थायी ठेगानाः मोरङ जिल्ला, बनिगामा गा.वि.स वडा नं. ०९ हालको ठेगानाः मोरङ जिल्ला, ग्रामथान गा.पा वडा नं. ०७ नागरिकता नं. र जारि मितिः ०५-१६-७०/००३७४ र २०७०/०२/०५ जारी जिल्लाः मोरङ	यस विकास बैंकको नाममा दर्ता भई ऋणी **जीवन पौडेल** कायम रहेको निम्न अनुसारको सवारी साधन । **सवारी दर्ता नं. : ना १ ज ५८९४** कम्पनीको नाम : टाटा मोटर्स शुमो गोल्ड EX इन्जिन नं.: 497SPTC43DTY613643 च्यासिस नं.: MAT446510GED03264 मोडल नं.: २०१६
४) **ऋणीको नाम : इन्सपायर टेडिङ्ग प्रा.लि.** फर्म/कम्पनी दर्ता निकायः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ठेगानाः ललितपुर उ.म.न.पा वडा न. १ कुपण्डोल दर्ता नं.: ५९५९९/०६५/०६६ दर्ता मितिः २०६५/१०/३, पान नं. ३०३४२७०४९ **प्रोपराईटर/अख्तियार प्राप्त व्यक्तिः मोहन कुमार गिरी** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौं**	क) **नामः मोहन कुमार गिरी** बुवाको नामः प्रदिप कुमार गिरी बाजेको नामः जयानन्द गिरी ठेगानाः कोल्टी -३ बाजुरा हालः टोखा न.पा.-७, धापासी, काठमाण्डौ ना.प्र.नं.: ७०-३८०/१८८१ जारी मितिः २०५१/०४/१४ जारी जिल्लाः बाजुरा	ख) **नाम : भब बहादुर थामी** बुवाको नामः सनमान थामी बाजेको नामः चतुरमान थामी ठेगानाः सुस्पाक्षमावती- ७ दोलखा हालः का.म.न.-३ पानीपोखरी, काठमाण्डौं ना.प्र.नं.: ७६०४, जारी मितिः २०५४/०३/०४ जारी जिल्लाः दोलखा
सुरक्षण धितोको विवरणः १. काठमाण्डौ जिल्ला मालपोत कार्यालय साँखुमा इन्सपायर टेडिङ्ग प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको लप्सीफेदी गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ५/ङ स्थीत कित्ता नं. ३० को क्षे.फ. ११-०-०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा मोहन कुमार गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको सिद्धिगणेश गा.वि.स./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. ७ स्थीत कित्ता नं. ९०२ को क्षे.फ. ०-४-१-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
५) **ऋणीको नाम : ज्योती सटरीङ उद्योग** फर्म/कम्पनी दर्ता निकायः घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) ठेगानाः रामग्राम न.पा.-१४, नवलपरासी दर्ता नं.: ३५८/१९७८/०७६ दर्ता मितिः २०७६/०६/०५, पान नं.: ६१५३७२५५२ **प्रोपराईटर/अख्तियार प्राप्त व्यक्तिः भुवनेश्वर चौधरी** **कर्जा शीर्षकः साना तथा मझौला व्यवसाय आवधिक कर्जा** **शाखा कार्यालय : सुनवल**	क) **नामः भुवनेश्वर चौधरी** बुवाको नामः पारसनाथ थारु बाजेको नामः सुन्दर थारु ठेगानाः अमरौड गा.वि.स.-९, नवलपरासी हालः रामग्राम न.पा.-१४, नवलपरासी ना.प्र.नं.: ७४७५० जारी मितिः २०६१-०६-२० जारी जिल्लाः नवलपरासी	ख) **नामः अप्सरा देवी चौधरी** पतिको नामः भुवनेश्वर चौधरी ससुराको नामः पारसनाथ थारु ठेगानाः अमरौड गा.वि.स.-५ नवलपरासी हालः रामग्राम न.पा.-१४, नवलपरासी ना.प्र.नं.: ३६३०७३/४७५ जारी मितिः २०६३/११/२३ जारी जिल्लाः नवलपरासी
सुरक्षण धितोको विवरणः नवलपरासी जिल्ला मालपोत कार्यालय परासीमा भुवनेश्वर चौधरीका नाममा दर्ता श्रेस्ता कायम रहेको अमरौड गा.वि.स. वडा नं. ५ क स्थीत कित्ता नं. ८९० को क्षे.फ. ०-२-०-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
६) **ऋणीको नामः सागर पशुपंक्षी फर्म** फर्म/कम्पनी दर्ता निकायः घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, तनहुँ ठेगानाः शुक्लागण्डकी न.पा. १०, तनहुँ दर्ता नं.: ४४७०/०७१/०७२ दर्ता मितिः २०७१/१२/२६, पान नंः ६०७८५१५९३ **प्रोप्राइटर/धनजमानिको नामः सागर विश्वकर्मा** **कर्जा शीर्षक : कृषि आवधिक कर्जा** **शाखा कार्यालय : तल्लो गगनगौडां, पोखरा**	क) **नाम : सागर विश्वकर्मा** बुवाको नामः भोज बहादुर विश्वकर्मा बाजेको नामः सेरे वि.क. स्थाई ठेगानाः खैरेनिटार गा.वि.स.-८, तनहुँ हालः शुक्लागण्डकी न.पा. ६, तनहुँ ना.प्र.नं. र जारी मितिः ८१५८१ र २०६२/०३/०९ जारी जिल्लाः तनहुँ **ख) नाम : रुविना वि.क.** पतिको नामः भोज बहादुर विश्वकर्मा ससुराको नामः सेरे वि.क. स्थाई ठेगानाः खैरेनिटार गा.वि.स.-८, तनहुँ हालः शुक्लागण्डकी न.पा. ६, तनहुँ ना.प्र.नं. र जारी मितिः ८९७ र २०४५/०२/११ जारी जिल्लाः तनहुँ	ग) **नाम : इन्द्रमती सुनार** पतिको नामः सागर विश्वकर्मा ससुराको नामः भोज बहादुर विश्वकर्मा ठेगानाः अर्बेनी गा.वि.स.-०२, गुल्मी हालः शुक्लागण्डकी न.पा. ६, तनहुँ ना.प्र.नं. र जारी मितिः ४१३०३०/४९१ र २०६३/१०/२७ जारी जिल्लाः गुल्मी घ) **नामः कमला थापा** पतिको नामः तुलमान विश्वकर्मा ससुराको नामः भोज बहादुर विश्वकर्मा स्थायी ठेगानाः छाङ गा.वि.स.-०९, तनहुँ हालः शुक्लागण्डकी न.पा. ६, तनहुँ ना.प्र.नं. र जारी मितिः ७६९६१ र २०६१/०९/२१ जारी जिल्लाः तनहुँ
सुरक्षण धितोको विवरणः तनहुँ जिल्ला मालपोत कार्यालय दमौलीमा रुविना वि.क.को नाममा दर्ता श्रेस्ता कायम रहेको उदेनढुङ्गा गा.वि.स.,वार्ड नं. ५/ग स्थित कित्ता नं. १०२३ को क्षे.फ.२-२-१-० भएको जग्गा/सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।		
११) **ऋणीको नामः चमेली किराना पसल** फर्म/कम्पनी दर्ता निकायः घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाही ठेगानाः इश्वरपुर-५, सर्लाही दर्ता नं.: ५३५०/०७४/०७५ दर्ता मितिः २०७४/०७/२८, पान नं. ६०७१६२९२९ **प्रोप्राईटर/अख्तियार प्राप्त व्यक्तिः राज कुमार साह** **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा** **शाखा कार्यालयः मलंगवा, सर्लाही**	क) **नाम : राज कुमार साह** बुवाको नामः विलास साह बाजेको नामः सुगन साह स्थाई ठेगानाः जब्दी-१, सर्लाही हालः इश्वपुर-५, स

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २४ भदौ ०८०

सिमेन्ट निर्यातमा सुखद सुरुवात

गत वर्ष साउनमा ४९ लाखको मात्रै निर्यात भएको सिमेन्ट यो साउनमा साढे २३ करोड पुग्यो

नवीन अर्याल/नयाँ पत्रिका

सरकारले निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदान र विद्युत् महुसलमा समेत छुट दिने घोषणा गरेपछि नेपालबाट सिमेन्ट निर्यात बढ्न थालेको छ। अहिले चारवटा उद्योगले भारतको सीमावर्ती बजारमा सिमेन्ट तथा क्लिंकर निर्यात थालेका छन्। चालू आर्थिक वर्षको पहिलो महिना साउनमा मात्रै २३ करोड ५० लाखबराबरको सिमेन्ट तथा क्लिंकर निर्यात भएको भन्सार विभागले जनाएको छ। जबकि, गत आर्थिक वर्षभरिमा करिब ७८ करोडको सिमेन्ट तथा क्लिंकर निर्यात भएको थियो। सिमेन्ट निर्यात सुरु भएको गत वर्षको पहिलो महिना साउनमा ४९ लाखको सिमेन्ट निर्यात भएको थियो।

२४ असार ०७९ मा पाल्पा सिमेन्टले पहिलोपटक 'तानसेन' ब्रान्डको सिमेन्ट निर्यात गरेको थियो। त्यसयता अर्घाखाँची, बालाजी र सिजी सिमेन्ट उद्योगले निर्यात गरिसकेका छन्। चौधरी ग्रुपले भारतकै चर्चित व्यावसायिक घराना अदानी ग्रुपसँग रणनीतिक साझेदारी गरेर बिहीबारदेखि सिमेन्ट निर्यात सुरु गरेको हो।

सिमेन्ट तथा क्लिंकर निर्यात गर्ने उद्योगको संख्या बढ्न थालेसगै निर्यात पनि बढ्न थालेको छ। चालू आवको पहिलो महिना नै सिमेन्ट निर्यात उत्साहजनक रहेको अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले बताए। अर्घाखाँची सिमेन्टले ३० आसोजदेखि निर्यात सुरु गरेको हो। 'गत वर्ष अर्घाखाँची सिमेन्ट मात्रै करिब ३७ करोडको निर्यात भएको थियो,' उनले भने, 'यस वर्ष कम्तीमा एक सय ५० करोड सिमेन्ट तथा क्लिंकर निर्यात गर्ने लक्ष्य राखेका छौं।'

उद्योगको संख्या बढेसँगै चालू आवमा करिब ५-६ अर्बको सिमेन्ट तथा क्लिंकर निर्यात हुने अनुमान मुरारकाको छ। भारतीय बजारमा नेपाली सिमेन्टको मार्केटिङ एवं बजारीकरण गर्न सजिलो नभए पनि प्रयास गरिरहेको उद्योगीको भनाइ छ। राज्यले प्रोत्साहनको नीति लिएमा वार्षिक एक खर्ब ५० अर्बसम्मको सिमेन्ट तथा क्लिंकर निर्यात गर्न सकिने नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले बताए।

चरम मन्दीले देशभित्र निर्माण क्षेत्र थलिएर आन्तरिक बजारमा सिमेन्टको माग घटे पनि भारतमा क्रमशः निर्यात बढ्न थालेको छ। नवलपरासीमा रहेको पाल्पा सिमेन्टले 'तानसेन' ब्रान्डको सिमेन्ट सुनौलीदेखि गोरखपुरसम्म बिक्री गर्दै आएको छ। भैरहवामा उद्योग रहेको अर्घाखाँची सिमेन्ट गोरखपुर, लखनउ तथा बिहारसम्म पुग्छ। 'गोरखपुरमा अर्घाखाँची सिमेन्टको वाल पेन्टिङ विज्ञापन नै देख्न पाइन्छ,' मुरारकाले भने, 'अहिलेलाई हाम्रो मुख्य बजार गोरखपुर हो।'

बालाजी सिमेन्टका प्रबन्ध निर्देशक ऋषिकेश अग्रवालका अनुसार 'बहुबली' र 'श्रृष्टि' ब्रान्डको पिपिसी सिमेन्ट २९ जेठदेखि उत्तर प्रदेशको सिद्धार्थनगरमा निर्यात सुरु गरिएको छ। कपिलवस्तुमा रहेको बालाजीले कृष्णनगर नाका हुँदै भारतीय बजारमा सिमेन्ट पुऱ्याउने गर्छ।



■ सिमेन्ट निर्यात गर्ने उद्योग

- २४ असार ०७९ देखि पाल्पा सिमेन्ट
- ३० असोज ०७९ देखि अर्घाखाँची सिमेन्ट
- २९ जेठ ०८० देखि बालाजी सिमेन्ट
- २१ भदौ ०८० देखि सिजी सिमेन्ट निर्यात

गत आर्थिक वर्षको बजेटमार्फत सरकारले स्वदेशी वस्तु निर्यात गर्ने उद्योगलाई ८ प्रतिशत नगद अनुदान र १० करोडभन्दा बढीको विद्युत् खपत गर्ने उद्योगलाई महसुलमा १५ प्रतिशतसम्म छुट दिने घोषणा गरेको थियो। सरकारको यही सुविधाका कारण सिमेन्ट उद्योगी निर्याततर्फ आकर्षित भएको मुरारकाको भनाइ छ। 'सरकारले प्रशासनिक झन्झट हटाएर सहजै अनुदान प्राप्त गर्ने व्यवस्था गर्नुपर्छ, त्यो नभएसम्म अपेक्षित परिमाणमा सिमेन्ट निर्यात हुँदैन,' उनले भने, 'अहिले हामीले सिमेन्ट निर्यातमा मार्जिन नभए पनि भविष्यमा पक्कै राम्रो होला भन्ने आशा राखेर निर्यात गर्न कस्सिएका हौं।'

भारत सरकारको ब्युरो अफ इन्डियन स्ट्यान्डर्स (बिआइएस)बाट गुणस्तरसम्बन्धी इन्डियन स्ट्यान्डर्ड इन्स्टिच्युट (आइएसआई) चिह्न प्राप्त गरेपछि मात्र सिमेन्ट निर्यात गर्न पाइन्छ। अरू थुप्रै सिमेन्ट उद्योगहरू निर्यातका लागि आइएसआई प्रमाणपत्रको पर्खाइमा रहेको नेपाल सिमेन्ट उत्पादक संघले जनाएको छ।

■ एक वर्षमा कहिले कति निर्यात ?

०७९ साउनमा नेपालबाट सवा ४९ लाखको ३३ हजार एक सय ५७ मेट्रिकटन सिमेन्ट निर्यात भएको थियो। ०८० साउनसम्म आइपुग्दा महिनामै साढे २३ करोडको सिमेन्ट तथा क्लिंकर निर्यात हुन थालेको भन्सार विभागको तथ्यांकले देखाउँछ। साउनमा १६ करोड ४४ लाखको २५ हजार सात सय ४२ टन क्लिंकर र सात करोडभन्दा बढी मूल्यको नौ हजार पाँच सय ७३ मेट्रिकटन सिमेन्ट निकासी भएको छ।

गत आवको भदौमा ४० लाख, असोजमा एक करोड २६ लाख, कात्तिकमा एक करोड ३५ लाख, मंसिरमा ९१ लाख, पुसमा चार करोड २० लाख, माघमा आठ करोड सात लाख, फागुनमा १३ करोड ७६ लाख, चैतमा ११ करोड ७६ लाख, ०८० वैशाखमा १३ करोड १२ लाख, जेठमा १२ करोड ३२ लाख र असारमा १० करोड २९ लाखको सिमेन्ट तथा क्लिंकर निर्यात भएको भन्सार विभागले जनाएको छ। गत आवमा १० लाख चार हजार टन सिमेन्ट तथा क्लिंकर निर्यात भएको भन्सार विभागले जनाएको छ। जसमध्ये सिमेन्ट ३५ करोड ८९ लाख रुपैयाँ र क्लिंकर ४२ करोडभन्दा बढीको (कुल ७८ करोड) निर्यात भएको छ।

गत आर्थिक वर्षको सिमेन्ट तथा क्लिंकर निर्यातमा पाल्पा र अर्घाखाँची दुई सिमेन्ट उद्योगको योगदान छ। यस वर्ष बालाजी र सिजी सिमेन्ट पनि थपिएको हुँदा निर्यात बढ्ने अपेक्षा गरिएको हो। नेपालमा सञ्चालित सिमेन्ट उद्योगको उत्पादन क्षमता नेपालको बजार मागभन्दा धेरै रहेको सिमेन्ट उत्पादक संघका अध्यक्ष थापाको भनाइ छ। उनका अनुसार अहिले सञ्चालनमा रहेका उद्योगको वार्षिक उत्पादन क्षमता दुई करोड ५० लाख टन (२५ मिलियन टन) रहेको छ। तर, सामान्य अवस्थामै बजारको माग भने एकतिहाइ मात्र रहेको उनको भनाइ छ। जसले गर्दा ठूलो परिमाणमा सिमेन्ट निर्यातको सम्भावना रहेको उनले बताए।

स्वदेशी कच्चा पदार्थ चुनढुंगा प्रयोग गरेर उत्पादन गरिने सिमेन्ट तुलनात्मक रूपमा लाभ धेरै भएको वस्तु हो। उद्योगीका अनुसार सिमेन्ट उत्पादनमा ९० प्रतिशतभन्दा बढी भ्यालु एडिसन हुने गर्छ। स्वदेशी कच्चा पदार्थमा आधारित भएको हुनाले सिमेन्ट निर्यातमा नेपाललाई धेरै फाइदा छ। तर, अझै अपेक्षित रूपमा सिमेन्ट निर्यात हुन नसकेको अध्यक्ष थापाले बताए। 'धेरै उद्योग सिमेन्ट निर्यातको तयारीमा छन्,' उनले भने, 'यदि सरकारले घोषणा गरेको नगद अनुदान सहजै तीन-तीन महिनामा उपलब्ध गराउने व्यवस्था गरेमा सिमेन्ट निर्यातमा उत्साह आउनेछ।'

सिमेन्ट निर्यातमा लजिस्टिकको समस्या रहेको उद्योगीको गुनासो छ। नाकाबाट २०-२५ किलोमिटरको दूरीमा पुऱ्याउने सिमेन्ट लोड भएका ट्रक भन्सारबाट पास गराउन आठ-नौ घन्टासम्म लाग्ने गरेको मुरारकाले बताए। भैरहवा भन्सारकै कुरा गर्दा भारतको सुनौलीतर्फ १२ किलोमिटरसम्म ट्रकको लाइन लागेको हुन्छ। सिमेन्ट बोकेका ट्रक घन्टौं लाइनमा राख्दा निर्यात लागत बढ्ने गर्छ। भन्सार कार्यालयमा पर्याप्त जनशक्ति राखेरै भए पनि भन्सार क्लियरेन्स सहज र चुस्त बनाउनुपर्ने उद्योगीको माग छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०८० को मस्यौदा प्रस्ताव

संरक्षण क्षेत्रका खोलामा एकभन्दा बढी जलविद्युत् निर्माण गर्न नपाइने

काठमाडौं/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०८० को मस्यौदामा संरक्षण क्षेत्रभित्रका खोलामा एकभन्दा बढी जलविद्युत् आयोजना निर्माण गर्न नपाइने व्यवस्था राखिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले तयार पारेको प्रारम्भिक मस्यौदामा संरक्षणभित्रका नदीमा एउटा मात्रै आयोजना बनाउन पाइने, क्षमता वृद्धि गर्न नपाइने र ५० प्रतिशत मात्रै पानीको उपयोग गरेर आयोजना विकास गर्नुपर्ने उल्लेख गरिएको छ। त्यस्तै, सीमा नदी भएमा २५ प्रतिशत पानी छाड्नुपर्ने र संवेदनशील क्षेत्रमा आयोजना विकास गर्न नपाइने व्यवस्था मस्यौदामा राखिएको इप्पानका उपमहासचिव प्रकाश दुलालले बताए। विभागले सरोकारवालाको राय संकल गर्ने उद्देश्यले आयोजित कार्यक्रममा इप्पानका उपमहासचिव दुलालले भने 'नियमावलीको मस्यौदा हेर्दा ऊर्जा विकासमा निकै बाधक रहेको देखिन्छ, इप्पानका सुझाव समेटेर मात्रै नियमावली जारी गर्न अनुरोध गर्छौं।'

जलविद्युत् उत्पादन हुने पहाडी क्षेत्रमा कतै चुरे संरक्षण क्षेत्र, कतै मध्यवर्ती संरक्षण क्षेत्र त कतै हिमाली संरक्षण क्षेत्रको नाममा सबै ठाउँ संरक्षणभित्रै राखिएको उनले बताए। 'जलविद्युत् उत्पादन हुने भनेकै पहाडी र हिमाली क्षेत्रमा हो। तराईमा त जलविद्युत् उत्पादनको सम्भावना हुँदैन,' दुलालले भने, 'जलविद्युत् विकास नगर्रौं, देश समृद्ध नबनाऔं भने मात्रै यस्ता नीति-नियम जारी गर्रौं, होइन ऊर्जाबाट समृद्धि चाहिन्छ भने आयोजना विकास गर्ने वातावरण पनि बचाइदिऔं।'

संरक्षण क्षेत्रको वन क्षेत्र उपयोगका लागि पहिला कम्पनीको नाममा निजी जग्गा किनेर संरक्षण क्षेत्रको नाममा गरिदिनुपर्ने, एक रूख काट्दा २५ रूख रोप्नुपर्ने, प्रतिहेक्टर १६ सय रूख रोप्नुपर्ने, सर्वोच्च अदालतको फैसलाको मर्मविपरीत प्रक्रियामा गइसकेका आयोजनाको हकमा पनि आवश्यक देखिएमा मात्रै सहमति दिने, पाँच इन्च मोटाइ भएको रूखको लगत राख्ने, ५ प्रतिशत रोयल्टी संरक्षण क्षेत्रलाई दिनेलगायतका कुरा ऊर्जा विकासका लागि बाधक मानिएको इप्पानको ठहर छ।

सर्वोच्च अदालतको एउटा फैसलाले संरक्षणभित्र निर्माण प्रक्रियामा गएका आयोजनालाई समेट्ने गरी नियमावली बनाउनु भन्ने निर्देशनात्मक आदेश दिएको उनको भनाइ छ। तर, विभागले त्यसको ठीकविपरीत आवश्यक देखिएमा मात्रै अध्ययन सहमति दिने गरी मस्यौदा अघि बढाएको उनले बताए।

डिपो प्रमुखलाई पाँच वर्ष कैद सजाय माग

नयाँ पत्रिका

नेपाल आयल निगमको गण्डकी प्रादेशिक कार्यालय, पोखरा (गगनगौंडा)का निलम्बित प्रमुख चित्तरञ्जन दासलाई तेल अपचलन अभियोगमा कम्तीमा पाँच वर्ष कैद र ५० हजार जरिवाना माग दाबीसहित जिल्ला अदालत, कास्कीमा मुद्दा दायर गरिएको छ।

गत २५ साउनमा निगमको डिपोबाट १२ हजार लिटर डिजेलको बिल बनाई निस्केको ट्यांकरलाई जिल्ला प्रशासन कार्यालय, कास्कीको टोलीले नियन्त्रणमा लिई परीक्षण गर्दा १५ हजार दुई सय लिटर तेल भेटिएपछि डिपो प्रमुख दासले तेल अपचलन गर्ने गरेको घटना बाहिर आएको थियो। सोही घटनामा संलग्न आरोपितहरू डिपोका प्रमुख दास, डिपोबाट खरिद गरेको भन्दा बढी तेल लैजाने ट्यांकरधनी तथा पश्चिमाञ्चल ट्रेडर्स नामका पम्प सञ्चालक बाबुराम जमरकट्टेल, पेट्रोलपम्प व्यवसायीहरूका तर्फबाट ट्यांकरमा लोड भएको पेट्रोलियम पदार्थ डिप गर्ने गण्डकी-धौलागिरि पेट्रोलियम डिलर्स एसोसिएसनका कार्यालय सचिव जगन्नाथ ढुंगाना र ट्यांकरका चालक निर्मल थापालाई कारबाही गर्नुपर्ने ठहरसहित इलाका प्रहरी कार्यालय हंसपुरले सरकारी वकिलको कार्यालयमा अभियोजन दर्ता गरेको थियो।

प्रहरीको प्रतिवेदनअनुसार सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा मुद्दा दायर गरेको हो। मुद्दा दायरलगत्तै शुक्रबारदेखि थुनछेक बहससमेत सुरु भएको छ। आरोपितमध्ये डिपो प्रमुख दास फरार छन् भने अन्य तीनजना जमरकट्टेल, ढुंगाना र थापा न्यायिक हिरासतमा छन्।

जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद बास्तोलाको इजलासमा परेको मुद्दामा सरकारको तर्फबाट जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीका सहायक न्यायाधिवक्ता महेन्द्रप्रसाद अधिकारीले शुक्रबार सुरुवाती बहस गरेका थिए। शुक्रबार नै उनको बहस सकिएको र समय अभावले प्रतिवादीतर्फको बहस आइतबार पुनः हुने भएको छ।

घटनाको विस्तृत अध्ययन गरी प्रहरीले बुझाएको प्रतिवेदनमा निलम्बित डिपो प्रमुख दासलाई मुख्य अभियुक्त ठहर गर्दै सबैभन्दा बढी सजायको माग गरिएको छ। सरकारी वकिल कार्यालयका सूचना अधिकारीसमेत रहेका सहायक न्यायाधिवक्ता अधिकारीका अनुसार मुख्य आरोपित दासलाई मुलुकी अपराध संहिता ऐन २०७४ को परिच्छेद २१ को दफा २५२ मा रहेको आपराधिक विश्वासघात गर्न नहुने शीर्षकअन्तर्गतको उपदफा १ (कसैले आपराधिक विश्वासघात गर्न वा गराउन हुँदैन भन्ने निषेध गरेको)को कसुर ठहर, सोही दफाको उपदफा ३ (ख) मा गरिएको व्यवस्थाअनुसार पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना माग दाबी गरिएको हो।

यो घटनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयसमेत भ्रष्टाचारजन्य कसुरमा थप कारबाहीका लागि अलग्गै अनुसन्धान गरिरहेको छ। अख्तियारले आयल निगमलाई विभिन्न ११ बुँदे लिखित स्पष्टीकरणसहितको कागजात बुझाउन निर्देशन दिइसकेको छ।

पर्यटक बढ्न थालेपछि व्यवसायी उत्साहित

म्याग्दी/ म्याग्दीको पर्यटकीय स्थल घोडेपानी र पुनहिलमा पर्यटकको चहलपहल बढ्न थालेको छ। चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको अन्नपूर्ण गाउँपालिका-६ स्थित पुनहिल स्वदेशी एवं विदेशी पर्यटकको रोजाइमा पर्ने गरेको छ।

बर्खायाम नसकिँदै विदेशी पर्यटकको आगमन सुरु भएको जनाउँदै भदौको पहिलो सातादेखि दैनिक रूपमा २० देखि एक सयजनासम्म विदेशी पर्यटक पुनहिल पुग्न थालेका घोडेपानी होटेल व्यवस्थापन समितिका अध्यक्ष मीना पुनले जानकारी दिइन्। आगामी सिजनका लागि विदेशी पर्यटकले धमाधम होटेल बुकिङ गर्न थालेका उनले बताए।

पुनका अनुसार असोजदेखि मंसिरसम्म र फागुनदेखि जेठसम्म धेरै पर्यटक आउने गर्छन्। मुख्य सिजनमा यहाँ दैनिक चार सयदेखि एक हजारसम्म पर्यटक भित्रिने गरेका उनले बताए। उनका अनुसार अहिले पर्यटन सिजन सुरु नहुँदै विदेशीसँगै आन्तरिक पर्यटकसमेत घोडेपानी आउन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन्। गाउँपालिकामार्फत पुनहिलमा प्रवेश शुल्क र टी सप सञ्चालनका लागि स्थानीय पाँचजना व्यवसायीले ६३ लाख ११ हजार रुपैयाँमा ठेक्का लिएका पालिका कार्यालयले जनाएको छ। - रासस

पोखरामा ड्रुक एयरको व्यावसायिक अन्तर्राष्ट्रिय उडान

कास्कीमा **रोहितराज पराजुली**

सञ्चालनमा आएको आठ महिनामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएको छ। विमानस्थलमा शनिबार चार्टर उडानमार्फत भुटानको 'ड्रुक एयर'ले पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान गरेको हो। विमानबाट पोखरा आएका र पोखराबाट गएका यात्रुसँगै चालकदलका सदस्यलाई गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापा, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठलगायतले स्वागतसँगै बिदाइ गरेका छन्।

पारोबाट चालकदलका सात र तीन चालकसहित १० जना सवार विमान बिहान ६:४० मा पोखरामा अवतरण गरेको थियो। पोखरामा अवतरण गरेको करिब डेढ घन्टापछि बिहान ८:०५ बजे पोखराबाट ४२ यात्रु र चालक दलका सात गरी ४९ जना थिम्पुका लागि उडेको पोखरा



विमानस्थलकी प्रवक्ता यसोदा सुवेदीले जानकारी दिइन्। उनका अनुसार पहिलो व्यावसायिक उडानसँगै विमानस्थलले करबापत प्रतियात्रु तीन हजारका दरले एक लाख २६ हजार र ग्राउन्ड ह्यान्डलिङ्लगायतको शुल्क गरी करिब तीन लाख आम्दानी भएको छ। पारोदेखि पोखरासम्मको सीधा उडानका लागि करिब एक घन्टा समय लागेको थियो। ड्रुक भुटानको सरकारी वायुसेवा कम्पनी हो। ड्रुकले एयरबस ३१९ बाट उडान भरेको हो, जसको यात्रु क्षमता एक सय २० जना रहेको छ।

यसअघि विमानस्थलमा ६ असार ०८० मा चिनियाँ विमान कम्पनी सिचुवान एयरलाइन्सले चीनको छेन्दु विमानस्थलबाट पोखरामा चार्टर उडानमार्फत पहिलो अन्तर्राष्ट्रिय उडान गरेको थियो भने शनिबार ड्रुकले दोस्रो चार्टर उडान गरेको हो।

पोखरा उडानका लागि २५ साउनमा नागरिक उड्डयन प्राधिकरणसँग ड्रुकले अनुमति मागेको थियो। प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार चार्टर उडानका लागि ड्रुकका अध्यक्ष र महानिर्देशक केही समयअघि नेपाल आएका थिए। त्यसपछि प्राधिकरणले चार्टर उडानका लागि अनुमति दिएको हो। चार्टरसँगै व्यावसायिक उडानपछि ड्रुकले आफ्नो कार्यालयमा उडान प्रतिवेदन पेस गर्नेछ। दिएको प्रतिवेदनको अध्ययनपछि भुटानको नागरिक उड्डयन प्राधिकरणले व्यावसायिक उडान सुरु गर्ने भुलले जानकारी दिए। हाल ड्रुकले साताको सात दिन भुटानबाट व्यावसायिक उडान गर्ने भन्ने जानकारी दिएको भुलले बताए। पोखरामा हुने व्यावसायिक उडानपछि ड्रुकले पोखरा-दिल्ली-पारो उडान गर्ने गरी तयारी गरेको छ।

१७ पुसमा ०७९ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेको विमानस्थलमा ११ फागुनमा इन्स्टुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो। विमानस्थलमा १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको थियो।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण सांवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

परासी शाखा, नवलपरासी

ऋणीको विवरण

१. जावेद खान
ना.प्र.नं. ३६१०६९/२२४७ जारी मिति २०६७/१२/२४ जि.प्र.का. नवलपरासी
बाबुको नाम : नेसार अहमद मियां
बाजेको नाम : समिउल्ला मियां
स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी
कर्जा शिर्षक : आभधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सलमान मियां ना.प्र.नं. ३६१०६९/९७२ जारी मिति २०६६/११/१४ जि.प्र.का. नवलपरासी बाबुको नाम : नेसार अहमद मियां बाजेको नाम : समिउल्ला मियां स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी	**शोयब अखतर खान** ना.प्र.नं. ९१२०९ जारी मिति २०६३/०८/१० जि.प्र.का. नवलपरासी बाबुको नाम : नेसार अहमद मियां बाजेको नाम : समिउल्ला मिया स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी
नौसाद आलम ना.प्र.नं. ५२६३३ जारी मिति २०५६/१०/१७ जि.प्र.का. नवलपरासी बाबुको नाम : नेसार अहमद मियां बाजेको नाम : समिउल्ला मियां स्थायी ठेगाना : रामग्राम न.पा.- २, नवलपरासी	**रेहान खान** ना.प्र.नं. ३६-०१-७२-०३९९८ जारी मिति २०७२/०७/१९ जि.प्र.का. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) बाबुको नाम : नेसार अहमद मियां बाजेको नाम : समिउल्ला मियां स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
सहेजाद खान ना.प्र.नं. ३६-०१-७२-०३९९७ जारी मिति २०७२/०७/१९ जि.प्र.का. नवलपरासी बाबुको नाम : नेसार अहमद मियां बाजेको नाम : समिउल्ला मियां स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी	**सकिना खातुन** ना.प्र.नं. ८२१९८ जारी मिति २०६२/५/१२ जि.प्र.का. नवलपरासी बाबुको नाम : कासीम मियां पतिको नाम : नेसार अहमद मिया ससुराको नाम : समिउल्ला मिया स्थायी ठेगाना : रामग्राम न.पा. - २, नवलपरासी

ऋणीको विवरण

२. ज्योति कुमारी कुवर क्षेत्री
ना.प्र.नं. ६०१३२ जारी मिति २०५८/०६/२९ जि.प्र.का. नवलपरासी
बाबुको नाम : गोपाल बहादुर कुवंर क्षेत्री
बाजेको नाम : बल बहादुर कुवंर क्षेत्री
स्थायी ठेगाना : बर्दघाट सुस्ता पश्चिम
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

बिजय कुवंर क्षेत्री ना.प्र.नं. ४५९१८ जारी मिति २०५५/०२/३१ जि.प्र.का. नवलपरासी बाबुको नाम : गोपाल बहादुर कुवंर क्षेत्री बाजेको नाम : बल बहादुर कुवंर क्षेत्री स्थायी ठेगाना : सुनवल - ९, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	**निबुल योगी** ना.प्र.नं. ११८१३ जारी मिति २०३४/१०/१३ जि.प्र.का. नवलपरासी बाबुको नाम : ठाकुर नाथ योगी पतिको नाम : गोपाल बहादुर कुवंर क्षेत्री ससुराको नाम : बल बहादुर कुवंर क्षेत्री स्थायी ठेगाना : स्वाठी - ८, नवलपरासी

कोहलपुर शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय बाँके, नेपालगंजमा प्रा.फा.र.नं २५७८६/०७३/०७४ अन्तर्गत मिति २०७३/०५/१२ मा दर्ता कायम भएको **जोन एण्ड ट्रेडर्स** फर्म दर्ता ठेगाना : बनकटवा - ९, बाँके स्थायी लेखा नं. ६०५०३१४७८ मिति २०७३/०५/१२ **प्रोपाइटर : फागुने रकाल** ना.प्र.नं. १/६/३०२२६ जारी मिति २०६१/०६/२० जि.प्र.का. सल्यान बाबुको नाम : दल बहादुर रकाल बाजेको नाम : गिरदल रकाल स्थायी ठेगाना : चाँदिकरेन्जी - ०९, सल्यान **कर्जा शिर्षक : ओभरड्राफ्ट, फोर्स तथा डिमाण्ड कर्जा**	**चन्द्रकला चौधरी** ना.प्र.नं. ६५१०१५-३६७ जारी मिति २०६५/०६/१५ जि.प्र.का. बर्दिया बाबुको नाम : मणीराम थारु पतिको नाम : फागुने रकाल ससुराको नाम : दल बहादुर रकाल स्थायी ठेगाना : बाँसगढी न.पा. - ९, बर्दिया

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

नेपाल लाइफद्वारा दूधकुण्डमा निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले सोलुखुम्बुको चार हजार ६ सय ३२ मिटर उचाइमा रहेको प्रसिद्ध धार्मिकस्थल दूधकुण्डमा तीर्थयात्रीका लागि निःशुल्क प्राथमिक स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

नेपाल रेडक्रस सोसाइटी टाक्सिन्दु उपशाखाको सहकार्यमा ११ भदौदेखि १४ गतेसम्म शिविर सञ्चालन गरेको हो। उक्त शिविरबाट चार सय २२ जना भक्तजन प्रत्यक्ष लाभान्वित भएका छन्। जसमा दुई सय १० जनाको स्वास्थ्य परीक्षण, एक सय ४६ जनालाई औषधि वितरण, ६४ जनालाई प्राथमिक उपचार र दुईजनालाई एम्बुलेन्स सेवा प्रदान गरिएको थियो। विशेषतः मेलाका बखत उच्च स्थान भएकाले टाउको दुख्ने, बान्ता हुने, शरीरका जोर्नी दुख्ने, श्वासप्रश्वासमा समस्या हुनेजस्ता लक्षण भएका बिरामीको उपचार गरिएको थियो।



लिटमस केबल्सद्वार इकोवायर-जेडएच सार्वजनिक

काठमाडौं/ लिटमस केबल्सले जर्मन प्रविधिद्वारा नेपालमै उत्पादन गरिएको इकोवायर-जेडएच सार्वजनिक गरेको छ। ह्यालोजनमुक्त इकोवायर-जेडएच अझ बढी र उच्च कोटीको सुरक्षाको अनुभूति दिनेमा कम्पनी विश्वस्त छ। कार्यक्रममा उद्योगका प्रमुख व्यक्तित्वहरू, मेकानिकल र इलेक्ट्रिकल तथा प्लम्बिङमा आबद्ध टेक्निसियन, परामर्शदाता, ग्राहकवर्ग तथा मिडियाका प्रतिनिधि उपस्थित थिए। लिटमस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले भने, 'इकोवायर-जेडएच नेपालमै पहिलो ह्यालोजनमुक्त एक मात्र तार हो। ग्राहकवर्गको माग, सुरक्षालाई आत्मसात् गरी नयाँ-नयाँ प्रविधि तथा नवीनतम उत्पादन बजारमा ल्याउनेछौं।'

लिटमस इन्डस्ट्रिज लिमिटेडका उपाध्यक्ष सरोज मिश्रले यसको अतुलनीय सुरक्षा प्रविधिका कारण ग्राहकले विश्वास गर्ने बताए। कम धुवाँ र उत्सर्जनमुक्त विशेषताले यो सबै प्रयोगकर्ताका लागि उपयुक्त विकल्प बनेको उनको भनाइ छ। उनले भने, 'यसको खिया नलाग्ने गुण र आगो प्रतिरोधले समग्र सुरक्षा रूपरेखा बढाउँछ। विशेष रूपमा उत्पादनको पर्यावरणमैत्री डिजाइनले यसको दिगोपन र जिम्मेवारीलाई रेखांकित गर्छ, यो वातावरणीय रूपमा सचेत उपभोक्ताको रोजाइ बन्न सक्छ।'

आगलागी हुँदा इकोवायर-जेडएचले न्यूनतम धुवाँ उत्पादन गर्छ, जसले सुरक्षित निकासी र उद्धार टोलीहरूद्वारा तीव्र उद्धार गर्नमा महत गर्नेछ। यसको आगो प्रतिरोधले आगोको फैलावटलाई रोक्छ, नियन्त्रण र सुरक्षा बढाउँछ साथै यो तार जनमैत्री, पर्यावरणमैत्री र ओजोनमैत्री पनि छ। परम्परागत तारभन्दा इकोवायर-जेडएच ९० र १८० मि बक्स प्याकहरूमा उपलब्ध छ।



कर्जा तिर्ने बारे १५(पन्ध्र) दिने सार्वजनिक सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/२४)

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.का तपसिलमा उल्लेखित तपाईं ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईंलाई पटक पटक पत्राचार गर्दै तथा व्यक्तिगत रुपमा सम्पर्क गरि तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई वेवास्ता गरेकोले १५(पन्ध्र)दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र संस्थामा उपस्थित भई कर्जाको चुक्ता गर्न वा कर्जाको किस्ता तिरि नियमित गर्न जानकारी गराईन्छ।

उक्त म्याद भित्र कर्जा चुक्तागर्न वा सो मिति सम्मको मासिक किस्ता नियमित गर्न नआउनु भएमा सहकारी ऐन २०७४ तथा प्रच्चलित नेपाल कानून बमोजिम कार्वाहि अगाडी बढाउन सँस्था बाध्य हुनेछ

तपशिल

सि.नं.	ऋणीको विवरण	जमानीको विवरण
१.	**नाम : राम ब.दङ्गाल** बाबुको नाम : टेक ब.दङ्गाल बाजेको नाम : यज्ञश्वर दँगाल ठेगाना : सि.पा.जिल्ला, इन्द्रावती-७ हाल-काजी, कागेश्वरी मनहरा ना.प्र.नं. : ७०३/४२२ जारी जिल्ला : सिन्धुपाल्चोक	**नाम : शन्त ब.दङ्गाल** बाबुको नाम : राम ब.दङ्गाल बाजेको नाम : टेक ब.दङ्गाल ठेगाना : सि.पा.जिल्ला, इन्द्रावती-७, हाल-काजी, कागेश्वरी मनहरा ना.प्र.नं. : ४८२२४/११२६३८ जारी जिल्ला : सिन्धुपाल्चोक
२.	**नाम : चञ्चली थापा** पतिको नाम : शन्त ब.दङ्गाल बाबुको नाम : शिव ब.थापा ठेगाना : सि.पा.जिल्ला, इन्द्रावती-७, हाल-काजी, कागेश्वरी मनहरा ना.प्र.नं. : २४१०२४/१६९५२ जारी जिल्ला : सिन्धुपाल्चोक	**नाम : शन्त ब.दङ्गाल** बाबुको नाम : राम ब.दङ्गाल बाजेको नाम : टेक ब.दङ्गाल ठेगाना : सि.पा.जिल्ला, इन्द्रावती-७, हाल-काजी, कागेश्वरी मनहरा ना.प्र.नं. : ४८२२४/११२६३८ जारी जिल्ला : सिन्धुपाल्चोक
३.	**नाम : मन कुमारी मगर** पतिको नाम : तोप ब.मगर बाबुको नाम : रण ब.मगर ठेगाना : काजी, तारकेश्वर-२ ना.प्र.नं. : २६-१/१६२९८ जारी जिल्ला : धादिङ	**नाम : तोप ब.मगर** बाबुको नाम : तिलक ब.मगर बाजेको नाम : भक्त ब.मगर ठेगाना : काजी,तारकेश्वर-२ ना.प्र.नं. : १११८ जारी जिल्ला : धादिङ

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.
पिंगलास्थान, गौशाला, काठमाडौं
फोन नं. : ०१-४४८३२४५

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा व्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०४/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७३/०७/३० रोज ३ मा प्रा.फ.र.नं. १७०४/०७३/०७४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०५८/०६/०८ मा स्थायी लेखा नम्बर (PAN) ३००३७३८७३ र मिति २०७३/०८/०१ मा (VAT) अन्तर्गत दर्ता कायम भएको **गौरी शंकर हार्डवेयर पसल**।

प्रोप्राइटर : राम करण ठाकुर

व्यक्तिगत जमानीकर्ताको विवरण

१. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने **राम करण ठाकुर** (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा)।	२. मोहित ठाकुर वडहीको बुहारी, राम करण ठाकुरको पत्नी, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने **ललिता देवी ठाकुर** (ना.प्र.नं. १५३०९१/८९२, जारी मिति २०६३/११/२८, जि.प्र.का. सिराहा)।

धितोको विवरण

१. उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७३/०७/३० रोज ३ मा प्रा.फ.र.नं. १७०४/०७३/०७४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०५८/०६/०८ मा स्थायी लेखा नम्बर (PAN) ३००३७३८७३ र मिति २०७३/०८/०१ मा (VAT) अन्तर्गत दर्ता कायम भएको गौरी शंकर हार्डवेयर पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने राम करण ठाकुर (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ८ हाल कटारी न.पा. वडा नं. ४ स्थित कि.नं. ४३३२ र ४४५० को क्षेत्रफल क्रमशः ०-०-१२-० र ०-०-८-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने राम करण ठाकुर (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. १ क हाल कटारी न.पा. वडा नं. ३ स्थित कि.नं. ३९७८ को क्षेत्रफल ०-०-७-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. मोहित ठाकुर वडहीको बुहारी, राम करण ठाकुरको पत्नी, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने ललिता देवी ठाकुर (ना.प्र.नं. १५३०९१/८९२, जारी मिति २०६३/११/२८, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. १ क हाल कटारी न.पा. वडा नं. ३ स्थित कि.नं. १६२६ र १६२७ को क्षेत्रफल क्रमशः ०-०-२-० र ०-०-२-० (बिघा) बमोजिमको घरजग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

५. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी गौरी शंकर हार्डवेयर पसल कायम भएको प्रदेश नं. २, यातायात व्यवस्था कार्यालय, लहान, सिराहामा दर्ता कायम रहेको तपसिल बमोजिमका सवारी साधन :

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	ईन्जिन नं.	च्यासिस नं.
LPT 1109/42 BS3_20ft HDLB	प्र-२-०२-००१ क ०१३६	2021	497TC44CSY809094	MAT457017H7R04653

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०६/०७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८०/०६/०८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : कटारी, उदयपुर
फोन नं. ०३५-४५०४३४
Website: www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बनेपा, काभ्रेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०५/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बनेपा, काभ्रेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज ०८ गते सोमबारका** दिन शाखा कार्यालय बनेपा, काभ्रेमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

शंकर प्रसाद पौडेलको बुहारी, राम प्रसाद प्रसाईको छोरी, बसन्त पौडेलको पत्नी, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ९ बस्ने **नम्रता प्रसाई** (ना.प्र.नं. ४९३२/२४६४४, जारी मिति २०४२/०५/३१, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. अंगनाथ पौडेलको नाती, शंकर प्रसाद पौडेलको छोरा, काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ८ बस्ने **बसन्त पौडेल** (ना.प्र.नं. ५७४५/११२१२, जारी मिति २०३७/१२/०१, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ।

२. भगवती प्रसाद खरेलको नाती, किरण खरेलको छोरा, काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १० बस्ने **सुवास खरेल** (ना.प्र.नं. १२३६, जारी मिति २०४३/०४/१०, जिल्ला प्रशासन कार्यालय काठमाडौं)।

लिलाम हुने सम्पतीको विवरण:

१. **नम्रता प्रसाई**को नाममा मालपोत कार्यालय काभ्रेमा दर्ता कायम रहेको काभ्रे जिल्ला, धुलिखेल न.पा. वडा नं. १ स्थित कित्ता नं. ९७१ को क्षेत्रफल १-०-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **नम्रता प्रसाई**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, कविलास गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. ९५५ को क्षेत्रफल ०-१-१३.५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज ०७ गते** भित्र बैंकको शाखा कार्यालय बनेपा, काभ्रेमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बनेपा, काभ्रेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलवन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज ०८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बनेपा, काभ्रेमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक विदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन विदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाई सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्होर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बनेपा, काभ्रेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफ्नो सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोवन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज ०८ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सर्वैका लागि
शाखा कार्यालय बनेपा, काभ्रे फोन नं. ०११-६६१२९८

राठी एडहेसिभ र आइडिया नेपालबीच सहकार्य

काठमाडौं/ राठी एडहेसिभ र इन्टेरियर डिजाइनर एसोसिएसन नेपाल (आइडिया नेपाल)बीच सहकार्य गर्ने सम्झौता भएको छ। सम्झौताअनुसार राठी एडहेसिभले इन्टेरियर डिजाइनरलाई सुलभ मूल्यमा अन्तर्राष्ट्रिय गुणस्तरका उत्पादन देशैभरि आफ्ना विक्रेतामार्फत उपलब्ध गराउनेछ। साथै, ती उत्पादनमा कम्पनीले गुणस्तरको ग्यारेन्टीसमेत दिएको छ। दुवै संस्थाको उद्देश्य मेल खाएका कारण सहकार्य भएको राठी एडहेसिभका कार्यकारी प्रमुख योगेश राठीले बताए। उनले भने, 'दुवै संस्थाको उद्देश्य नेपाली उत्पादनलाई प्रोत्सान गर्दै बजारमा स्थापित गरी देशको अर्थतन्त्रमा टेवा पर्याउनु हो। यसकारण दुवैको उद्देश्य मेल खाएको हुनाले दुवै संस्थाबीच सहकार्य भएको हो।' राठी एडहेसिभले ३५ वर्षदेखि अन्तर्राष्ट्रिय गुणस्तरका विभिन्न एडहेसिभ उत्पादन गर्दै आइरहेको छ भने आइडिया नेपालले इन्टेरियर डिजाइनरहरूको अधिकार र पहिचानको क्षेत्रमा काम गर्दै आइरहको छ। नेपालमै बनेका इन्टेरियरका सामग्रीलाई प्रोत्सान गरी नेपाली उत्पादनलाई बढावा दिने कार्य कम्पनीले गर्ने राठीले बताए।

आइडिया नेपालका अध्यक्ष श्याम श्रेष्ठले राठी कोलका उत्पादन कम्पनीले भनेअनुसार उच्च गुणस्तरको रहेको बताए। त्यस्ता उत्पादनले नेपाली उत्पादन प्रयोग गरी बनेका इन्टेरियरका सामग्री बलियो भएको उनले बताए।

एनआइसी एसियाको फन्ड ट्रान्सफरमा मोबाइल अफर

काठमाडौं/ एनआइसी एसिया बैंकले कनेक्ट आइपिएससँगको सहकार्यमा मोबाइल बैंकिङबाट फन्ड ट्रान्सफरमा हरेक हप्ता मोबाइल अफर सार्वजनिक गरेको छ। अफरअन्तर्गत हरेक साता एकजनाले एप प्रयोग गरी कनेक्ट आइपिएसमार्फत फन्ड ट्रान्सफर गर्दा स्मार्ट फोन जित्न सक्ने बैंकले जनाएको छ।

१७ भदौदेखि देखि २० असोजसम्म लागू अफरअन्तर्गत साता सकिएपछि 'लक्की ड्र'मार्फत विजेता घोषणा गरिनेछ। विजेताको जानकारी एनआइसी एसिया बैंकको आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ। फन्ड ट्रान्सफर गर्न मोबाइल बैंक एप लगइन गरी मोबाइल स्क्रिनको तल्लो भागमा रहेको फन्ड ट्रान्सफर अप्सनमा क्लिक गरेर अदर बैंक युजिङ कनेक्ट आइपिएस छनोट गर्नुपर्छ।

समृद्धि फाइनान्सको वित्तीय साक्षरता र तिज कार्यक्रम



काठमाडौं/ समृद्धि फाइनान्सले श्रमजीवी महिला काष्ठ हस्तकला उद्योगका २७ महिला सदस्यहरूलाई वित्तीय साक्षरता तथा तिज विशेष कार्यक्रम सम्पन्न गरेको छ। गैरसरकारी संस्था महासंघ बागमती प्रदेशको अध्यक्ष आरती पाठकको आतिथ्य तथा सामुदायिक विकास तथा सचेतना नेपालको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा श्रमजीवी महिला काष्ठ हस्तकला उद्योगका महिला सदस्यहरूलाई बैंक तथा वित्

अमेरिका र...

पृष्ठ १ बाट क्रमशः

वृद्धि भएको छ। सम्मेलनकै बीचमा शनिबार जारी ३७ पृष्ठ लामो घोषणापत्रमा सबै देशले संयुक्त राष्ट्रसंघको बडापत्रका उद्देश्य र सिद्धान्तअनुरूप काम गर्नुपर्नेमा सहमति गरेका छन्। युक्रेन युद्धबारे घोषणापत्रमा छ, 'संयुक्त राष्ट्रसंघको घोषणापत्रअनुसार कुनै पनि राज्यलाई कसैको क्षेत्रीय अखण्डता र सम्प्रभुता वा उसको राजनीतिक स्वतन्त्रताको विरुद्ध क्षेत्रीय आक्रमणको धम्की वा बल प्रयोग गर्नबाट बच्नुपर्दछ। परमाणु हतियारको प्रयोग वा यसको चेतावनी अस्वीकार्य छ।'

रुसी आक्रमणबारे जी-२० नेताहरूको सहमतिप्रति युक्रेनले निराशा व्यक्त गरेको छ। युक्रेनविरुद्ध रुसको आक्रामकताका सन्दर्भमा जी-२० मा गर्व गर्नुपर्ने घोषणा केही नभएको युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता ओलेग निकोलेन्कोले टिप्पणि गरेका छन्।

घोषणापत्र मुख्यतः बलियो, दिगो, सन्तुलित र समावेशी वृद्धि, एडिजिएसमा प्रगतिको गति, दिगो भविष्यका लागि हरित विकास सम्झौता, २१औँ शताब्दीका लागि बहुपक्षीय संस्था र बहुपक्षवादलाई पुनर्जीवित गर्नेमा केन्द्रित छ। जी-२० राष्ट्रहरूले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जाका स्रोतलाई तीन गुणा बढाउने प्रतिबद्धता जनाएका छन्। राष्ट्रिय परिस्थितिअनुरूप कोइलाको उपयोग घटाउँदै जाने सहमति छ।

शीर्ष नेताहरूले दिल्ली घोषणापत्रमा सहमति गरेर सम्मेलनको एक दिनअघि नै जारी गरेका छन्। आयोजक राष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँदिल्ली जी-२० लिडर्स घोषणापत्रमा सहमति जुटेको जानकारी दिएका थिए। मोदीले प्रस्ताव गरेको घोषणापत्र सबैले स्वीकार गरेका थिए। घोषणापत्रमा सहमति जुटाउन भारतीय कूटनीतिज्ञले ठूलो कसरत गरेको प्रधानमन्त्री मोदीको भनाइ छ।

अमेरिका, रुस, चीन र भारत एउटै मञ्चमा बसेर गरेको सहमतिप्रति भारतीय प्रधानमन्त्री मोदीले खुसी व्यक्त गरेका छन्। घोषणापत्रमा सबैको सहमतिले इतिहास रचेको भारतीय प्रधानमन्त्री मोदीको भनाइ छ। मोदीले भने, 'शीर्ष नेताहरूबाट नयाँदिल्ली घोषणापत्रको प्रस्ताव स्वीकार गरेर इतिहास रचिएको छ। घोषणापत्रको सहमति र भावनामा एकजुट भएर, हामी अझ राम्रो, समृद्ध र सामञ्जस्यपूर्ण भविष्यको सहकार्यका साथ काम गर्ने बाचा गर्दै छौं। यसका लागि समर्थन र सहयोगका लागि सबै सदस्यलाई कृतज्ञता ज्ञापन गर्दछु।'

अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायतका प्रधानमन्त्री ऋषि सुनक, चिनियाँ प्रधानमन्त्री ली छियाङ, रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसहित जी-२० देशका शीर्ष नेता, निम्तालु नौ देशका प्रतिनिधि सम्मेलनमा सहभागी छन्। शनिबार दिल्लीको प्रगति मैदानमा रहेको भारत मण्डपमा आयोजित सम्मेलनमा २० सदस्य मुलुक, नौ आमन्त्रित मुलुक तथा संयुक्त राष्ट्रसंघसहित १४ बहुपक्षीय संगठनका प्रतिनिधि सहभागी छन्। बैठकको पहिलो सत्र उद्घाटनसँगै भारतीय प्रधानमन्त्री मोदीको प्रस्तावमा अफ्रिकन युनियनलाई जी-२० को स्थायी सदस्यका रूपमा सामेल गरिएको छ।

जी-२० मा १९ देश र युरोपियन युनियन गरी २० सदस्य छन्। भारत, अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, चीन, फ्रान्स, जर्मनी, इन्डोनेसिया, इटली, जापान, दक्षिण कोरिया, मेक्सिको, रसिया, साउदी अरेबिया, दक्षिण अफ्रिका, टर्की, बेलायत, अमेरिका र युरोपियन युनियन जी-२० का सदस्य हुन्। विश्वका प्रतिद्वन्द्वी मुलुक अमेरिका र चीन तथा रुस एउटै मञ्चमा छन्। एससिओमा भारत, चीन र पाकिस्तान एउटै मञ्चमा भएजस्तै यो विश्वका विभिन्न प्रतिद्वन्द्वी मुलुकका नेताहरू भेट हुने साझा समूह हो। गत वर्ष सम्मेलन इन्डोनेसियामा भएको थियो भने अर्को वर्ष ब्राजिलमा हुँदै छ।

१९९९ मा एसियामा आर्थिक संकटका विषयमा छलफल गर्न जी-२० मुलुक एक ठाउँ उभिएका थिए। २००७ मा वैश्विक आर्थिक संकटपछि शीर्ष नेताहरूको तहमा जी-२० को स्तरोन्नति भएको थियो। जी-२० को हाल कुनै औपचारिक संयन्त्र छैन भने सचिवालय पनि छैन।

भारतीय प्रधानमन्त्री मोदीले २१औँ शताब्दी सम्पूर्ण विश्वलाई नयाँ दिशा दिने सम्भाव्यता रहेको समय भएको बताए। उनले भने, 'वर्षौं पुराना चुनौतीले हामीबाट नयाँ समाधान माग्ने यो समय हो। हामीले मानव केन्द्रित दृष्टिकोणका साथ हाम्रा सबै जिम्मेवारी पूरा गरेर अगाडि बढ्नुपर्छ।'

भारतमा जी-२० सम्मेलन : सन्देश के हो ?

• **डा. महेन्द्र पी लामा,**
प्राध्यापक, जवाहरलाल नेहरू विश्वविद्यालय

भारतमा आयोजित जी-२० शिखर सम्मेलनले सम्पूर्ण दक्षिण एसिया गौरवान्वित भएको छ। भारतले १९५० देखि १९८० को दशकसम्म सम्पूर्ण विश्वका विकासशील राष्ट्रको नेतृत्व गरेपछि विश्वको दक्षिणी (ग्लोबल साउथ) राष्ट्रलाई अर्कोपटक नेतृत्व गर्ने अभिभारा आयो। भारतको ठूलो दायित्वमध्ये छिमेकी राष्ट्रहरूलाई अँगालेर अघि बढ्नु मात्रै नभएर उनीहरूसँग सुगम, सुगठित, दीर्घकालीन शान्ति, विकास, मैत्रीभावपूर्ण सम्बन्धलाई उदाहरण बनाएर विश्वलाई देखाउनुपर्छ। जी-२० को घोषणापत्रलाई आफ्ना छिमेकीबीच सर्वप्रथम कार्यान्वयन गर्नुपर्ने हुन्छ।

• **रणजित राय**, नेपालका लागि भारतीय पूर्वराजदूत

ग्लोबल साउथको आवाजका रूपमा भारतले थप समावेशी र समतामूलक विश्व व्यवस्थाका लागि विकासशील देशहरूको चासो व्यक्त गरिरहेको छ। जी-२० ले हरित ऊर्जा, विकास वित्त (डेभलपमेन्ट फाइनान्सिङ), जलवायु परिवर्तन तथा डिजिटल वित्तीय वास्तुकलाको क्षेत्रमा योगदान दिन विकासशील देशहरूलाई मूर्त तरिकाले मद्दत गर्नेछ।

• **विनोज बस्न्यात**, भूराजनीतिका विज्ञ

भारतमा जी-२० को सम्मेलनको ठूलो महत्त्व छ। युक्रेनमा युद्ध, चीनको नक्सा, डलरको विकल्पजस्ता विषयले विश्वव्यापी आर्थिक र क्षेत्रीय, राजनीतिक र आर्थिक सुरक्षामा प्रभाव परेको छ। ब्रिक्स विस्तार भइरहेका वेला चिनियाँ राष्ट्रपतिले सम्मेलनमा सहभागिता नजनाउनु अर्थपूर्ण छ। भारतले क्वाडलगायत बहुपक्षीय सुरक्षा संलग्नता बढाएको, भारतसँग सीमा विवाद यथावत् रहेको सन्दर्भमा राष्ट्रपति सीको भ्रमण रद्द भएको बुझ्न कठिन छैन। पश्चिमाहरूको सद्भावमा भारतले बंगलादेशलाई बोलाउनु दक्षिण एसियाका लागि अर्को सन्देश हो। तर, भौगोलिक अवस्थितिका हिसाबले महत्त्वपूर्ण ठाउँमा रहेर पनि नेपालले राजनीतिक अस्थिरता, राजनीतिक विश्वासको अभाव, भद्रगोल कूटनीति तथा अर्थतन्त्रका कारणले रणनीतिक सान्दर्भिकता गुमाउँदै जाँदा जी-२० मा निमन्त्रणा नपाउने अवस्था सिर्जना भयो। यसलाई गम्भीर रूपमा समीक्षा गर्नुपर्छ।

• **अतुल ठाकुर**, नेपाल-भारत आर्थिक सम्बन्धका जानकार

जी-२० वास्तवमा वैश्विक कुल गार्हस्थ्य उत्पादनको ८५ प्रतिशत, ७५ प्रतिशत अन्तर्राष्ट्रिय व्यापार र विश्वको दुईतिहाइ जनसंख्याको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण मञ्च हो। यो अन्तर्राष्ट्रिय आर्थिक सहकार्यका सन्दर्भमा धेरै नै महत्त्वपूर्ण छ। अतिथि देश र अन्तर्राष्ट्रिय संस्थालाई निमन्त्रणा गर्ने परम्पराअनुसार दक्षिण एसियाबाट बंगलादेशलाई मात्रै आमन्त्रित गर्नुले भारतको यो क्षेत्रमा सहयोगको ढाँचा वृद्धि गर्ने प्रतिबद्धता पूरा भएको देखिएन। नेपालजस्ता छिमेकीलाई पनि भारतले यस्तो कार्यमा साथमा लिनुपर्छ। भारतले प्रतिबद्धताअनुसार दक्षिण एसिया क्षेत्र र विश्वमा कसरी कार्य प्रगति गर्छ भन्ने कुरा भविष्यमा देखिँदै जानेछ।

• **नविता श्रीकान्त**, वित्तीय र सुरक्षा विश्लेषक

भारतले जी-२० को अध्यक्षतामार्फत असमानताको जरा गाडेको ग्लोबल नर्थबाट विद्यमान अन्तर्राष्ट्रिय वित्तीय संरचनालाई ग्लोबल साउथमा ल्याउने प्रक्रियाको खोजीमा भारत सफल भएको छ। प्रधानमन्त्री मोदीले दक्षिण एसियाको शक्ति प्रदर्शन गरेका छन्। कम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गरेका नेपाल र बंगलादेशजस्ता देशले भारतसँग साझा सहकार्य गर्न सक्छन्। उदाहरणका लागि भारतले भारत, नेपाल र बंगलादेशका युवाहरूलाई सामूहिक रूपमा जापानमा अवसर दिलाइदिन सक्छ। भारतले जे अवसर प्राप्त गरेको छ, यसको प्रतिफल छिमेकीले पनि लिनुपर्छ। यसका लागि यो अवसर हो।

राष्ट्रसंघ र चार देशमा प्रहरी सहचारी खटाउन प्रहरीद्वारा गृहमा पत्राचार



काठमाडौं/ नेपाल प्रहरीले संयुक्त राष्ट्रसंघ र चार देशमा प्रहरी सहचारी राख्न अनुरोध गर्दै फेरि गृह मन्त्रालयलाई पत्राचार गरेको छ। यस्तो व्यवस्थाले संगठित प्रकृतिका अन्तरदेशीय अपराधको अनुसन्धानमा सहयोग पुग्ने प्रहरीको विश्वास छ। तर, प्रहरीले विगतमा पनि पटक-पटक यस्तो अनुरोध गर्दै आए पनि सरकार पन्छिँदै आएको छ।

प्रहरीले चीन, मलेसिया, सायदी अरेबिया/युएई तथा स्पेनमा एसएसपी तहको कर्मचारीलाई प्रहरी सहचारी राख्न केही दिनअघि गृह मन्त्रालयलाई पत्राचार गरेको हो। नेपाल प्रहरीको भारतबाहेक अन्य देशमा प्रहरी सहचारी छैनन्।

सुन तस्करीलगायत पछिल्लो समय प्रहरीले अनुसन्धान गरिरहेको ठूला प्रकृतिका अपराधमा अन्तर्राष्ट्रिय गिरोहको संलग्नता देखिने गरेको छ। यस्तोमा अन्य देशसँग समन्वय नहुँदा अनुसन्धानका लागि समस्या हुँदै आएको प्रहरी अधिकारी बताउँछन्। कतिपय अपराधमा विभिन्न देशका गिरोहबीच सम्बन्ध देखिने गरेको छ।

विदेशमा नेपालीको उद्धार तथा अपराध अनुसन्धानका लागि प्रहरी सहचारी अनिवार्य हुँदै गएको प्रहरीको निष्कर्ष छ। 'संगठित प्रकृतिका अपराधमा अन्तर्राष्ट्रिय समूहको संलग्नता देखिन्छ, तर अनुसन्धानमा हामीलाई गाह्रो हुने गरेको छ,' प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायत भन्छन्, 'यही कारण प्रहरी सहचारीका लागि हालै गृह मन्त्रालयमा पत्राचार गरेका हौं।'

विगत २५ वर्षदेखि नेपाल प्रहरीले विभिन्न देशमा प्रहरी सहचारीको प्रस्ताव गर्दै आए पनि सरकारले यसको गम्भीरता बुझ्न सकेको छैन। खासगरी पररा्ष्ट्र र अर्थ मन्त्रालयकै अधिकारीले यसमा असहयोग गर्दै आएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। पछिल्लो सुन तस्करीकै घटनामा पनि प्रहरीले सहचारी नहुँदा अनुसन्धानमा उल्झन झेलिरहेको छ। सूचना संकलनका लागि प्रहरीका एक अधिकारी हडकङ जानुपरेको छ।

सुन तस्करी, साइबर अपराध, मानव बेचबिखन, लागुऔषध तथा वन्यजन्तु तस्करीका घटनाको स्वरूप फेरिँदै गएको र त्यसका लागि अन्तरदेशीय सहकार्य अत्यावश्यक बन्दै गएको प्रहरी अधिकारी बताउँछन्। खाडी तथा मलेसियामा मानवतस्करी तथा बेचबिखनका घटना धेरै हुने भएकाले ती देशमा सहचारीको प्रस्ताव गरिएको छ। खाडी देशबाट नेपालमा सुन तस्करी तथा हुन्डीका घटना पनि बढेका छन्।

चीनबाट नेपालमा सुन आउने तथा यताबाट वन्यजन्तुलगायतको अवैध कारोबार हुने गरेको छ। युरोपियन देशमा मानवतस्करीलगायतका घटना भएकाले सबै देशमा समन्वय गर्ने गरी स्पेनस्थित नेपाली दूतावासमा सहचारी राख्न प्रस्ताव गरिरहेको छ।

सरकारले आर्थिक बोझको कारण देखाउँदै सहचारी राख्ने प्रस्ताव त्यत्तिकै रोक्ने गरेको छ। तर, खर्चको तुलनामा एउटा कर्मचारी विदेशमा खटाउँदा त्यसबाट हुने सहजता धेरै महत्त्वपूर्ण हुने प्रहरी अधिकारी बताउँछन्।

अन्तरदेशीय अपराधको अनुसन्धानका लागि सुपुर्दगी सन्धि, पारस्परिक कानुन सहायता सन्धिमा पनि सरकारले चासो दिएको छैन। यसपटक सहचारीको विषयमा भने सरकार गम्भीर बन्ने प्रहरी अधिकारीको अपेक्षा छ। त्यस्तै, संयुक्त राष्ट्रसंघमा आफ्नो प्रतिनिधि नहुँदा राष्ट्रसंघीय शान्ति मिसनमा समस्या हुँदै आएको प्रहरी अधिकारी बताउँछन्।

सीमासँग जोडिएका विषयमा सहजीकरणका लागि सशस्त्र प्रहरी बलबाट पनि भारत र चीनस्थित नेपाली दूतावासमा प्रतिनिधि खटाउनुपर्नेमा गृह मन्त्रालयमा छलफल हुँदै आएको छ। सीमा सुरक्षाको प्रमुख जिम्मेवारी सरकारले सशस्त्र प्रहरीलाई दिएको छ। तर, समकक्षीसँग सहकार्य प्रभावकारी हुन सकेको छैन।

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सुर्यबिनायक, भक्तपुर

तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्री सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतसाथ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	साक्षी बस्नेको विवरण	धितो सुरक्षणको विवरण
१)	**नाम : त्रिसा खड्का बस्नेत** ठेगानाः भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स.का वडा नं. २ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ पतिः शैलेन्द्र खड्का ससुराः बालकृष्ण खड्का ना.प्र.नं.: २९-०१-०६५-०१०२० जारी मितिः २०६५/०३/२४ जि.प्र.का.: भक्तपुर	हरि कृष्ण खड्काको नाति, बालकृष्ण खड्काको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने शैलेन्द्र खड्का (ना.प्र.नं. १४९०३, जारी मितिः २०६०/०८/०९, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	त्रिसा खड्का बस्नेतको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं. २ख स्थित कित्ता नं. २७२९ को क्षेत्रफल ०-३-१-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२)	**नाम : मोहन थापा** ठेगानाः भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स.का वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बाबुः हरि बहादुर थापा बाजेः ठूले थापा पत्नीः अम्बिका थापा ना.प्र.नं.: १०८३६ जारी मितिः २०५३/०३/२७ जि.प्र.का.: भक्तपुर	हरि बहादुर थापाको बुहारी, मोहन थापाको पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने अम्बिका थापा (ना.प्र.नं.६४२९, जारी मितिः २०५८/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	मोहन थापाको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक नंखेल गा.वि.स वडा नं. १ख स्थित कित्ता नं. १०६१ को क्षेत्रफल ०-९-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३)	**नाम : पुस्कर के.सी.** ठेगानाः भक्तपुर जिल्ला, साविक गुण्डु गा.वि.स.का वडा नं. ४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०७ बाबुः पूर्ण बहादुर के.सी. बाजेः कृष्ण गोपाल के.सी. पत्नीः बबिता के.सी. ना.प्र.नं.: ७८७९ जारी मितिः २०५२/०८/१२ जि.प्र.का.: भक्तपुर	पूर्ण बहादुर के.सी.को बुहारी, पुस्कर के.सी. को पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ७ बस्ने बबिता के.सी. (ना.प्र.नं.२९३०१५-३, जारी मितिः २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	पुस्कर के.सी.को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक गुण्डु गा.वि.स वडा नं.४ स्थित कित्ता नं. ६३६ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

हजारभन्दा...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयले जनाएको छ। माराकेस, अगादिर, कासाब्लांका, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि प्रभावित भएका छन्। प्रभावित क्षेत्रका बासिन्दा मध्यरातमा घर छोडेर भागेका थिए। मराकेस, कासाब्लांकालगायत सहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन्। अहिले पनि अधिकांश मानिस घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन्। शक्तिशाली भूकम्पपछि शनिबार दिउँसो स-साना धक्का महसुस गरिएको सञ्चारमाध्यमले बताएका छन्।

भूकम्पपछि दश मिनेटसम्म बिजुली र टेलिफोन सेवा बन्द भएको थियो। सरकारी अधिकारीका अनुसार देशको एकतिहाइ भूभाग भूकम्पबाट प्रभावित भएकाले ज्यान गुमाउने र घाइते हुनेको संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ। भूकम्पले नराम्ररी प्रभावित भएका पर्वतीय क्षेत्रमा रहेका दुर्गम गाउँमा उद्धार कार्य निकै कठिन भएको छ। पुराना भवन भएका ती गाउँमा अकल्पनीय विनाश भएको अनुमान गरिएको छ। ती स्थानमा उद्धारकर्ता पुग्न केही दिन लाग्न सक्छ। क्षति तथा हताहतीको पूर्ण विवरण आउन बाँकी छ।

यसैबीच, विश्वका विभिन्न देशका नेताले मोरक्को सरकारप्रति सहानुभूति प्रकट गर्दै सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। जी-२० शिखर सम्मेलनमा भाग लिने सिलसिलामा भारतको राजधानी नयाँदिल्लीमा रहेका बेलायती प्रधानमन्त्री ऋषि सुनकले मोरक्कोलाई आफ्नो देशले हरसम्भव सहयोग गर्ने बताएका छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मोरक्कोलाई सहयोग गर्ने प्रस्ताव गरेका छन् भने फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले पनि मोरक्कोका भूकम्पपीडित जनता र त्यहाँको सरकारप्रति ऐक्यबद्धता प्रकट गरेका छन्। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले मोरक्कोमा गएको भूकम्पका कारण भएको क्षतिप्रति शोक प्रकट गरेका छन्। उनले यथाशीघ्र स्पेनी उद्धार टोली मोरक्को पठाउने बताएका छन्। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि मोरक्को नरेश मोहम्मद छैटौँलाई शोक सन्देश पठाएर समवेदना व्यक्त गरेका छन्।

विराटनगरको...

पृष्ठ १ बाट क्रमशः

विराटनगरको दरैयालगायत विभिन्न खण्डमा गरी करिब ६ किलोमिटर ट्र्याकसमेत खोलिएको छैन। कतिपय ठाउँमा जग्गा अधिग्रहण नै बाँकी छ। तत्कालीन झोराहाट गाविस क्षेत्रको मुआब्जा विवाद अदालतमा पुगेको थियो। हाल मुआब्जा विवाद सकिए पनि बजेट अभावले जग्गासमेत अधिग्रहण हुन सकेको छैन। ट्र्याक खोलिएका कतिपय ठाउँ पनि पुरिएर सडकको स्वरूपमा देखिँदैन। वर्षौंसम्म सडकले पूर्णता नपाएपछि कटहरी क्षेत्रमा स्थानीयले ट्र्याक नै पुरेर खेतीपाती गर्न थालेका छन्। हात्तीमुढादेखि रानीसम्म खोलिएको ट्र्याक पुरिएको छ। २५ किलोमिटर ग्राभेल र १२ किलोमिटर कालोपत्रे पनि भत्किन थालिसकेको छ।

पूर्वाधार विकास कार्यालय मोरङका प्रमुख सुशीलकुमार श्रेष्ठका अनुसार २६ वर्षअघि ४२ करोड ७१ लाख लागत अनुमान गरिएको सडक जग्गा अधिग्रहणमा भएको ढिलाइ र निर्माण सामग्रीको मूल्यवृद्धिका कारण अब अनुमानित पाँच अर्ब पुगेको छ। सहरी विकास कार्यालयले २५ करोड र पूर्वाधार विकास कार्यालयले ३५ लाख खर्च गरेका छन्।

विराटनगरमा बढ्दो सवारी आवागमनको चापलाई कम गर्न 'बाइपास रोड' आवश्यक ठानेर २६ वर्षअघि नै चक्रपथको डिपिआर तयार गरी निर्माण थालिएको थियो। ०५४ मा तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदारले चक्रपथको शिलान्यास गरेका थिए। तर, पटक-पटक मन्त्री र उपप्रधानमन्त्री बनेका गच्छदारले निर्माण पूरा गराउन सकेनन्। सरकारी ढिलासुस्ती र जग्गा अधिग्रहणको समस्यासँगै बजेटको अभावले चक्रपथ निर्माणले निरन्तरता पाउन सकेन।

दार्चुलाको...

पृष्ठ १ बाट क्रमशः

यसअघि सशस्त्र प्रहरीले चीनतर्फ हुम्लाको हिल्सा, मुस्ताङको नेचुङ, रसुवाको टिमुरे, सिन्धुपाल्चोकको तातोपानी र गुम्बा, दोलाखाको लामाबगर, संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोलासहित आठ ठाउँमा बिओपी स्थापना पुऱ्याइएको थियो। सो बिओपीका लागि एउटा भवन निर्माण गरिएको छ। नयाँ स्थापना भएको बिओपीबाट छिमेकी मुलुकहरू भारतको नाभिडाङ र चीनको ताक्लाकोट बजारनजिकै पर्छ। सुरक्षाका दृष्टिकोणले पनि त्यहाँ बिओपी स्थापनाका लागि लामो समयदेखि पहल हुँदै आएकोमा दुर्गम ठाउँ भएकाले ढिलाइ भएको हो।

बिओपी उद्घाटन कार्यक्रममा



गरिसकेको छ। तिंकरमा स्थापना भएको बिओपीसहित चीनतर्फ नौ र भारततर्फ दुई सय ४३ गरी बिओपीको संख्या दुई सय ५२ वटा पुगेको सशस्त्र प्रहरीका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

तिंकरमा सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा रहने बिओपी स्थापनाका लागि हेलिकोप्टरबाट १३ भदौमा आवश्यक बन्दोबस्ती र जनशक्ति दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशी, सशस्त्र प्रहरी बल नेपाल नं. ४३ रिजर्भ गण कैलाली तथा नं. ४४ गण दार्चुलाका गणपति, नं. ५० गुल्म छाङरुका गुल्मपति, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका जिल्लास्थित प्रमुखहरू तथा स्थानीयको समेत उपस्थिति थियो। सशस्त्र प्रहरीले गोरखाको नाकामा पनि बिओपी स्थापना गर्ने तयारी गरेको छ।

Panchakanya Rural Municipality
Office of the Rural Municipal Executive
Lakuribhanjyang,Nuwakot

Invitation for Bids

First Date of publication:- 2080/05/ 24 BS. (2023/09/10 AD.)

1. Invitation for Bids for the **Following activities (Works) of Panchakanya Rural Municipality Respectively:**

S N	Contract Package No.	Name of Project	Average Annual Turnover of the best 3 years over the last 10 years (NRs.) Millions	Minimum Work experience of similar size and nature Millions	Minimum Bid Capacity (NRs.)Millions	Cost of Bidding Document NRs	Bid Security NRs	Bid Validity Period	Remarks
1	PRM/ ROAD/01/ 080-081	Upgrading Works of Ghalebhanjyang-Lakuribhanjyang-Kalikasthan- 2 no. Ward Office Road	30.10	8.00	18.00	5,000.00	6,80,000.00	90 days	NCB Single-Stage: Two-Envelope Bidding
2.	PRM/ ROAD/02/ 080-081	Upgrading Works Of Satbise-Mangala - Todkebhanjyang Road, Panchakanya-4, Nuwakot	27.7	7.4	16.7	5,000.00	6,25,000.00	90 days	NCB Single-Stage: Single Envelope Bidding

S.N.	Last Date and Time for Bid Submission	Date and Time for Bid opening
1.	2080-06-23 (Tuesday, October 10, 2023) Time- Within 12:00 hr	2080-06-23 (Tuesday, October 10, 2023) Time- 13:00 hr

For more information, do visit PPMO's website ***www.bolpatra.gov.np/egp*** e-procurement section or contact at 9851129068, 9841423004.

Chief Administrative Officer

आइतबार २४ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एसिया कप

क्रिकेट महारथी भारत र पाकिस्तान आज भिड्दै

भारत र पाकिस्तानबीचको सुपर-४ को खेल वर्षाले प्रभावित पार्ने श्रीलंकन मौसम विभागको प्रक्षेपण, खेल प्रभावित भए एसिसीले रिजर्भ डेमा खेलाउने

कोलम्बो/ एसिसी एसिया कप २०२३ मा दोस्रोपटक आज पाकिस्तान र भारतबीच प्रतिस्पर्धा हुँदै छ। सुपर फोरको यो खेल कोलम्बोस्थित प्रेमदासा मैदानमा नेपाली समयअनुसार सवा तीन बजे सुरु हुनेछ। एकदिवसीय खेलको शीर्ष स्थानमा रहेको पाकिस्तानको कप्तानी बाबर आजमले गर्नेछन्। बाबर ब्याटिङतर्फ विश्व वरीयताको एक नम्बर खेलाडी हुन्। बाबरलाई फखर जमान, इमाम उल हक, मोहम्मद रिजवान, अघा सलमान, इफ्तिखर अहमेदलगायतले ब्याटिङमा साथ दिनेछन्। बलिङतर्फ साहिन साह अफ्रिदी, नसिम शाह, हरिस राउफजस्ता खेलाडी हुनेछन्।

विश्व वरीयताको तेस्रो स्थानका रहेको भारतको कप्तानी ओपनर रोहित शर्माले गर्नेछन्। रोहितलाई शुभमन गिल, विराट कोहली, श्रेयस ऐयर, ईशान किशन, हार्दिक पाण्ड्याले ब्याटिङमा साथ दिनेछन्। यसैगरी, बलिङतर्फ मोहम्मद सामी, मोहम्मद सिराज, कुलदीप यादव र रवीन्द्र जडेजाले पाकिस्तानी ब्याटरलाई चुनौती दिनेछन्। अघिल्लो खेलमा टोलीबाहिर रहेका जसप्रित बुम्राह फर्कन सक्छन्। यसअघि दुवै टोलीले समूह 'ए'मा नेपाललाई हराउँदै सुपर फोरमा स्थान बनाएका थिए।





एकदिवसीय एसिया कपमा भारत-पाकिस्तान खेल नतिजा

मिति	विजेता	नजिता	स्थान
१३ अप्रिल १९८४	भारत	५४ रन	शारजाह
३१ अक्टोबर १९८८	भारत	४ विकेट	ढाका
७ अप्रिल १९९५	पाकिस्तान	९७ रन	शारजाह
२० जुलाई १९९७	-	अनिर्णीत	कोलम्बो
२१ जुलाई १९९७	-	रद्द	कोलम्बो
३ जुन २०००	पाकिस्तान	४४ रन	ढाका
२५ जुलाई २००४	पाकिस्तान	५९ रन	कोलम्बो
२६ जुन २००८	भारत	६ विकेट	कराँची
२ जुलाई २००८	पाकिस्तान	८ विकेट	कराँची
१९ जुन २०१०	भारत	३ विकेट	दाम्बुला
१८ मार्च २०१२	भारत	६ विकेट	मिरपुर
२ मार्च २०१४	पाकिस्तान	१ विकेट	मीरपुर
१९ सेप्टेम्बर २०१८	भारत	८ विकेट	दुबई
२३ सेप्टेम्बर २०१८	भारत	९ विकेट	दुबई
२ सेप्टेम्बर २०२३	-	अनिर्णीत	पालेकेले

पाकिस्तान र भारतबीचको खेल भने वर्षाले प्रभावित हुँदा अंक बाँडिएको थियो। वर्षा हुनुअघि भारतले ४८.५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ६६ रन बनाएको थियो। पाकिस्तानका तीव्र गतिका बलर अफ्रिदीले चार तथा नसिम शाह र हरिस राउफले समान तीन विकेट लिँदा भारतले ठूलो स्कोर बनाउन सकेन। अत्यधिक वर्षा भएपछि दोस्रो इनिङ्स सुरु हुनै सकेन। यसपछि दुवै टोलीले समान एक अंक बाँडेका हुन्।

पानी पर्ने सम्भावना अत्यधिक, रिजर्भ डेमा खेल हुने

भारत र पाकिस्तानबीचको खेलमा वर्षा हुने अत्यधिक सम्भावना रहेको श्रीलंकाको मौसम पूर्वानुमान विभागले जानकारी दिएको छ। यसअघि पनि चिरपरिचित टोलीबीचको खेल वर्षाले प्रभावित भएपछि यसपटक एसिसीले विकल्प खोजेको हो। एसिसीले यदि वर्षाले खेल रोकिएको खण्डमा रिजर्भ डे (सोमबार)मा हुने बताएको छ। सोमबार खेल हुँदा अघिल्लो दिन रोकिएको स्थितिमै पुनः सुरु हुनेछ। यसअघि यस्तो नियम नभए पनि श्रीलंकामा अहिले वर्षाको समय हुँदा आइसिसीले विकल्प खोजेको हो।

वर्षाका कारण श्रीलंकामा भएका खेलहरू अनिर्णीत हुँदै आएका छन्। नेपाल र भारतबीचको खेल वर्षाकै कारण छोट्याइएको थियो। आइतबार कोलम्बोमा पानी पर्ने सम्भावना ९० प्रतिशत रहेको बताइएको छ। खेलको एक घन्टाअघिदेखि नै पानी पर्ने सम्भावना हुँदा टस समयमै नहुने अनुमान गरिएको छ। यस्तै, तापक्रम २६ देखि ३२ डिग्रीसम्म हुने बताइएको छ। कोलम्बोमा १७ सेप्टेम्बरसम्म वर्षा हुने अनुमान गरिएको छ।

बंगलादेश र श्रीलंकाको असन्तुष्टि

भारत र पाकिस्तानबीचको खेल रिजर्भ डेमा राखेपछि बंगलादेश र श्रीलंकाले असन्तुष्टि जनाएका छन्। बंगलादेशका प्रशिक्षक चन्डिका हाथुरुसिंघा र श्रीलंकन प्रशिक्षक क्रिस सिल्वरवुडले दुखेसो पोखेका हुन्। श्रीलंकन प्रशिक्षक एसिसीको यो निर्णयबाट आफू 'सरप्राइज' भएको बताउँछन्। 'रिजर्भ डेको कुरा सुन्दा सरप्राइज भएँ।

हामी प्रतियोगिता आयोजनाको सहआयोजक हौं। त्यसैले केही पनि गर्न सक्दैनौं,' क्रिसले भनेका छन्, 'रिजर्भ डेमा कुनै टोलीले अंक पाउँछ भने हामीलाई त समस्या हुन्छ। तालिकामा हामी प्रभावित हुन्छौं,' क्रिसले दुखेसो पोखेका छन्।

बंगलादेशका प्रशिक्षक चन्डिकाले एसिसीको यो निर्णय ठीक नभएको बताएका छन्। 'मैले प्रतियोगिता जारी हुँदा नियम नै परिवर्तन भएको देखेको छैन,' चन्डिकाले भने, 'सहभागी सबै टोलीको टेक्निकल टोली एकै स्थानमा छ। सबैलाई राखेर यो निर्णय गर्नुपर्थ्यो। हामीलाई पनि एउटा रिजर्भ डे हुनुपर्थ्यो।'

भारतको सर्वाधिक ४४ खेल रद्द

एकदिवसीय इतिहासमा भारतको ४४ खेल रद्द भएको छ। भारतले हालसम्म एक हजार ३३ एकदिवसीय खेल खेल्दा ४४ पटक खेल अनिर्णीत बनेको छ। अधिकांश खेल वर्षाका कारण रद्द भएका छन्। केही खेल भने अन्य कारण रद्द भएका छन्। सर्वाधिक धेरै खेल रद्द हुनेमा भारत शीर्ष स्थानमा छ। दोस्रो स्थानमा न्युजिल्यान्ड रहेको छ। न्युजिल्यान्डले आठ सय ४ खेल खेल्दा ४२ खेल अनिर्णीत बनेको हो। श्रीलंकाले आठ सय ९६ खेल खेल्दा ३९ खेल रद्द भएका छन्। चौथो स्थानमा रहेको अस्ट्रेलियाको ३४ तथा पाँचौं स्थानमा रहेको इंग्ल्यान्ड र छैटौं स्थानको वेस्ट इन्डिजको समान ३० खेल रद्द भएका छन्। यसैगरी, पाकिस्तान र दक्षिण अफ्रिकाको समान २१, जिम्बावेको १३ तथा बंगलादेशको ९ र अफगानिस्तानको चार खेल अनिर्णीत भएका छन्।

खेल संक्षेप

कुङफुमा बागमती च्याम्पियन

काठमाडौं/ बागमती प्रदेशले छैटौं राष्ट्रिय उमा कुङफु प्रतियोगिताको उपाधि शनिबार जितेको छ। बागमती सर्वाधिक १९ स्वर्ण जित्दै समग्रमा टिम च्याम्पियन बन्यो। नेपाल उमा कुङफु संघद्वारा आयोजित प्रतियोगितामा १४ स्वर्णसाथ गण्डकी प्रदेश दोस्रो भयो। तेस्रो स्थानको कोशी प्रदेशले ७ स्वर्ण हात पाऱ्यो। प्याटर्नको पुरुषमा अपिल मोक्तान तथा महिलामा साइना महर्जन उत्कृष्ट खेलाडी घोषित भए। सान्डाको पुरुषमा दीपेश थिङ तथा महिलामा सन्तली थामी उत्कृष्ट खेलाडी चुनिए। उत्कृष्ट चारैले जनही १५ हजार नगद पुरस्कार हात पारेका छन्। विजेतालाई नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। यसअघि एकदिने प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले उद्घाटन गरेका थिए।

हकीको नेतृत्वमा शर्मा

काठमाडौं/ नेपाल हकी संघको दोस्रो केन्द्रीय महाधिवेशनले अनिलप्रसाद शर्माको नेतृत्वमा १६ सदस्यीय केन्द्रीय कार्यसमिति शनिबार निर्विरोध चयन गरेको छ। यसअघि शर्मा संघको कार्यवाहक अध्यक्ष थिए। मनीष झा, राजेन्द्रप्रसाद श्रेष्ठ, हिमाल खड्का र भगवती खड्का उपाध्यक्षमा चयन भएका छन्। सुवर्ण श्रेष्ठ महासचिव, असीम शर्मा सचिव र रामेश्वर घिमिरेले कोषाध्यक्षको जिम्मेवारी पाएका हुन्। सदस्यमा कान्तुराम पनेरू, बाबुराम साह, निजामुद्दिन सिद्दिकी, अञ्जु प्रधान श्रेष्ठ, पवन केसी, सावित्री रजाली, मिलन केसी र हित गुरुङ चयन भएका छन्। यसअघि महाधिवेशनको परराष्ट्रमन्त्री एनपी साउदले उद्घाटन गरेका थिए।

हाप्किडोमा कालीबहादुर सर्वसम्मत

काठमाडौं/ नेपाल हाप्किडो संघको अध्यक्षमा पुनः कालीबहादुर घर्तीमगर निर्वाचित भएका छन्। शनिबार भक्तपुरमा भएको दोस्रो साधारणसभा तथा महाधिवेशनले अध्यक्षमा घर्तीमगरलाई सर्वसम्मत चयन गरेको हो। नयाँ कार्यसमितिमा बालनकुमार श्रेष्ठ, सुस्मिता गुरुङ, दिव्यराज गुरुङ र तारामाया थापा उपाध्यक्षमा निर्वाचित भएका छन्। इन्द्रबहादुर महरा महासचिव, भुवन बुढामगर उपमहासचिव, टीकाराम घर्तीमगर सचिव चयन भएका छन्। खयरगोली उपसचिव, विजयाकुमारी वाइबा कोषाध्यक्षमा चयन भए। सदस्यमा मोहम्मद मोहसिन हलवाई, नीमबहादुर खत्री क्षेत्री, रवि सुनार, खेम पुन र प्रेमकुमार लामा रहेका छन्।

भलिबल प्रशिक्षक हान नेपाल आइपुगे

काठमाडौं/ चीनमा हुने एसियाली खेलकुद तथा श्रीलंकामा आयोजना हुने काभा पुरुष भलिबल च्यालेन्ज कपका लागि नेपाली टोलीलाई प्रशिक्षण दिन नेदरल्यान्ड्सका प्रशिक्षक हान एबिङ नेपाल आइपुगेका छन्। नेपाली राष्ट्रिय भलिबल टोलीका प्रशिक्षक जगदीश भट्ट र ट्रेनर रुपेश विष्टले हानलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए। अन्तर्राष्ट्रिय भलिबल फेडेरेसनको सहयोगमा हान नेपाली पुरुष भलिबल टोलीलाई प्रशिक्षण गराउन आएका हुन्। हानले यसअघि सन् २०१९ मा पनि नेपाली टोलीलाई प्रशिक्षण गराएका थिए। हानले पछिल्लोपटक बोत्वानाको टोली हेरेका थिए। एसियाली खेलकुद ६ असोजबाट हुँदै छ।

नेमार ब्राजिलको सर्वाधिक गोलकर्ता

महान् खेलाडी पेलेलाई उछिन्दै युवा खेलाडी नेमार ब्राजिलको सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा उक्लिए

एजेन्सी/ सर्वकालीन महान् खेलाडी पेलेलाई उछिन्दै युवा खेलाडी नेमार ब्राजिलियन राष्ट्रिय फुटबल टोलीको सर्वाधिक गोलकर्ता बनेका छन्। शनिबार बिहान बोलिभियालाई ५-१ ले हराउँदा नेमारले दुई गोल गर्दै पेलेको कीर्तिमान तोडेका हुन्। यस खेलसँगै ब्राजिलले सन् २०२६ को फिफा विश्वकप छनोटमा विजयी सुरुवात गरेको छ।

बोलिभियासँगको खेलसँगै नेमार ब्राजिलको सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा उक्लिएका हुन्। पेलेले सन् १९५७ देखि १९७१ सम्म ब्राजिलका लागि ९२ खेलमा ७७ गोल गरेका छन्। अब नेमारले पेलेलाई पछि पारेका छन्। सन् २०१० देखि टोलीमा रहेका नेमारले एक सय २५औं खेल खेल्दै ७९ गोल पूरा गरेका हुन्। ५६ असिस्ट नेमारको नाममा छ। पेलेको ८२ वर्षको उमेरमा गत डिसेम्बरमा देहवसान भएको थियो।



नेमार र पेलेपछि ब्राजिलका लागि सर्वाधिक गोल गर्ने तेस्रो खेलाडीमा रोनाल्डो पर्छन्। रोनाल्डोले सन् १९९४ देखि २०११ सम्म खेल्दा ९८ खेलमा ६२ गोल गरेका छन्।

रोनाल्डोपछि चौथो स्थानमा रोमारियो छन्। सन् १९८७ देखि सन् २००५ सम्म रोमारियोले ७० खेलमा ५५ गोल गरेका छन्। पाँचौं नम्बरमा जिको छन्। सन् १९७६ देखि १९५७ सम्म जिकोले ७१ खेल खेल्दै ४८ गोल गरेका हुन्।

ब्राजिलले बोलिभियालाई हरायो

ब्राजिलले विश्वकप छनोटको पहिलो खेलमा बोलिभियालाई ५-१ ले हराउँदै विजयी सुरुवात गरेको छ। खेलमा नेमारले दुई गोल गरे। यसअघि नेमारले खेलको १७औं मिनेटमा पेनाल्टी चुकाउँदा ह्याट्रिकबाट टाढा रहन पुगेका हुन्। नेमारको प्रहार गोलकिपर विली विस्काराले बचाएका थिए। यसै सिजन साउदी प्रो क्लब अल हिलाल पुगेका नेमारले ६१औं र ९० मिनेटपछिको इन्जुरी समयमा गोल गरेका हुन्। यसअघि युवा खेलाडी रोड्रिगोले २४औं र ५३औं मिनेटमा गोल गरेका हुन्। एक गोल राफिन्हाको नाममा रह्यो। बोलिभियाका लागि एक मात्रै गोल भिक्टर अब्रोगोले ७८औं मिनेटमा गरेका थिए। अघिल्लो दिन मात्रै अर्जेन्टिनाले इक्वेडरलाई हराउँदै तीन अंक जोडेको थियो।

ब्राजिलका सर्वाधिक पाँच गोलकर्ता

खेलाडी	खेल	गोल
नेमार	१२५	७९
पेले	९२	७७
रोनाल्डो	९८	६२
रोमारियो	७०	५५
जिको	७१	४८

युएस ओपन टेनिस

जोकोभिच र मेदभेदेव उपाधिका लागि भिड्दै

एजेन्सी/ युएस ओपन टेनिस प्रतियोगिताको पुरुष एकलतर्फ उपाधिका लागि नोभाक जोकोभिच र डानियल मेदभेदेव भिड्ने भएका छन्। अमेरिकन बेन सेल्टन सेलाई ३-० को सोझो सेटमा हराउँदै सर्वियन स्टार जोकोभिचले १०औं पटक फाइनलमा स्थान बनाएका हुन्। १७औं पटक युएस ओपन खेलिरहेका जोकोभिचले खेल ६-३, ६-२ र ७-६ (७-४) ले आफ्नो पक्षमा पारेका हुन्। जोकोभिच चौथोपटक युएस ओपन जित्ने लक्ष्यमा छन्। फाइनल आज हुँदै छ।

यता, साबिक विजेता स्पेनका कार्लोस अल्कारेजलाई ३-१ को सेटमा हराउँदै रसियन स्टार मेदभेदेव उपाधिनजिक पुगेका हुन्। आर्थर एस स्टेडियममा खेल तीन घन्टा १९ मिनेट चलेको थियो। मेदभेदेवले पहिलो दुई सेट ७-६ (७-३) र ६-१ ले आफ्नो पक्षमा पर्दा तेस्रो सेट ३-६ ले गुमाएका थिए। चौथो सेटमा सानदार ६-३ को जित निकाल्दै सन् २०२१ को विजेताले फाइनलमा स्थान बनाएका हुन्। यसैगरी, महिला एकलतर्फ उपाधिका लागि बेलारुसकी अर्याना साबालेन्काले अमेरिकाकी कोको गौफको सामना गर्ने पक्का भएको छ।

मेन्स डबल्सको उपाधि राजीव र सैलिसबरीलाई

मेन्स डबल्सको उपाधि अमेरिकाका राजीव राम र बेलायतका जो सैलिसबरीले जितेका छन्। फाइनलमा भारतका रोहन बोपन्ना र अस्ट्रेलियाका म्याथ्यु एबडेन पराजित भएका हुन्। राजीव र सैलिसबरीको जोडीले पहिलो सेट २-६ ले हारेको थियो। पुनरागमन जित निकाल्ने क्रममा दोस्रो सेट ६-३ र तेस्रो सेट ६-४ ले जित्दै खेल आफ्नो पक्षमा पारे। पछिल्लो दुवै सेटमा राजीव र सैलिसबरीको जोडीले सानदार प्रदर्शन गरेको थियो। लगातार तेस्रोपटक उपाधि जित्ने यो जोडी पहिलो बनेको छ। ४३ वर्ष ६ महिनाका भारतीय बोपन्ना ग्रान्डस्लाम फाइनलमा पुग्ने बढी उमेरका खेलाडीको कीर्तिमान बनाएका छन्।

३२ क्लबले एन्फा साधारणसभा बहिष्कार गर्ने

विधानविपरीत भर्चुअल साधारणसभा गराएको भन्दै असन्तुष्ट ३२ क्लबसहित बहुमत सदस्यले आज बस्ने अखिल नेपाल फुटबल संघ (एन्फा)को साधारणसभा बहिष्कार गर्दै

काठमाडौं/ असन्तुष्ट ३२ क्लबले अखिल नेपाल फुटबल संघ (एन्फा)को आज बस्ने विशेष साधारणसभा बहिष्कार गर्ने भएका छन्। एन्फाले भर्चुअल विधिबाट साधारणसभा राखेपछि असन्तुष्ट क्लबले विधानविपरीत हुन लागेको साधारणसभा बहिष्कार गर्ने बताएका छन्। 'विधानले जुम बैठक परिकल्पना गरेकै छैन। यो कार्य विधानविपरीत हो। त्यसैले बहिष्कार गर्छौं,' हिमालयन शेर्पा क्लबका अध्यक्ष कर्माछिरिङ शेर्पाले नयाँ पत्रिकासँग बताएका छन्।

६ असार ०७९ मा भएको चुनावी साधारणसभापछि पहिलोपटक एन्फाको साधारणसभा हुन लागेको हो। वेलावेला विभिन्न विवादपछि महत्त्वपूर्ण निर्णय हुन नसकेपछि पंकजविक्रम नेम्वाङको नेतृत्वले भुर्चअल बैठक राखेको छ। जसको विरोध केन्द्रीय सदस्यहरूले नै गर्दै आएका छन्।

एन्फा पूर्वअध्यक्ष शेर्पाले वर्तमान नेतृत्व आफ्नो महत्त्वाकांक्षा पूरा गर्न लागिपरेको आरोप लगाएका छन्। 'आफ्नो महत्त्वाकांक्षा पूरा गर्न जुम बैठक राखिएको छ। सबैलाई छलेर आफूअनुकूल लेखापरीक्षक नियुक्ति गर्न खोजिएको छ। भौतिक उपस्थिति हुन नसक्नुको कारण के ? हामी त्यो हुन दिँदैनौं,' शेर्पाले भने। एन्फाले दिउँसो ३ बजे भर्चुअल साधारणसभा राखेको छ। यता, असन्तुष्ट पक्षले बहुमत पुऱ्याउन नदिने योजना बनाएको छ।

एन्फाले शुक्रबार मात्रै ३२ क्लबसँग वार्ता गरेको थियो। तर, एन्फा र क्लबबीचको बार्ता निष्कर्षमा पुग्न सकेन। जसले नेपाली फुटबललाई दुर्घटनातर्फ बढाएको छ। क्लबहरूको असन्तुष्टिपछि एन्फाले आज बिहान ९ बजे आपत्कालीन कार्यसमिति बैठक बोलाएको छ।

एन्फा महासचिव किरण राईले भने ३२ क्लब नै साधारण सदस्य रहेको र एन्फालाई सहयोग गनुपर्ने नयाँ पत्रिकालाई बताएका छन्। उनले कार्यसमिति बैठकको निर्णय उल्टाउन नमिल्ने पनि बताए। ३२ क्लबले बैठक बहिष्कार गरे पनि संस्थापन पक्षले भने दोस्रोपटक बैठक आह्वान गर्दै साधारणसभालाई पूर्णता दिने तयारी गरेको छ।



कार्यसमितिको निर्णय उल्टाउन मिल्दैन

किरण राई, महासचिव, एन्फा

असार ६ गतेको साधारणसभाले नै लेखापरीक्षक नियुक्त गर्नुपर्थ्यो। त्यो विषय नै आएन। लेखापरीक्षक दुई वर्षका लागि नियुक्त भएको छ। समयावधि सकियो। विधानअनुसार पुरानै लेखापरीक्षकलाई नवीकरण गर्न मिल्ने भएकाले कार्यसमितिबाट सिफारिस गरेको हो। असारसम्मको सबै अडिट गर्नु छ। नियमित साधारणसभा गर्नुपर्छ, लेखापरीक्षकको नियुक्ति फिफा र एएफसीसँग सहकार्य गरेरै भएको हो। फिफाले एउटै एजेन्डा भएको र चाँडै अर्को साधारणसभा बोलाउने हुँदा भर्चुअल गर्न स्वीकृति दिएको छ। नियमित कामको एजेन्डा हो। कार्यसमितिले निर्णय गरेको विषयलाई उल्टाउन मिल्दैन। ३२ क्लब एन्फाको सदस्य हुन्। एन्फालाई सहयोग गर्नुपर्छ। हामी वैधानिक बाटोमा छौं। उहाँहरू वैधानिक बाटोमा हुनुहुन्न। भनै बहिष्कार गर्ने कुरा विधानसम्मत छैन।

बारम्बार भौतिक उपस्थिति गर्न माग

सहिद स्मारक लिगका ३२ क्लबले यसअघि पनि पत्र लेख्दै विशेष साधारणसभामा भौतिक उपस्थिति हुनुपर्ने माग राखेका थिए। तर, एन्फाले कुनै ठोस निर्णय लिन सकेन। उनीहरूले साधारणसभा भौतिक उपस्थितिमा नभए बहिष्कार गर्ने, एन्फाले दिनुपर्ने बक्यौता रकम नदिए कुनै पनि प्रतियोगिता नखेल्ने चेतावनी यसअघि नै दिएका थिए।

३२ क्लबले राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिव टंकलाल घिसिङलाई पत्र बुझाउँदै सहजीकरण गर्न अनुरोध पनि गरेका थिए। यसैगरी, महासचिव राई र कार्यवाहक अध्यक्ष वीरबहादुर खड्कालाई ध्यानाकर्षणपत्र बुझाएका थिए।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



ड्रग्सको रोकथाम तथा उपचारमा सहयोग चाहिएमा
सम्पर्क गर्नुहोस् ।
NARCONON NEPAL
नार्कोनन् नेपाल
The Only Narconon Drug Treatment, Rehabilitation & Prevention Center in South Asia
- बसन्त कुँवर/पुजा कुँवर
रिह्याव स्पेसलिस्ट
(अमेरिका, बेलायत, अस्ट्रेलिया बाट)
नि:शुल्क परामर्शका लागि
नार्कोनन् नेपाल
9851037529, 9745660707,9851048432
01-4377124, 01-4650054
E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com